# बास स्मारिका-२०७६


सम्पादक

नमस्कार शाह

सम्पादन सहयोगीहरु

मन भण्डारी

हेमराज भट्ट

व्यवस्थापन सहयोगी

छबिलाल सुनार, सिन्धु घर्त्वा,

शर्मिला थापा, शोभा थापा, शुद्ध चौधरी,

रुपा चौधरी, रबिन्द्र बोहरा

सल्लाहकार

केदार खड्का, रमेश सिटौला

प्रकाशक

**बास**

केन्द्रीय कार्यालय

नेपालगञ्ज - १०,

भृकुटीनगर, बाँके

फोन : ०८१-५२६१५४, ५२५५३८

Email :- bas.npj@gmail.com

website:- www.bascenter.org


# यस भित्र ...


About BAS १

सूचनाको हकः लोकतन्त्रको प्राणवायु ३

समाज, सदाचार र जीवन ६

धार्मिक, पर्यटकीय क्षेत्र बागेश्वरी ८

शिक्षा विगतदेखि आजसम्म १२

गैससहरूको आन्तरिक सुशासन १५

किन गर्दैन सरकार सार्वजनिक सुनुवाइ ? १७

विपद्का बेला युवा - विपद्का बेला युवा २०

समृद्धिका लागि जबाफदेहिता २३

युवाहरूको उत्प्रेरणा इन्स्पाइरिङ युथ २५

नेतृत्वका लागि सकारात्मक सोच २८

कमजोर सार्वजनिक उत्तरदायित्व ३०

नानीहरूलाई इमान्दार बन्न आग्रह ३४

को तन्नेरी ? ३७

भ्रष्टाचारीलाई बहिष्कार गरौँ ३८

होमस्टेबाटै धनी बनेको हिमालीगाउँ ४०

नेपालगन्ज बजारैमा.... ४२

इन्स्पाइरिङ युथ र मेरो यात्रा ४४

मर्चवारमा खटिँदाको अनुभव ४८

सरल स्वभावका जनप्रतिनिधि देविलाल ५१

धवलमा देवशमशेरका विम्ब ५४

# प्रकाशकीय

# प्रभावकारी सेवा र सरल व्यवहारको खाँचो

कुनै पनि निकाएको स्थापना जनतालाई सेवा, सुविधा प्रदान गर्नका लागिनैं हो । चाहे सरकारी निकाए होस्, चाहे गैर सरकारी होस् या त व्यापारिक संस्थाहरू, यी सबैले सेवा र बस्तु उपलब्ध गराउँछन् । फरक यति मात्रै हो, सरकारी र गैर सरकारी संस्थाहरूले बस्तु भन्दा सेवा बढी उपलब्ध गराउँदछन् भने व्यापारिक संस्थाहरूले सेवा कम, बस्तु बढी उपलब्ध गराउँदछन् । कतिपय सेवा निःशुल्क हुन्छन् भने कतिपय सेवाहरू सशुल्क हुन्छन् ।

कसले कस्तो सेवा प्रवाह गर्दछ, सेवाको गुणस्तर कस्तो हुन्छ, सेवा सर्वसुलभ छ कि छैन, सेवा प्रवाह गर्ने व्यक्तिको नियत, व्यवहार कस्तो छ ? लगायतका कुराहरूबाट उक्त सेवा प्रवाह गर्ने कार्यालय वा निकाएको मूल्याङ्कन गर्न सकिन्छ । सेवाग्राहीहरूको इच्छा, चाहना अनुरूपको सेवाको सर्वसुलभ उपलब्धतानैं सार्वजनिक सेवाको उत्कृष्ठता हो । बिना समस्या, बिना अवरोध निष्पक्ष र निस्वार्थ भावनाले सेवा सेवाग्राहीलाई सेवा दिनु सार्वजनिक सेवा प्रदायकको कर्तव्य हो । सायद यही कर्तव्यको बोध नभएर हुनुपर्छ नेपालको सार्वजनिक सेवा प्रवाह सन्तोषजनक छैन । सेवा प्रदायक निकाय र सेवा प्राप्तकर्ताहरू बीच गहिरो दूरी छ । सेवाग्राहीहरू सेवा दिनेबाट सन्तुष्ट छैनन् । यसका विभिन्न कारणहरू हुन सक्दछन् । सेवा उपयोग गर्ने सेवाग्राहीहरूको चाहना परिपूर्ति भयो भने मात्रै सेवा प्रदायक निकाय र सो निकायका प्रतिनिधिहरू माथि उनीहरूको विश्वास बढ्दै जान्छ, अन्यथा अविश्वास, द्वन्द्व कायम भइरहन्छ । जब एक, अर्काप्रति विश्वास बढ्दछ, अनि मात्र सहयोग आदान-प्रदान हुन्छ, अन्यथा सेवाग्राहीहरूले पनि सेवाप्रदायकलाई असहयोग गर्दछन् ।

यसरी सेवा प्रदान गर्दा सेवा के प्रदान गरियो, कति समयमा गरियो त्यसको छुट्टै मूल्याङ्कन हुन्छ नै । त्यस भन्दा पनि महत्त्वपूर्ण पक्ष भनेको सेवाग्राही सेवा लिन जाँदा सेवादायीले बोल्ने बोलिचाली, व्यवहार र नियत हो । जसबाट जो कोहीले उसप्रतिको आफ्नो धारणा बनाउँछ र उसले पनि आफ्नो धारणा कुनै न कुनै ढङ्गले अभिव्यक्त गर्दछ । यो पृष्ठभूमिमा नेपालका बहुसंख्यक सेवाप्रदायक निकायका कर्मचारीहरूको बोली–चाली र व्यवहारमै समस्या छ । यही पृष्ठभूमिमा सार्वजनिक अहोदामा बसेकाहरूलाई जबाफदेही बनाउनका लागि बास विगत १८ वर्षदेखि देशैभर क्रियाशील छ ।

गाउँ–समाज र राष्ट्रमा हुने गलत कामका विरुद्ध अब औंला ठड्याउनु पर्छ, सामाजिक थिचोमिचोका विरुद्ध बोल्नुपर्दछ भन्ने मान्यतासाथ स्थापित बासले भ्रष्टाचारविरुद्धको अभियान सञ्चालन गरिरहेको छ । विभिन्न अभियान, गतिविधिहरू सञ्चालन गर्ने क्रममा बासले भ्रष्टाचारविरुद्ध सञ्चार पैरवीको कार्य गर्दै आएको छ । सञ्चार पैरवी अन्तर्गत बासले हरेक वर्ष बास स्मारिका प्रकाशन गर्दै आएको छ । भ्रष्टाचारविरुद्धका गतिविधिहरू, लेख, रचनाहरू संग्रहित गर्ने र समग्रमा भ्रष्टाचारविरुद्ध सञ्चार पैरवी गर्ने उद्देश्यले प्रकाशन गरिँदै आएको बास स्मारिकाले पक्कै पनि भ्रष्टाचारका विरुद्ध प्रभावकारी सन्देश प्रवाह गरिरहेको छ । यस वर्ष पनि पुनः हामी बास स्मारिका–२०७६ मार्फत् यहाँहरू सामु प्रस्तुत भएका छौं । सदाभैँ यसपटक पनि आवश्यक सुझाव, सल्लाहको अपेक्षा गर्दछौं ।

Sitaula.

**रमेश सिटौला**
**अध्यक्ष**

# BAS Short Introduction



The Bageshwori Asal Shasan Club [BAS] (Bageshori Good Governance Club) is a youth-led non-governmental Organization (NGO), which was established by a group of active young citizens in 1998. BAS has been actively engaged in working against corruption, irregulars, delays of work, bribery, disorder and breach of rules to make the government aware of its duties and responsibilities, since BAS was established. BAS works in 72 districts in 7 Provinces of Nepal and has over 4,200 members. BAS organizes activities which tackle corruption, promotes public participation, Social accountability and transparency.

BAS has consistently succeeded in promoting good governance in Nepal through public awareness raising, campaigning, capacity building, lobbying, public discussion and civic mobilization.

**Our Vision :-**

To live in a society which is free of corruption.

**Our Mission :-**

To create a non Zero tolerant environment and organize the public hearing for the solution against kinships, disorder, bribery, corruption and irregular situation.

**Our Objectives :-**

- To increase awareness of good governance, to promote campaigns against corruption, disorder, irregular and working social change.
- To increase awareness about Good Governance and establish corruption free society.

- To create public mass to access services and facilities delivered by government agencies and non government agencies
- To organize relevant programs which make marginalised groups [ethnic groups, women, Dalit, Madheshi, Muslim, Disable, Risk Group] of society aware of the ir rights and entitlements,
- To media Advocacy for Good Governance.
- To conduct capacity building and skill development training for Youth, government officials, women, To increase Why Culture For anti-corruption.
- To organize public hearings on relevant issues relating to good governance.
- To empower Young People.

**Our Themietic Area :-**

God Governance/ Anti-corruption, Social Accountability [Publlic service Delivery, Right To information], Media Advocacy, Youth empowerment, Organizational Development, Social Justice, Social Cohesion.

**Our Work**

The goal of BAS is to create a corruption free society by increasing and mobilizing a sensitive energetic civic mass. BAS achieves this through six main programs :**Media Advocacy for Good Governance,** BAS produces a weekly newspaper called Good Governance weekly which highlightssome of the key issues of good governance in Nepal. BAS also publishes Different books, bulletins and also produces and presents three weekly radio shows relating to good governance and disability, BAS delivers regular **Social Accountability Activities** such as: Social audits of Different services, round table discussion on new government policy development, public hearings on Different issues which affect the most marginalised in society, exit polls to gather public opinion on the satisfaction of government services, citizen report card, community Score card, public grievance Redresal System, participatory monitoring, Right to information and public dialogue.

BAS delivers **Capacity Building Activities** targeted at building the skills, knowledge and confidence of **Youth** to enable them to contribute towards achieving the mission of BAS but also to empower **Youth** individually with skills for their lives and for future employment.

Bas organizes **Anti-Corruption Activities** complaints help line which deals directly with complaints from members of the public in a fair and independent way.

BAS also organizes a variety of **Public Awareness Activities** cultural programs, national day celebrations, Wall painting, Different quiz and street dramas.

**Who benefits from our work ?**

- General public to increase public participants for good governance.
- Government officials accountable and transparent for public.
- Women empowerment and skill development
- Young people Youth leadership.
- Disabled people raising awareness about disabled rights empowerment.
- People from marginalized groups in society raising awareness and how to access public service delivery.

# सूचनाको हकः लोकतन्त्रको प्राणवायु




**कृष्णहरि बास्कोटा**
प्रमुख, सूचना आयुक्त
**राष्ट्रिय सूचना आयोग**


**नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्ने र निजले तत्कालै सूचना उपलव्ध गराउनु पर्ने कानुनी व्यवस्था छ। यदि माग भएको सूचना संकलन गर्नु पर्ने भए सूचना अधिकारीले बढीमा १५ दिनभित्र उपलव्ध गराउनु पर्छ।**

पहिलोपटक सन् १७६६ मा स्वीडेनमा सूचनाको हकसम्बन्धी कानुन जारी भएको हो। सन् १९५१ मा फिनल्याण्डमा सूचनाको हकसम्बन्धी दोस्रो कानुन जारी भयो। यस क्षेत्रमा तेस्रो कानुन जारी गर्ने श्रेय संयुक्त राज्य अमेरिकालाई जान्छ। सो मुलुकले सन् १९६६ मा यो कानुन जारी गरेको हो। चौथोपटक सन् १९७० मा डेनमार्क र नर्बेले यो कानुन जारी थरेका हुन्। हाल विश्वका करिब १३० मुलुकमा यो कानुन जारी भएको छ।

दक्षिण एसियाको स्थिति हेर्दा पाकिस्तानमा सन् २००२ मा पंजाब र केपी प्रदेशले सूचनाको हकसम्बन्धी कानुन जारी गरेका हुन्। भारतमा यो कानुन सन् २००५ मा जारी भयो। त्यसपछि सन् २००७ मा नेपालमा र सन् २००९ मा बंगलादेशमा सूचनाको हकसम्बन्धी कानुन जारी भएको पाइन्छ। तत्पश्चात् सन् २०१४ मा अफगानिस्तान र माल्दिभ्समा यो कानुन जारी भयो। यसैगरी सन् २०१६ मा यो कानुन श्रीलंकामा जारी भयो। भुटानमा भने यो कानुन जारी भएको छैन।

नेपालमा जनआन्दोलन-१ पछि निर्मित तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १६ मा पहिलोपटक सार्वजनिक महत्त्वको सूचना नागरिकको हक स्थापित गरी यसलाई मौलिक हकको श्रेणीमा राखियो। यसैगरी जनआन्दोलन-२ को सफलतापछि निर्मित तत्कालीन नेपालको अन्तरिम संविधानको धारा २७ मा प्रत्येक नेपाली नागरिकलाई आफ्नो र सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हकको प्रवन्ध गरियो। २०६४ साल साउन २ गते तत्कालीन व्यवस्थापिका संसदबाट सूचनाको हकसम्बन्धी विधेयक पारित भयो। यो विधेयकलाई सभामुखले साउन ५ गते प्रमाणीकरण गर्नु भयो। यो ऐन प्रमाणीकरण भएको ३०औं दिन लागू हुन्छ भनिएकाले भदौ ३ गतेबाट लागू भयो।

नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रस्तावनाले नागरिकको सूचनाको हकको दिशा निर्देश गरेको छ। यसको प्रस्तावनामा राज्यका काम कारबाही लोकतान्त्रिक पद्दति अनुरूप हुनुपर्छ भनिएको छ। यसैगरी सार्वजनिक निकायका काम कारबाही खुला र पारदर्शी हुनुपर्छ। सार्वजनिक निकायका काम कारबाही नागरिकप्रति जवाफदेही र जिम्मेवारीपूर्ण हुनुपर्छ। सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु पर्छ भनिएको छ। साथै सूचनाको हकसम्बन्धी ऐनले नागरिकको सूचना माग्ने र पाउने हकको पूर्णरूपमा प्रत्याभूति प्रदान गरेको छ। जसको पुष्टि कानुनमा रहेका निम्न २ प्रावधानले गरेका छन्। (क) प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ। (ख) प्रत्येक सार्वजनिक निकायले नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु/गराउनु पर्नेछ। तर, सूचनाको हकसम्बन्धी ऐनको दफा ३ मा ५ प्रकारका सूचना प्रवाहमा बाध्य हुनु नपर्ने व्यवस्था छ। जो निम्नानुसार छन् :

शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने सूचनाहरू।

- अपराध अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने सूचनाहरू।
- आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पर्ने सूचनाहरू।
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सामाजिक सुसम्बन्ध खलल पार्ने सूचनाहरू।
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउज्यान, सम्पत्ति, स्वास्थ्य र सुरक्षामा खतरा पुऱ्याउने सूचनाहरू।

सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५ अनुसार नागरिकले सार्वजनिक निकायसँग सूचना माग्ने र पाउने प्रक्रिया उल्लेख गरिएको छ। जसअनुसार नागरिकले सूचना अधिकारी समक्ष सूचना माग गर्ने र निजले तत्कालै सूचना उपलब्ध गराउनु पर्ने कानुनी व्यवस्था छ। यदि माग भएको सूचना संकलन गर्नु पर्ने भए सूचना अधिकारीले बढीमा १५ दिनभित्र उपलब्ध गराउनु पर्छ। तर जीउज्यानको सुरक्षा सम्बन्धी सूचना २४ घण्टाभित्र उपलब्ध गराउनु पर्छ।

सूचना अधिकारीबाट सूचना प्राप्त नभए कार्यालय प्रमुख समक्ष उजुरी गरी ७ दिनभित्र सूचना प्राप्त गर्नुपर्छ। सो पनि नभए आयोगमा पुनरावेदन गर्नुपर्छ। सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमाबली, २०६५ अनुसार नागरिकले सूचना माग नगरेपनि सार्वजनिक निकायले ३/३ महिनामा नागरिकहरूको जानकारीका लागि सूचना प्रवाह गर्नु पर्छ। यसलाई स्वतः प्रकाशन भनिन्छ। यसको व्यवस्था निम्नानुसार रहेको छ :

सूचनाको हक सम्बन्धी ऐनको दफा ५(३) बमोजिम १३ वटा र नियमावलीको नियम ३ बमोजिम ७ वटा गरी २० शीर्षकमा ३/३ महिनामा आफ्नो निकायसँग सम्बन्धित विवरण सार्वजनिक गर्नुपर्छ। यस्तो विवरण (क) साउन-असोज (ख) कात्तिक-पुस (ग) माघ-चैत्र (घ) वैशाख-असारको प्रकाशित गर्नु पर्छ। तीन महिना पूरा भएको १५ दिनभित्र प्रकाशित गरी एक प्रति आयोगमा पनि पठाउनु पर्छ।

यस्तो विवरण website मा राख्ने, बुलेटिनमा प्रकाशित गर्ने, सूचना पाटीमा टाँस गर्नेलगायतका विधि अपनाउनु पर्छ। नागरिकले यी कुराको पारख गरी सूचना हासिल गर्नुपर्छ।

सूचनाको हकसम्बन्धी ऐन अनुसार प्रत्येक सार्वजनिक निकायले जनताले माग गरेको सूचना प्रवाह गर्न सूचना अधिकारीको अनिवार्य व्यवस्था गर्नु पर्छ। जसअनुसार प्रत्येक निकायमा सूचना अधिकारी तोकिएको हुन्छ। यस्तो सूचना अधिकारी प्रमुखपछिको पहिलो वा दोस्रो ज्येष्ठ कर्मचारी हुनेछ। कार्यालय प्रमुखले सूचना अधिकारीलाई नियमित रूपमा सूचना उपलब्ध गराउने कानुनी व्यवस्था छ। कुनै किसिमले सूचना अधिकारी रिक्त भए अधिकतम् ७ दिनभित्र अर्को व्यक्तिलाई तोक्नु पर्छ। सूचना अधिकारीको फोटो र सम्पर्क नम्बर 'वेभसाईट' को अग्रपृष्ठमा राख्नुपर्छ। सूचना अधिकारीको सम्पर्क नम्बर र फोटोसहितको फ्लेक्सबोर्ड कार्यालय परिसरको अग्रभागमा टाँस गरिएको हुन्छ। सो हेरेर निजसँग सूचना माग्नुपर्छ। यसैगरी सूचनाको हकसम्बन्धी ऐन, २०६४ मा नागरिकले सम्बन्धित निकायबाट सूचना पाउन नसकेका राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्न पाउने व्यवस्था छ। जस अनुसार आयोगले पुनरावेदनको कारबाही र किनारा गर्न सम्बन्धित प्रमुख/सूचना अधिकारीसँग बयान लिन सक्छ। कुनै लिखत पेश गर्न लगाउन सक्छ। सो सम्बन्धमा साक्षी प्रमाण बुझ्न सक्छ। आयोगमा पक्ष, विपक्ष, निजका प्रतिनिधि वा सम्बन्धित कानुन व्यवसायीलाई उपस्थित गराउन सक्छ। यस अतिरिक्त राष्ट्रिय सूचना आयोगको आदेशसमेत अटेरी गरी नागरिकले माग गरेको सूचना नदिने पदाधिकारीलाई निम्नानुसार सजाय हुन्छ :

## सूचनाको हकसम्बन्धी ऐन अनुसार प्रत्येक सार्वजनिक निकायले जनताले माग गरेको सूचना प्रवाह गर्न सूचना अधिकारीको अनिवार्य व्यवस्था गर्नु पर्छ।

- बिनाकारण सूचना नदिनेलाई आयोगबाट २५ हजार रूपैयाँसम्म जरिवाना हुन्छ।
- त्यसपछि आयोगले विभागीय कारबाहीकालागि लेखी पठाउँछ।
- सूचना दिन ढिला गरेकोमा प्रतिदिन दुई सय रूपैयाँका दरले जरिवाना हुन्छ।
- सूचना दुरूपयोग गर्नेलाई २५ हजार रूपैयाँसम्म जरिवाना हुन्छ।
- आयोगको आदेश पालना नगर्नेलाई दश हजार रूपैयाँसम्म जरिवाना हुन्छ।

सूचना मागकर्ता नागरिकले सूचनाबापत दस्तुर तिर्नुपर्ने कानुनी व्यवस्था छ। जसअनुसार सूचना मागको निवेदन निशुल्क दर्ता गरी निस्सा दिनुपर्छ। निवेदनमा हुलाक टिकट टाँस गर्नु पर्दैन। पहिलो १० पृष्ठको सूचना निशुल्क प्राप्त हुन्छ। त्यसपछि A4 size को प्रति पृष्ठ रु. ५।-, A3 size को १०।-, डिस्केट वा सिडीमा सूचना लिँदा प्रति सिडी वा डिस्केटबापत रु. ५०।- र सूचनाको अध्ययन अवलोकनको पहिलो आधा घण्टा निशुल्क, त्यसपछिको प्रतिव्यक्ति एक घण्टाको रु. ५०।-दस्तुर तिर्नु पर्छ। योबाहेक अन्य दस्तुरको हकमा लागेको खर्च अनुरूप दस्तुर तिर्नुपर्छ। साथै नेपालको संविधानको धारा २७, सूचनाको हकसम्न्धी ऐन, २०६४ र नियमाबली, २०६५ अनुसार कुनै पनि सार्वजनिक निकायले निम्न दायित्व पूरा गर्नुपर्छ :

- आफ्नो मन्त्रालय / आयोग/ समिति/ निकायलाई लोकतान्त्रिक पद्दतिमा संचालन गर्नु पर्छ।
- आफ्ना काम कारबाही खुला र पारदर्शी गर्नु पर्छ।
- नागरिकप्रति जवाफदेही र जिम्मेवार हुनु पर्छ।
- आफ्नो निकायमा रहेका सूचनामा नागरिकको पहुँचलाई सरल र सहज तुल्याउनु पर्छ।
- प्रवाह नगरिने ५ प्रकारका सूचना माग भएमा सो सूचना प्रवाह गर्नु नपर्ने उचित र पर्याप्त कारण नभए उपलब्ध गराउनु पर्छ।
- नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु पर्छ।
- सूचना प्रवाहमा दक्षता वृद्धि गर्न कर्मचारीलाई तालिम दिनु पर्छ।
- आफ्नो निकायका सामग्री राष्ट्रिय भाषामा तथा आम सञ्चार माध्यमबाट प्रकाशित र प्रसारित गर्नु पर्छ।
- आफ्नो निकाय सम्बन्धी कम्तिमा २० वर्षसम्मका सूचना अद्यावधिक गर्नु पर्छ।
- प्रत्येक ३/३ महिनामा २० बुँदे स्वतः प्रकाशन गर्नु पर्छ।
- सूचना अधिकारी तोक्नु, सूचना शाखा खडा गर्नु र सूचना अधिकारीलाई नियमित रूपमा सूचना उपलब्ध गराउनु पर्छ।
- सूचना अधिकारीसँग नागरिकले माग गरेको सूचना तत्काल उपलब्ध गराउन निर्देशन दिनु पर्छ। यदि तत्काल उपलब्ध गराउन नसकिने भए लिखित कारणसहितको पत्र जारी

गरी १५ दिनभित्रको समयमा सूचना उपलब्ध गराउने जानकारी दिनु पर्छ।

- सूचना अधिकारीले माग गरेको सूचना नदिएको भनी आफू समक्ष उजुरी परेमा ७ दिनभित्र सूचना उपलब्ध गराउनु पर्छ।
- नागरिकले सूचना पाइन भनी आयोगमा पुनरावेदन गरे आयोगले बयानको लागि बोलाउन सक्छ। कुनै लिखित पेस गर्न लगाउन सक्छ। यसमा सघाउनु पर्छ।
- आयोगले आफ्नो निकायमा रहेको सूचना अध्ययन र अवलोकन गर्न सक्छ, यसमा सघाउनु पर्छ।
- आयोगले आदेश, सुझाव र सिफारिस पठाउन सक्छ। यसको पालना गर्नु पर्छ।
- सार्वजनिक निकायले आयोगको काम कारबाहीमा सहयोग गर्नु पर्नेछ।
- सूचनाको वर्गीकरण गर्नु पर्छ।
- आफूसँग भएको व्यक्तिगत प्रकृतिको सूचना संरक्षण गर्नु पर्छ।
- आफ्नो निकायमा भएका सूचनामध्ये प्रवाह गर्न मिल्ने र नमिल्ने सूचना छुट्याएर राख्नु पर्छ।
- सूचनादाताको संरक्षण गर्नु पर्छ। सूचना प्रवाह गरेकै आधारमा कारबाही गर्नु हुँदैन।
- आफूले उपलब्ध गराएको सूचना दुरूपयोग भए आयोगमा उजुरी गर्नु पर्छ (दफा ३१)।

नागरिकका मौलिक हकका रूपमा रहेको सूचनाको हकको प्रभावकारी प्रचलनका लागि २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन जारी गरियो। सो ऐनको दफा ११ बमोजिम नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउन २०६५ साल वैशाख २२ गते एक स्वतन्त्र सूचना आयोग गठन भयो। पहिलोपटक गठित आयोगका पदाधिकारीको पदावधि सम्पन्न भएपछि यसै पंक्तिकार प्रमुख सूचना आयुक्तमा र २ जना सूचना आयुक्त पदमा नियुक्ति भई दोस्रो कार्यकालको आयोगले कार्यारम्भ गऱ्यो। यो कानुन २०६४ भदौ ३ गतेदेखि लागू भएकोमा २०७६ भदौ ३ गते १२ वर्ष पूरा भएको स्थिति छ। यस अवधिमा सूचनाको हकका क्षेत्रमा हासिल भएका केही महत्त्वपूर्ण उपलब्धि १२ बुँदामा प्रस्तुत गरेको छु।

**नागरिकका मौलिक हकका रूपमा रहेको सूचनाको हकको प्रभावकारी प्रचलनका लागि २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन जारी गरियो।**

१. विद्यार्थीले उत्तरपुस्तिका हेर्न पाउने व्यवस्था भएको छ।
२. लोकसेवा आयोग र शिक्षा सेवा आयोगको परीक्षामा सम्मिलित प्रतियोगीले प्राप्ताङ्क पाउने व्यवस्था भएको छ।
३. नेपाल सरकारले गर्ने द्विपक्षीय वा बहुपक्षीय सन्धी सम्झौतामा नागरिकले पाउने व्यवस्था भएको छ।
४. सूचनाको हक स्कुलको पाठ्यक्रममा समावेश भएको छ।
५. आयोगले राजनीतिक दल, संघीय मन्त्रालयलगायतका केन्द्रीय निकायका नाममा विशेष आदेश जारी गरेको छ।
६. आयोगले प्रदेश र स्थानीय सरकारका नाममा पनि विशेष आदेश जारी गरेको छ।
७. सरकारी तालिममा सूचनाको हक विषय अनिवार्य रूपमा समावेश गर्नु भनी आयोगले आदेश जारी गरेको छ।
८. आयोगको पहलमा जिल्लागत कार्यालयका प्रमुखबाट लिखित प्रतिबद्धता जाहेर भएको छ।
९. आयोगले विभिन्न व्यक्तिगत सरोकारको सूचना दिलाइदिएको छ।
१०. आयोगमा परेको पुनरावेदन र फछ्र्यौट स्थिति करिब ९९ प्रतिशत रहेको छ।
११. आयोगले प्रत्येक वर्ष सूचनाको हकको सफलताका कथा प्रकाशित गर्ने गरेको छ।
१२. सूचनाको हकको क्षेत्रमा आरटिआई अडिटलगायतका थुप्रै उपलब्धि हासिल भएका छन्।

यसरी सूचनाको हकका क्षेत्रमा नेपालले निकै उचाइ लिएको पाइन्छ। पछिल्ला दिनमा यस हकको प्रयोग गर्न नागरिक निकै जागरुक देखिएका छन्। तथापि प्रस्तुत विषयलाई अझ उचाइमा पुऱ्याउन निम्न काम हुन जरुरी छः

- नेपालको संविधानको धारा २७ मा नागरिकको सट्टा व्यक्तिलाई सूचना मागको हक दिनु पर्छ।
- संविधानमा सूचना माग्ने, पाउने र प्रवाह गर्ने व्यवस्था गर्नुपर्छ।
- प्रदेशिक सूचना आयोगको व्यवस्था गर्नु पर्छ।
- सूचना माग गर्दा प्रयोजन खुलाउनु पर्ने प्रावधान हटाउनुपर्छ।
- निजी क्षेत्र र गैससलाई पनि स्पष्ट भाषासहित कानुनभित्र पार्नुपर्छ।
- सूचना मागको कार्यविधिलाई सरल तुल्याउनु पर्छ।
- इमेलबाट पनि सूचना माग्ने र पाउने कानुनी व्यवस्था गर्नुपर्छ।
- खुला सरकारी तथ्यांकको प्रावधान सूचनाको हकसम्बन्धी ऐनमा समावेश गर्नुपर्छ।
- सूचना अधिकारीलाई उत्प्रेरित गर्ने प्रावधान कानुनमा राख्नु पर्छ।
- सूचना मागको निवेदनमा सरकारले निशूल्क सूचना दिनसक्ने प्रावधान थप्नु पर्छ।
- आयोगका पदाधिकारीको नियुक्तिका लागि सिफारिश गर्ने समितिमा विपक्षी दलका नेता रहने कानुनी व्यवस्था गर्नुपर्छ।
- आयोगका पदाधिकारीले प्रधान न्यायाधीश समक्ष शपथ लिनु पर्छ।
- सूचनाको वर्गीकरण गरिसक्नु पर्ने समयावधि ३ महिना किटान गर्नुपर्छ।

यस अतिरिक्त ३/३ महिनामा स्वतः प्रकाशन नगर्नेलाई दण्ड गर्ने प्रावधान थप्ने जस्ता प्रयासबाट संविधान, ऐन र नियमावली उन्नत हुन पुगी लोकतन्त्रको प्राणवायुका रूपमा रहेको सूचनाको हकमार्फत् आम जनताले लोकतन्त्रको अनुभूति गरिरहने छन्।

-०-

# समाज, सदाचार र जीवन



गोपीनाथ मैनाली

**समाज व्यक्तिवादी सोचको हाबी छ। व्यक्ति सेवा, श्रम, सीप, साधना र सत्कर्ममा भन्दा क्षणिक स्वार्थ र लालसामा दौडिइरहेको छ। प्रत्येक जिम्मेवारीलाई अवसरका रूपमा लिने प्रवृत्ति मौलाएको छ।**

तिमीले सम्पत्ति गुमायौ भने खास केही गुम्दैन, स्वास्थ्य गुमायौ भने केही गुम्छ तर सदाचार गुमायौ भने सबैथोक गुम्छ। सम्पत्ति कमाउन सकिन्छ, स्वास्थ्योपचार गर्न सकिन्छ तर गएको आचरण कमाउन सकिन्न। दुराचारले कारक मात्र प्रताडित हुँदैन, समाजलाई नै बिगार्छ। गीतामा भगवान श्रीकृष्णले शास्त्र (नीति), कर्म (काम) र धर्म (आचरण) बाट मानवजीवनले सिद्धि प्राप्त गर्छ भनेका थिए। मानव समाजनीति, कर्म र आचरणबाट चल्ने हो।

सदाचार व्यक्तिको विवेक वा अन्तरात्मामा छिपेर रहने त्यस्तो शक्ति हो, जसले व्यक्तिलाई गलत काम नगर्न सचेत गराउँछ। सदाचारी मानिस अन्तरात्माको यही आवाजका कारण स्वार्थ, लोभ, लालसा, आग्रहजस्ता कमजोरीसँग सम्झौता गर्दैनन्। स्वार्थ, लोभ, लालसा, आशक्ति, आग्रह आदिलाई दबाउने सामर्थ्य वा अन्तरमूल्य नै सदाचारको जग हो। कसैले के भन्छ भन्दा पनि के गर्छ र उसप्रति के भनिन्छ भन्ने पक्षमा हुन्छ सदाचार संस्कृतिमा। कहिलेकाहीं सत्य र उचित कामका लागि परिवेश, समुदाय, समूहमा व्यक्ति एक्लै उभिने साहसमा रहन सक्नु पर्छ। किनकि, सदाचार सत् चरित्र हो, सत्चरित्र भन्दा दुष्चरित्रको फैलावट र क्षणिक शक्ति बढी देखिन्छ। सदाचारको संस्कृति नबसेकोको समाजमा पद, पैसा, प्रतिष्ठा र प्रेमको लोभमा व्यक्ति दुराचारी बन्ने गर्छ र सदाचार छायामा पर्छ।

महात्मा गान्धीले पनि श्रमबिनाको धन र चरित्रबिनाको ज्ञानलाई पाप मानेका छन्। अनुशासन र इमानदारीको सीमा लालसा, लोभ र आग्रहले भत्काउँछ, यसको विपरीत इमानदारी, अनुशासनलाई सदाचारले ऊर्जा दिन्छ। असल बुझाइ, असल विचार र असल कार्यले नै असल चाहना प्राप्ति हुन्छ। यो नै समाजको विवेकशील पुनर्निर्माणको प्रक्रिया हो, मानव सभ्यताको ईंटा यसैबाट थपिँदै जान्छ। वैयक्तिक स्वार्थ र लोभलाई सामूहिक फाइदामा समर्पण गर्ने शक्ति नै यही असल मानसिकता र असल आचरण हो, त्यो नै सदाचार हो। सार्वजनिक जीवनमा सदाचारको अपेक्षा औधी हुन्छ र जिम्मेवारीमा रहनेहरूबाटै सदाचारको अपेक्षा गरिन्छ। विद्वान पिटर ड्रकरले भनेका छन्,'व्यवस्थापनले राम्रो गर्ने हो, नेतृत्वले असल कार्य मात्र गर्ने हो।' मानिसहरू ठूलाले के भने भनेर वास्ता गर्दैनन्, के चाहिँ गरे भनेर सम्झिरहन्छन्। महान् व्यक्ति र असल समाज भनेर होइन, गरेर महान् वा असल बन्ने हो। महानता चाहेर पाइन्न, कर्म र समर्पणले निर्माण गर्छ।

बोली र व्यवहार, मूल्य र सिद्धान्तसँग मेल खाएमात्र सदाचारिता भेटिन्छ। अर्थात् सार्वजनिक जीवनमा रहनेहरू सर्वसाधारणका हितविमुख रहन सक्तैनन्। यसभन्दा बढी सदाचारको अर्थ वा बुझाइ रहँदैन। दुराचार सत्य (मूल्य) बाट टाढा रहन्छ। दुराचार गराइबाट मात्र होइन, सोचाइ, बुझाइ, हेराइ र देखाइमा पनि हुने गर्छ। कसैलाई 'इमोसनल इन्जुरी' पार्नु पनि बेइमानी हो। विश्वासिलो, नैतिक सदाचारी बन्नु नैतिक संस्थाको कर्तव्य हो, नैतिक संस्था नैतिकपात्रहरूको कर्तव्यको परिणाम हो। तर समाजमा सदाचारभन्दा दुराचारको संस्कृति छिटो निर्माण हुन्छ, विस्तार छिटो हुन्छ। दुराचार संस्कृति संस्थागत भएको समाजमा सदाचार निर्माण गर्न धर्मयुद्ध नै गर्नुपर्छ।

समाज व्यक्तिवादी सोचको हाबी छ। व्यक्ति सेवा, श्रम, सीप, साधना र सत्कर्ममा भन्दा क्षणिक स्वार्थ र लालसामा दौडिइरहेको छ। प्रत्येक जिम्मेवारीलाई अवसरका रूपमा लिने प्रवृत्ति मौलाएको छ। अवसरका उछिनपाछिनमा रिस, राग र द्वेष हुर्किएको छ। प्रत्येक पेसामा व्यावसायिक मूल्य होइन, प्रतिस्पर्धा र उछिनपाछिन छ। प्रत्येक पेसामा पेसागत व्यावसायिकताका लागि प्रतिस्पर्धा हुन सके मात्र पेसा अब्बल हुन्छ, जिम्मेवारी निखारिन्छ र संस्थाहरू नैतिक बन्छन्। व्यावसायिक धर्म

नभित्रिएको प्रतिस्पर्धाले कला, राजनीति, सार्वजनिक सेवा, समाज सेवा र अरू विधा सबै मूल्यबाट पर पुग्दैछन्।

प्रशासनिक सौदाबाजीले लोभको माखेसांग्लो नै गुथ्न सक्छ। लोभले पाप जन्माउँछ। यसर्थ संस्थाहरू आदर्श बनाउन लोभ लालसा त्याग्न सक्ने शक्ति जरुरी छ। सामाजिक प्रणालीको पहिलो तत्व व्यक्ति हो। व्यक्ति असल नभए परिवार असल बन्दैन। सत्कर्मी आमाबुबाबाटै सत्कर्मी सन्तानको निर्माण हुन्छ। परिवार सबै भन्दा शक्तिशाली सामाजिक संगठन हो। परिवारले व्यक्तिलाई दिएको शिक्षा, सामाजिकता, संस्कार र सिकाएका कुराबाटै समुदाय, समाज र संगठन समृद्ध बन्ने हो। सदाचार, अहिंसा, माया, संस्कार, व्यवहार सबै नै परिवारको पाठशालाबाट सिकिने विषय हुन्। व्यक्तिवादी सोच, स्वार्थ, आग्रह, ईर्ष्या, द्वेषजस्ता कुलतको हाबी हुँदा समाजमा मानवीय मूल्य, असल सोच, सत्कर्म किनारा पर्छ। क्षणिक उपलब्धि र प्राप्तिका लागि आत्मिकता र शाश्वत् पक्षलाई पाखामा पारिन्छ। जब व्यक्ति आत्मिक चेतबाट च्युत हुन्छ, पाप/धर्म, नैतिक/अनैतिक, उचित/अनुचित परिगेल्नेतर्फ लाग्दैन, फगतआफू केन्द्रित हुन्छ। मूल्य र मानकहरू भत्काउन थाल्छ।

उसका व्यवहार आफ्नै सुखसयलका लागि हुने गर्छन्। त्यसको प्रभाव समाज, समुदाय हुँदै सार्वजनिक संगठनसम्म फैलिन पुग्छ र प्रणालीहीन अवस्था सिर्जना हुन्छ। नकारात्मकताको हाबी हुन्छ। प्रावधान मात्र हुने तर प्रणाली नहुने, जिम्मेवारी तोकिने तर अकर्मण्यता देखिने, क्षमता हुने तर उपयोग नहुने, संगठन हुने तर संस्थागत उदासीनता हुने, ज्ञान हुने तर आत्मिक चेतना नहुने स्थितिमा समाजले गुमाउने मात्र गर्छ। सर्वत्र मूल्य स्खलित भएपछि नीति, कानुन, दण्डविधानजस्ता औपचारिक पक्षनिर्वल हुन्छन् र समाजले विनिर्माणको मागगर्दछ, विवेकशील विनिर्माणको माग।

**व्यक्तिलाई सदाचारबाट च्युत बनाउने कारकहरू छन्। लोभ नै त्यसको मूल जड हो, पैसाप्रतिको लोभ, पदप्रतिको लोभ, पावरप्रतिको लोभ र प्रेमप्रतिको लोभ।**

घरघरबाटै असल अभियान थाल्नुपर्छ। वैयक्तिक निर्णय वा व्यवहारलाई नैतिकमूल्य र मानकले प्रभाव पार्छ। व्यक्तिगत तहमा स्पष्ट आचार विधिनिर्धारण भएपछि नै समाज र संस्था निर्माण गर्न सकिने हो। व्यक्ति खुला र इमानदार बन्ने हो, कुनै कुरा नलुकाउने र दृढ बन्ने हो, सदाचारी बन्ने हो। त्यसपछि व्यक्तिलाई नराम्रो सोच्न, गर्न र भन्न विवेकले इजाजत नै दिँदैन। सबै परिवेशमा व्यक्ति अनुशासित, आत्मसंयमी र इमानदार बन्छ। सकारात्मक बन्छ। मूल्य र आदर्शका अनुयायी नै सदाचारी हुन्। सदाचारीहरू भन्न होइन, गर्न रुचाउँछन्। वाहवाही र प्रचारमा कत्ति पनि रमाउँदैनन्। नोलान कमिसनले सार्वजनिक जीवनका सात सिद्धान्तहरूमा सदाचारलाई महत्त्वका साथ प्राथमिकतामा राखेको छ। उसले भनेको छ : सार्वजनिक पदाधिकारीले काम गर्दा वैयक्तिक लोभ, लालच र स्वार्थबाट अलग रहनुपर्छ। जसले व्यावसायिक जीवनमा यो मानक अपनाउन सक्दैन, उसले आफ्नो जिम्मेवारी र पदप्रति न्याय गर्दैन। सेवाग्राही र सर्वसाधारणको विश्वास जित्दैन। र अन्ततःआफ्नै विवेकप्रति पनि न्याय गर्दैन।

व्यक्तिलाई सदाचारबाट च्युत बनाउने कारकहरू छन्। लोभ नै त्यसको मूल जड हो, पैसाप्रतिको लोभ, पदप्रतिको लोभ, पावरप्रतिको लोभ र प्रेमप्रतिको लोभ। कानुनका छिद्र र तजविजी अधिकार प्रयोग गरेर ओहोदाधारीहरू लोभ पूरा गर्छन्। सार्वजनिक साधन र सम्पत्तिमाथि लोभ गर्न पुग्छन्। नाता र आफन्तको प्रभावमा परेर उनीहरूको लोभ पूरा गर्न पुग्छन्। प्रशासनिक जानकारी र सूचनाको चुहावट गरी संस्थालाई हानी गरी आफ्ना र आफन्तका लोभ पूरा गर्छन्। निष्पक्ष काम गर्नुपर्ने जिम्मेवारीका व्यक्तिहरू विचार, आस्था र आग्रहमा विभाजित भएर लोभ पूरा गर्छन्। निष्पक्षता नैतिकता पनि हो संस्थाको। त्यो नै भुलेपछि न्याय निष्पादन नै हुँदैन। कर्मनै निष्ठा र आचरण हो भन्नु पर्ने कर्मचारी अतिवृत्तिवादी प्रवृत्तिमा लिप्त भई वृत्तिलोभमा रमाउन पुग्छन्। प्रशासनिक सौदाबाजीले लोभको माखेसांग्लो नै गुथ्न सक्छ। लोभले पाप जन्माउँछ। यसर्थ संस्थाहरू आदर्श बनाउन लोभलालसा त्याग्न सक्ने शक्ति जरुरी छ।

सत्य, विवेक, कर्तव्य, स्वयम् उत्साह, दृढताजस्ता सद्गुण भित्याउन नागरिक शिक्षा र सामाजिक अभिमुखीकरण नै आवश्यक भइसक्यो। सामाजिक भावनाप्रति समर्पित, सार्वजनिक भावनाप्रति समर्पित, राष्ट्रिय भावनाप्रति समर्पित संस्कृति निर्माण गर्न सामाजिक अभियान नै चाहिन्छ। प्रत्येक व्यक्तिको डीएनए नै परिवर्तन गर्न जरुरी छ। परिवार, विद्यालय, समुदाय जतासुकै मानवमूल्य, दर्शन, परम्परा र संस्कृति, नैतिक आचरणको अभियान नै चाल्नुपर्छ। यो काम आफूबाट थाल्ने प्रण गरे मात्र पनि मानव सभ्यताका लागि ठूलो योगदान हुन पुग्छ। अनि मात्र कर्ममा विश्वास गर्ने समाज, ज्ञान सीप र क्षमताको अतिउत्तम उपयोग गर्ने कर्मचारी, नीति नेतृत्व दिने नेता, श्रम साधनामा आर्जन गर्ने व्यवसायी पाइन सकिन्छ। त्यसपछि गल्ती अरूको मात्र देख्ने होइन, आफैंबाट सुधार सुरु गर्ने संस्कृति निर्माण गर्न सकिन्छ।

*-अन्नपूर्ण पोष्टबाट*

# धार्मिक, पर्यटकीय क्षेत्र बागेश्वरी



**लोकेन्द्रबहादुर शाह**

आज भन्दा करिब २४४ वर्ष अगाडिदेखि बागेश्वरी नाग पर्वतमा श्रावण मालिका चतुर्दशीका दिन धुमधामका साथ वैदिक विधिपूर्वक बागेश्वरी देवीको पूजाआजा हुने, श्रदालु भक्तजनहरू एकादसीदेखि चतुर्दशीसम्म एकचित्त भावले ब्रत उपासन गरी रुद्री पूजासमेत गर्ने, चतुर्दशीका दिन बिहानैदेखि बाल, वृद्ध नरनारी भक्तजनहरूको उपस्थितिमा दिउँसो विशाल धार्मिक मेला लाग्ने परम्परा रहेको छ।

वि.सं. २०६७ सालको चतुर्दशी पर्वमा दर्शनार्थीहरूलाई दर्शन गर्ने उचित व्यवस्था नभएकाले केही असहाय महिलाहरूले चढाउन लगेको फलफूल अछेता भुँइमा पोखिन गयो उक्त घटनाबाट प्रेरित भएर उचित व्यवस्था मिलाउन सुरुमा पूजा समिति गठन गरी दर्शनार्थीहरूलाई शान्तिपूर्ण तरिकाले दर्शन गर्ने व्यवस्था मिलाइएको थियो।

यस धार्मिक क्षेत्रको भौतिक संरचनाको विकास गरी दर्शनार्थीहरूलाई दर्शन गर्न पाउने उचित व्यवस्था मिलाउने पवित्र उद्देश्यलाई आत्मसात् गरी मिति २०६८ साल भाद्र १ गते यस संस्थाको स्थापना भएको हो। यो मुनाफारहित आध्यात्मिक पवित्र संस्था हो।

**दानवताबाट मानवता, असभ्यताबाट सभ्यता, अन्धकार बाट उज्यालो, अनैतिकताबाट नैतिकता, दुर्व्यहारबाट सद्व्यवहार, दुराचारबाट सदाचार, दुष्चरित्रताबाट सच्चरित्रता, खराबबाट असल बन्न प्रेरित गर्ने आध्यात्मिक जगत हो।**

यस धार्मिक पर्यटकीय क्षेत्रको संरक्षण र विकास गर्ने अभिप्रायले नेपालको संघसंस्था दर्ता ऐन २०३४ को अधिनमा रही बागेश्वरी व्यवस्थापन समिति नाडा २०६८ गठन भई २०६९ असार १७ गते जिल्ला प्रशासन अछाममा दर्ता भएको थियो। सोही बमोजिम २०७० वैशाख ८ मा आन्तरिक राजस्व कार्यालय धनगढीबाट स्थायी लेखा नम्बर प्राप्त गरेको यो संस्था २०७१ मंसिर २८ मा समाज कल्याण परिषद् काठमाडौंमा समेत आबद्ध भइसकेको छ।

प्राकृतिक महिमा अलौकिक शक्तिको देन हो। आकाश, सूर्य, पृथ्वी, चन्द्रमा, तारा नक्षत्र, ग्रहलगायत प्राणी, वनस्पती, जलस्रोत, खनिज पदार्थ सम्पूर्ण ब्रहमाण्ड दैवी शक्तिकै परिणाम हो। विष्णु भगवानूले जगतको रक्षार्थ युग-युगमा पृथ्वीमा अवतार लिनुहुन्छ भन्ने धार्मिक शास्त्रमा उल्लेख छ।

श्री कृष्ण भगवानले गीतामा भन्नु भएको छ : "यदा यदा हि धर्मस्य ग्लानिर्भवती भारत, अभ्युत्थानम् तदात्मानम् सृजाम्यहम्।"

परित्राणाय साधुनाम विनाशायच दुष्कृताम्धर्म संस्थापनार्थाय सम्भवामी युगे युगे।"

यस क्रममा भगवान्का १० अवतार मत्स्य, कर्मठ, बराह, नरसिंह, बामन, पर्शुराम, राम, कृष्ण, बौद्ध, कलंकी र २४ अवतार यसै गरी विभिन्न देवीहरू शारदा, हंसवाहिनी, जगतमाता, बागेश्वरी, काली, महाकाली, दुर्गा, चामुण्डा, भैरवी, त्रिपुरेश्वरी, जाल्पादेवी, कौमारी, बरदायनी, बुद्धिरात्री, ब्रहमचारिणी, चन्द्रघण्टा, कात्यायनी, सिंहबाहिनी, मालिका आदि देवीहरू विभिन्न नाम र रूपमा विभिन्न समयमा संसारकै रक्षाका लागि अवतार लिनु भएको छ।

दानवताबाट मानवता, असभ्यताबाट सभ्यता, अन्धकारबाट उज्यालो, अनैतिकताबाट नैतिकता, दुर्व्यहारबाट सद् व्यवहार, दुराचारबाट सदाचार, दुष्चरित्रताबाट सच्चरित्रता, खराबबाट असल बन्न प्रेरित गर्ने आध्यात्मिक जगत हो। यही नै हाम्रो सर्वोच्च धरोहर हिन्दू दर्शन हो।

भारत र नेपालको उत्तरमा रहेको पर्वतको सेरोफेरोलाई हिमखण्ड, मानसरोवरखण्ड, केदारखण्ड, जालन्धरखण्ड, जम्बु कश्मिर खण्डमा विभाजन गरिएको छ। मानसरोवरखण्ड अन्तर्गत नेपालको सुदूरपश्चिम तथा मध्यपश्चिम क्षेत्र पर्दछ। पूर्वमा भेरी, कर्णाली, पश्चिममा महाकाली र नन्दा नदी, कुमाउ गढवाल सिमानासम्मको अवस्थित भूभागलाई मानसखण्ड भनिएको छ।

मानसखण्डभित्र मानस क्षेत्र, छापाक्षेत्र, ज्वालाक्षेत्र, वैजनाथ क्षेत्र, मालिका क्षेत्र, तितौडा, त्रिपुरापर्वत, बागेश्वरी नागपर्वत, बगलदेउ गौरीपर्वत क्षेत्र पर्दछन्। पौराणिक कथाका आधारमा पुराण मानसखण्डमा शिव

पार्वती कैलास पर्वतबाट वनविहार गर्न जाँदा शिवजीले पार्वतीलाई छलगरी अछाम गौरीपर्वत शिवगुफा बगलदेउमा लुकेपछि पार्वतीले शिवजीलाई खोज्दा–खोज्दै नभेटाई चिन्ता गर्न लाग्दा, त्रिपुरेश्वरी र बागेश्वरी देवीको दर्शन भई पार्वतीलाई शिवजी लुकेको गौरीपर्वत गुफा बगलदेउ बासुधारामा भएको बताएकी थिइन् र पार्वती गौरीगुफामा गई शिवजीसँग दर्शन भेट भई प्रशन्नताका साथ शिव–पार्वती कैलाशतर्फ लाग्नु भएको इतिहास छ। सोही बेलादेखि नागपर्वतमा बागेश्वरी, त्रिपुरापर्वतमा त्रिपुरेश्वरी र बगलदेउ शिवगुफा बासुधारामा शिव पार्वतीको पूजा अति प्राचीन समयदेखि भइरहेकोले यस क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्र भनिएको हो।

बागेश्वरी धार्मिक तथा पर्यटकीय क्षेत्र अछाम जिल्ला तुर्माखाँद गाउँपालिका वडा नं. ५ मोयाकाँडा र बुदे लेकको बीचमा पर्ने नागपर्वतमा श्री बागेश्वरी देवीको मन्दिर प्राचीन धार्मिक महत्त्व बोकेको यस क्षेत्रभित्र धवलपुरा देवताको मन्दिर र पुराना बागेश्वरीका मन्दिर स्थलहरू नागजस्तै तल माथि घुमेका साना–ठूला, अग्ला होचा अनेक पर्वत श्रृंखलाहरू रहेका साथै मनोरम हरियाली दृश्य, वन्यजन्तु र बसन्त ऋतुमा राष्ट्रिय फूल लाली गुराँस चौतर्फी फुलेको लालिम्यता हेर्न वर्षभरि सयौंको संख्यामा आगमन भइरहने साथै वर्षको दुईपटक लाग्ने धार्मिक मेलामा मन्दिरमा दर्शन गर्न आउने भक्तजन धार्मिक तीर्थयात्रीहरू समेतको घुइँचो लाग्ने हुँदा बृहत् क्षेत्र समेटिने गरी यस संस्थाको नाम दोस्रो साधारण सभाबाट बागेश्वरी धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्र विकास समितिको रूपमा परिवर्तन गरिएको छ।

२४४ वर्ष अगाडि धुर्ढाड्टा मौजाका मुखिया भगवती शाहीले पाएको बरदान स्वरूप मालिका जानु नपर्ने र मालिका चतुर्दशीका दिन बागेश्वरीकै पूजाआजा गर्नुपर्ने, ज्येष्ठ सन्तान नायक ठाकुर बागेश्वरीको मूलकर्ता भई त्रयोदशीको दिनदेखि एकाग्र चित्तले खडरात्री गरी पूजा गर्ने परम्परा रहेको छ। यस धार्मिक धाममा डोटी, कैलाली, सुर्खेत, दैलेखसमेतका दर्शनार्थी आउने र अछामको पूर्वीभेक नाडा, तुर्माखाँद, भैरवस्थान, रहफ, ढुंगाचाल्ना, बाँच्कोट, ढकारी, बलाँता, हिच्मा, तोषी, धमाली, रानीवन, मुली, कमल बजार, घोडासैन, लाची घेगण, बजगाउँसम्मका दर्शनार्थीहरू दर्शन गर्न आउने गर्दछन्, यहाँ दर्शन गर्दा विद्या, धन सम्पत्ति, पशुवस्तु, सन्तान तथा सुस्वास्थ्यको बरदान मिल्ने विश्वास रहेको छ।

**वैदिक विधिअनुसार पूजा हुने यस धार्मिक क्षेत्रमा पुरोहितहरूद्वारा वेदमन्त्र उच्चारण हुने, जय-जयकार गरिने, प्रसाद तिलक ग्रहण गर्ने परम्परा छ।**

वैदिक विधिअनुसार पूजा हुने यस धार्मिक क्षेत्रमा पुरोहितहरूद्वारा वेदमन्त्र उच्चारण हुने, जय–जयकार गरिने, प्रसाद तिलक ग्रहण गर्ने परम्परा छ। यस धार्मिक पर्यटकीय क्षेत्र नागपर्वतमा हाल ३ वटा मन्दिरहरू रहेका छन् – विशाल बागेश्वरी मन्दिर, बागेश्वरी हवनकुण्ड पुरानो मन्दिर र धवलपुरा मन्दिर। बागेश्वरीमा पुरोहित जयलाल उपाध्याय, धवलपुरामा पुजारी नरहरी जैशी, बागेश्वरी मन्दिरमा मूलकर्ता नायक ठाकुर डिलबहादुर शाहीका सट्टा भाइ मिनबहादुर शाही कर्ताको रूपमा काम गरिरहेका छन्। वि.सं. २०६९ देखि नै गणेश मूर्ति स्थापना गरी घोडासैन निवासी पद्माखर उपाध्यायलाई पुरोहितमा समितिले नियुक्त गरेको छ। बागेश्वरी मन्दिर तथा धवलपुराका कर्ता पुरोहित र पुजारी परम्परागत रूप कायम रहेका छन्।

भगवती शाहीले बागेश्वरी मूर्ति माथिल्लो अग्लो डाँडामा प्रतिस्थापन गरी परम्परागत रूपमा पूजा गरी रहेकोमा कसैले दूषित पारेपछि नायक ठाकुर जलहर शाहीका पालामा उनकै काहिँला भाइ मुखिया श्री गोकुल शाहीले बनाएको बागेश्वरी काष्ठ मन्दिर केही वर्षपछि जीर्ण भएपछि स्व. परमपूज्य बुबाज्यू पूर्णबहादुर शाहीले २०१० सालमा निजी स्रोतमा निर्माण गर्नु भएको बागेश्वरी मन्दिर हामी छोराहरूले निजीस्रोतमै मर्मत गरी समितिलाई २०७१ साउन २३ गते शुक्रबारमा हस्तान्तरण गरेका छौं। सोही मन्दिर हाल बागेश्वरी हवनकुण्ड रहेको छ।

यस समितिले ६ वटा साधारण सभा सम्पन्न गरिसकेको छ। प्रथम साधारण सभा २०६९ मंसिर १५ र १६ गते श्री जीवनोद्वार नि.मा.वि.बुदे नाडामा, दोस्रो साधारण सभा २०७१ भाद्र ७ गते श्री अष्टशिद्धी मा.वि. ढुंगाचाल्नामा, तेस्रो साधारण सभा २०७२ चैत्र १२ गते श्री कालिकेश्वरी मा.वि. तुर्माखाँदमा, चौथो साधारण सभा २०७३ असोज ८ गते बाँसकाँडामा, पाँचौं साधारण सभा २०७५ असार ९ गते तुर्माखाँदमा र छैटौं साधारण सभा २०७६ असार ३ गते तुर्माखाँदमै सम्पन्न भएको थियो। प्रथम साधारण सभा पूर्व माननीय रामबहादुर विष्टको प्रमुख आतिथ्यता तथा गोकर्ण बजगाइँको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको थियो भने दोस्रो साधारण सभा संयुक्त सप्त पण्डितहरू, तेस्रो साधारण सभा पूर्व जि.वि.स. सभापति भरतकुमार स्वाँर, चौथो साधारण सभा पूर्व माननीय शेरबहादुर कुवँर, पाँचौं साधारण सभा जिल्ला समन्वय समिति अछामका उपसंयोजक टोपबहादुर रावल र छैटौं साधारण सभा तुर्माखाँद गाउँपालिकाका अध्यक्ष पुष्पराज शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको

थियो। २०६८ साउन २२ मा बागेश्वरी पूजा समिति, २०६८ भाद्र १ गते बागेश्वरी व्यवस्थापन तदर्थ समिति, २०६९ मंसिर १५ मा बागेश्वरी मन्दिर व्यवस्थापन मूल समिति, बागेश्वरी मन्दिर व्यवस्थापन केन्द्रीय समिति हुँदै, दोस्रो साधारण सभाबाट २०७१ भाद्र ७ गतेबाट यस समितिको नाम श्री बागेश्वरी धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्र विकास समिति नागपर्वत नाडा अछाम रहेको छ।

यस संस्थाको समितिमा हाल २१ जना पदाधिकारी रहनुका साथै १२ वटा उपसमिति रहेका छन् भने २०५ जना आजीवन सदस्य र १८ जना साधारण सदस्य रहेका छन्। यस समितिले बागेश्वरी मन्दिर क्षेत्रलाई धार्मिक तथा पर्यटकीय क्षेत्रको रूपमा विकास गर्ने उद्देश्यले आधुनिक मनोरम तीर्थस्थलको रूपमा परिणत गर्न विशाल बागेश्वरी मन्दिरको निर्माण कार्य २०६९ भाद्रदेखि तत्कालीन जि.वि.स.अछामको इस्टिमेटको आधारमा प्रारम्भ गरेको थियो।

दर्शनार्थीहरूका लागि धर्मशाला, खानेपानी शौचालय, मनोरम उद्यान, घेरा पर्खाल साना मन्दिरहरू, धवलपुरा देवताको मन्दिर, गणेश मन्दिर, होमकुण्ड, होमशाला, प्रवचन मञ्च, देवीका ११ वटा स्तूपहरू, नाचन्थली र मोयाकाडाबाट आउने सिँढी, चौतारा आदि भौतिक संरचना निर्माण गर्ने उद्देश्य राखी श्रद्दालु भक्तजनहरू, साबिकका गा.वि.स., बाह्य संघसंस्था, सरकारी निकाय, जि.वि.स., पर्यटन विभाग, पर्यटन मन्त्रालय, राष्ट्रिय योजना आयोग, पुरातत्व विभाग समक्ष अनुरोध गरिएको थियो। २०७० चैत्र १२ मा मन्दिरको आठवटा बिमहरू राखी सुरु गरिएको मन्दिर निर्माण कार्यमा तत्कालीन नाडा गा.वि.स.को वडा नम्बर ४, ९ र ६ का स्थानीयहरूको श्रमदान रह्यो भने २०७१ असार ६ मा मन्दिरको पहिलो तलाको ढलानमा नाडा र ढुंगाचाल्ना मोयाकाँडावासीहरूको श्रमदान रहेको थियो। त्यसैगरी २०७१ चैत्र २७ मा दोस्रो तला ढलानको श्रमदान नाडा र ढुंगाचाल्ना मोयाकाडाँवासीबाट श्रमदान भएको थियो।

**संस्थाले सामाजिक कुरीति, विसंगति, भेदभाव, रुढी अन्धविश्वासविरुद्ध चेतनामूलक कार्यक्रममा विशेष जोड दिँदै आएको छ।**

श्रावण मालिका चतुदर्शी पर्वका दिन दर्शनार्थीहरूलाई उचित समयमा दर्शन गर्न पाउने व्यवस्थाका लागि स्वयम्सेवक हरूको व्यवस्था गरी परिचालन गर्ने, शान्ति सुरक्षाको व्यवस्था गर्ने गरिएको छ। पर्वका अवसरमा टाँगो ढाल्ने तुरन चुँडाचुँड गरी लिने प्रथा निरुत्साहित गरी आफूले लिने तुरन पुरोहितद्वारा अभिशेष गराई लैजाने र टाँगामा राखिएको पर्गलो नभिक्ने, टाँगो नढाल्ने व्यवस्था मिलाइएको छ। पुजारीहरू त्रयोदर्शीका साँझ मन्दिरमा पुग्ने, भजनकीर्तन गर्ने, चतुदर्शी पर्वका दिन बिहानदेखि पूजापाठ गर्ने, दर्शनार्थीहरू दर्शन गर्ने गर्छन् भने सो को उचित व्यवस्था मिलाउने र शान्ति सुरक्षाको भरपर्दो व्यवस्था मिलाउने गरिएको छ।

यस संस्थाले सामाजिक कुरीति, विसंगति, भेदभाव, रुढीवादी अन्धविश्वासविरुद्ध चेतनामूलक कार्यक्रममा विशेष जोड दिँदै आएको छ। वन्यजन्तु संरक्षण, कृषि सुधार, शिक्षा, स्वास्थ्य, बाटोघाटो, बिजुली बत्ती, खानेपानी, यातायातको विकास गर्न सम्बन्धित निकायसँग सम्पर्क गर्न क्रियाशील छ। नियमित बैठक गरी संस्थालाई चुस्त–दुरुस्त राख्ने गरिएको छ। पुरातत्व विभागबाट यस संस्था भौतिक पूर्वाधार संरक्षणका लागि उपलब्ध अनुदान १ लाखबाट माथिल्लो डाँडामा अर्को बागेश्वरी मन्दिरको आधार खडा गर्ने कार्य भएको छ। साथै साबिकको नाडा गाविसले उपलब्ध गराएको अनुदान ५० हजार रुपैयाँबाट धवलपुरा मन्दिर निर्माण कार्य भएको छ। २०७३ भाद्र ४ गते तीन तले करादेखि बागेश्वरी मन्दिर पोखरीसम्म श्रमदानद्वारा पाइप ढाक्ने काम गरी खानेपानीको व्यवस्था मिलाइएको छ। परम्परागत रूपमा मन्दिरका पुजारी र पुरोहितहरूको सम्मान गर्दै नियुक्ति पत्र दिइएको छ। पर्वका अवसरमा वर्षको १ पटक संस्थाकै विकासका लागि पुजारी तथा पुरोहितहरूबाट स्वेच्छिक चन्दा लिने गरिएको छ। पर्वका अवसरमा मन्दिर परिसरमा दानपेटी पनि राख्ने गरिएको छ।

यस संस्थाले बास नेपालगन्जसँगको सहकार्य, विभिन्न संघसंस्था, विभाग तथा तुर्माखाँद गाविसको सहयोगमा श्री कालिकेश्वरी मा.वि.तुर्माखाँदमा २०७३ मंसिर १० गते निःशुल्क स्वास्थ्य शिविर सम्पन्न गरेको छ। राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटाले उद्घाटन गरेको उक्त स्वास्थ्य शिविरमा भेरी अस्पताल नेपालगन्जका वरिष्ठ सर्जन डाक्टर रूपानन्द अधिकारी, पेट रोग विशेषज्ञ डाक्टर संकेत रिसाल, स्त्री रोग विशेषज्ञ डाक्टर कुमार सान शाह, नाक, कान, घाँटी रोग विशेषज्ञ डाक्टर दिनेश चौधरी, यौन रोग तथा छालारोग विशेषज्ञ डाक्टर आर.के. झा, फत्तेबाल आँखा अस्पतालका चिकित्सकहरूले बिरामीहरूको चेकजाँच
गरेका थिए।

२०७४ साउन २२ गते बागेश्वरी धाममा विशाल मालिका चतुदर्शी पर्व मेला सम्पन्न भएको थियो। तुर्माखाँद प्रहरी चौकी र ढुंगाचाल्ना प्रहरी

चौकीबाट शान्ति सुरक्षाका लागि शुरक्षाकर्मीहरू खटिएका थिए । तुर्माखाँद गाउँपालिकाका अध्यक्ष पुष्पराज शर्माको प्रमुख आतिथ्यता र उपाध्यक्ष अमृता देवी बुढाको विशेष आतिथ्यतामा धार्मिक प्रवचन कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष तुलाराम जैशी, समितिका सदस्यहरू लेखेन्द्रबहादुर शाही, जितबहादुर शाही, तथा सल्लाहकार सदस्य विष्णुबहादुर शाही, सल्लाहकार सदस्य रमादेवी शाहको उपस्थिति थियो । मिनबहादुर शाही कार्यक्रम संचालक थिए । प्रवचन कार्यक्रमका प्रमुख अतिथि तुर्माखाँद गाउँपालिका अध्यक्ष पुष्पराज शर्मा र विशिष्ठ अतिथि तुर्माखाँद गाउँपालिका उपाध्यक्ष अमृता देवी बुढाले गाउँपालिकाको सहयोगमा मन्दिर परिसर क्षेत्रमा थप भौतिक संरचनाहरू निर्माण हुने बताएका थिए । हरेक वर्ष मालिका चतुर्दशीका दिन मन्दिरमा भव्य मेला सम्पन्न हुने गर्दछ । तुर्माखाँद गाउँपालिकाबाट प्राप्त ८ लाख रुपैयाँ अनुदानबाट २ कोठे बागेश्वरी धर्मशाला भवनको निर्माण कार्य सम्पन्न भइसकेको छ । त्यसैगरी गाउँपालिकाकै सहयोगमा गणेश मन्दिर, प्रतीक्षालय निर्माणका लागि जग निर्माण र होमकुण्ड निर्माण संस्थाले गरिसकेको छ । त्यसैगरी तुर्माखाँददेखि पर्यटकीय क्षेत्र जाने सडक निर्माण कार्यलाई पनि संस्थाले अघि बढाएको छ । गाउँपालिकाको आर्थिक सहयोगमा तुर्माखाँद थोलु हुँदै बुदे चौतारासम्मको सडक स्तरोन्नति र बुदे चोकदेखि उत्तिसेनी पानीसम्मको सडक निर्माण कार्य सम्पन्न गरिसकेको छ । संस्थाले २०७६ वैशाख २४ गतेदेखि ३० गतेसम्म पण्डित भागवत् भुषण नारायणप्रसाद तिमिल्सिना उपाध्याय मूलवाचक रहेको श्रीमद् भागवत् महायज्ञ हजारौंको उपस्थितिमा सम्पन्न गरेको थियो । अझै यस धार्मिक तथा पर्यटकीय क्षेत्रभित्र धेरै भौतिक संरचना निर्माण गर्न बाँकी नै छन् । जसमा विशाल बागेश्वरी मन्दिरको रंगरोगन, खानेपानीको स्थायी व्यवस्थापन, गणेश मन्दिरको निर्माण, ११ वटा देवीहरूको स्तूप निर्माण, भजनकीर्तन भवन निर्माण, प्रवचन मञ्च निर्माण, रमणीय उद्यान, घेरापर्खाल निर्माण, पूर्व–पश्चिमबाट दर्शनार्थीहरू प्रवेश गर्ने ढोका निर्माण, दुवैतर्फबाट सिँढी निर्माण, पुरातत्व विभागको अनुदानबाट अर्को बागेश्वरी मन्दिरको आधार जग मात्रै निर्माण भएकोले निर्माण कार्यको पूर्णतालगायत रहेका छन् । त्यसैगरी नाचन्थलीदेखि माथिल्लो अग्लो बागेश्वरी मन्दिर पुरानो स्थलसम्म जाने गोरेटो बाटो निर्माण, विशाल बागेश्वरी मूर्ति र बागका मूर्ति निर्माणका साथै महिला पुरुषका लागि छुट्टाछुट्टै शौचालय निर्माण रहेका छन् ।

यी बाँकी रहेका योजनाहरू प्राथमिकीकरण गरी आगामी दिनमा कार्यान्वयन गरिनेछ । श्री बागेश्वरी माताले हामी सबैको रक्षा गरुन् । जय बागेश्वरी !

*( शाह बागेश्वरी धार्मिक तथा पर्यटकीय क्षेत्र विकास समिति अछामको अध्यक्ष हुनुहुन्छ ।)*

विजया दशमी तथा शुभ दीपावली–२०७६ को पावन अवसरमा
सम्पूर्ण ग्राहक वर्गमा हार्दिक शुभकामना ।

**वैदेशिक रोजगारमा जानु परे हामीलाई सम्झिनुहोस् ।**

New Pathibhara Placement Services (P.) Ltd.
Licence No: 588/062/063
NPPS
G.P.O Box: 25025, Dhapasi-7, Basundhara , Kathmandu, Nepal
Tel : 977-1-4387390/4387391, Fax : 977-1-4388064
URL: www.npps.com.np, E-Mail: info@npps.com.np
Govt. Authorized Manpower Supplier & Human Resourses Consultant

# शिक्षा विगतदेखि आजसम्म



**रमादेवी शाह**

**केही समय अगाडिसम्म शिक्षकले कालो पाटीमा चकले लेख्दै, डस्टरको सहायताले मेटाएर विद्यार्थीहरूलाई सिकाउने गरिन्थ्यो भने अबको नयाँ प्रविधिमा विभिन्न किसिमका माध्यमबाट पढाउन थालिएको छ। यो अनौठो मान्नु पर्ने कुरै छैन। किनभने समयको परिवर्तनसँगै धेरै कुराहरू बदलिन्छन् भन्ने कुरा सर्वविदितै छ। समयलाई हामी परिवर्तन गर्न सक्दैनौ, बरु समयसँगै हामी हिँड्न सिक्नु पर्दछ।**

श्रृष्टिको सुरुवातसँगै शिक्षाको सुरुवात भएको हो। जुनसुकै कुरा सिक्नुनै शिक्षा हो। बाँदर जातिबाट विकसित हुँदै मानव जातिको सुरुवातीसम्म आइपुगेपछि आहारको खोजीमा र बासस्थानको खोजीमा यताउता हिँड्ने, घुम्ने, एक्लै/एक्लैबाट समूहमा हिँड्ने, बस्ने कार्य गर्नुका साथै विरोधी समूहको मानव जाति तथा हिँस्रक जनावरबाट बच्न, आहाराको खोजी गर्न सिके। यी सबै सिकाइ शिक्षाकै कारण सम्भव भएको हो। वनमा भेटिएका जनावरहरूको काँचो मासु खानु भन्दा पोलेको मासु मीठो हुन्छ भन्ने कुरा सिक्नु र आगोको प्रयोग गर्न सिक्नु, नाङ्गै हिँड्ने मानवहरू बोक्रा लगाउने क्रमसँगै घरजम गर्ने, कपडा लगाउने, खेतीपाती गर्ने, बस्तुभाउ पाल्ने, आदि क्रम मानव जातिले आर्जन गरेको शिक्षा हो। खाली कलम कागज, मसी प्रयोग गरेर शिक्षकले पढाएको कुरा सिक्नु मात्रै शिक्षा होइन। विभिन्न माध्यमबाट आर्जन गरेको सिकाइ पनि शिक्षा हो।

बिस्तारै ऋषिमुनिहरूको आश्रममा गएर विभिन्न किसिमले शिक्षा आर्जन गर्ने, वेद, पुराण, धर्नुविद्या, युद्धकौशल आदि शिक्षा सिक्ने काम भयो। बिस्तारै पाठशाला तथा स्कुल, कलेज, विद्यालय, महाविद्यालय, विश्वविद्यालयहरूको स्थापना भयो। यी सबै शिक्षालयहरू शिक्षा आर्जन गर्ने थलो बनिरहेका छन्। समयको चक्रसँगै सबै कुराहरू परिवर्तन हुने भएकोले शिक्षा क्षेत्रमा पनि राम्रै प्रगति भयो। आधुनिक युग सुरु हुनु भन्दा निकै पहिले विभिन्न वैज्ञानिकहरूले नयाँनयाँ कुराहरू पत्ता लगाएका छन्। वैज्ञानिकहरूले टेलिफोन, रेडियो, टेप रेकर्डर, मोबाइल, ल्यापटपलगायतका प्रविधिहरूको अविष्कार गरे। केही समय अगाडिसम्म कालो पाटीमा शिक्षकले चकले लेख्दै, डस्टरको सहायताले मेटाएर विद्यार्थीहरूलाई सिकाउने गरिन्थ्यो भने अबको नयाँ प्रविधिमा विभिन्न किसिमका माध्यमबाट पढाउन थालिएको छ। यो अनौठो मान्नु पर्ने कुरै छैन। किनभने समयको परिवर्तनसँगै धेरै कुराहरू बदलिन्छन् भन्ने कुरा सर्वविदितै छ। समयलाई हामी परिवर्तन गर्न सक्दैनौं, बरु समयसँगै हामी हिँड्न सिक्नु पर्दछ।

कुनै पनि शिक्षा चाहे व्यवहारिक होस् वा सैद्धान्तिक जुनसुकै शिक्षा आर्जन गर्न कडा परिश्रम गर्नु पर्दछ। सहज तरिकाले शिक्षा आर्जन हुँदैन। अहिलेसम्म जति मान्छेहरू ठूला विद्वान, नेता, नामी कर्मचारी, समाजसेवी बने, तिनीहरू सबै कडा मेहनत तथा विभिन्न खाले दुःख, कष्ठ खाएरै यहाँसम्म पुगेका हुन्। कुनै पनि काम गर्दा अर्थात् ठूलो मान्छे बन्नु पर्दा मुख्य लक्ष्य बनाउनु पर्दछ। यही लक्ष्य अनुसार अगाडि बढेर दृढ इच्छा शक्तिका साथ कडा मेहनत गरेपछि आफ्नो लक्ष्यमा पुग्न सकिन्छ। भनिन्छ, "जहाँसम्म तताएको फलाम रातो रहन्छ, त्यहाँसम्म पिट्दै रहनुपर्दछ।" तब त्यो फलाम हामीले सोचेको आकारमा आउँछ।

अब एकैछिन शिक्षा दिने र प्राप्त गर्ने सेरोफेरोतर्फ लागौं। नातावाद तथा कृपावादले गर्दा अयोग्य शिक्षकहरू हाबी हुने र योग्यहरू सेवाबाट टाढा रहनुपर्ने विडम्बनाका कारण हाम्रो गाउँठाउँका कलिला बालबालिकाहरूको भविष्य अन्धकारमा छ।

मैले एउटा भिडियोमा विद्यालयका एकजना शिक्षकले बोर्डमा लेखेर बालबालिकालाई अध्यापन गराइरहेको देखेको थिएँ। उच्चारण गर्नु पर्ने शिक्षण रहेछ। बोर्डमा लेखिएको थियो– Future शिक्षकले उच्चारण गरिरहेका थिए “फुटुरे”। विद्यार्थीले पनि शिक्षकले भने जस्तै भनिरहेका थिए। अर्को शब्द थियो Nature को उच्चारण थियो “नटुरे”। अब सोचौं त्यस्तो शिक्षणले ती विद्यार्थीहरूको भविष्य के होला ?

विद्यार्थीलाई सिकाउन धेरै गाह्रो छ। शैक्षिक सामग्री र वातावरणको अभावले गर्दा यो क्षेत्रमा काम गर्न निकै गाह्रो छ। जसले भोगेको छ उसलाई मात्र त्यो कुराको अनुभूति हुन्छ। आफ्नो आत्मविश्वास र तयारीबिना गरिएको शिक्षणको कुनै औचित्य छैन। कुनै समय त्यस्तो पनि थियो। एउटै शिक्षकले १ कक्षादेखि ४, ५ कक्षासम्म पढाउने गर्थे। तर अहिले त्यस्तो छैन।

त्यस्तै सिक्ने सिकारुले पनि कडा मेहनत गरे मात्र शिक्षा आर्जन गर्न सकिन्छ। पढाइका साथसाथै जुनसुकै काम गर्दा पनि एक, दुईपटक बिग्रिन सक्छ। बिग्रियो भनेर अथवा असफल भइयो भनेर त्यत्तिकै छोड्यो भने सबै परिश्रम र लगानी खेर जान सक्छ। त्यसैले निरन्तर कोसिस गर्नु पर्दछ। “घोडा चढ्ने लड्छ” भने जस्तै काम गर्ने वा पढ्ने व्यक्तिनै असफल हुन्छ। यसमा हतास हुनुपर्ने कुनै कारण छैन। शिक्षानै मान्छेको तेस्रो आँखा हो। छोराछोरी सबैले समान शिक्षा पाउनु आजको आवश्यकता हो। शिक्षित व्यक्तिबाटनै घरपरिवार सभ्य हुन्छ। समाज सभ्य भयो भने राष्ट्र सभ्य हुन्छ। तसर्थ शिक्षाको ज्योतिबाट कोही टाढा नरहुन्, कोही नछुटुन्।

अन्तमा सबै अभिभावकहरूले आफ्ना सन्तानहरू छोरा हुन् वा छोरी सबैलाई उचित शिक्षा दिएर सभ्य परिवार, समाज र समुन्नत राष्ट्र बनाउने दिशातर्फ अघि बढ्न जरूरी छ।

*(शाह श्री कालिकेश्वरी मा.वि. तुर्माखाँद अछामकी पूर्व शिक्षक हुनुहुन्छ।)*


# खजुरा गाउँपालिकाको अनुरोध

१. समयमा कर तिरी गाउँपालिकाको विकास निर्माणमा सहभागी बनौ ।
२. समयमा कर तिरौ जरिवानाबाट बचौं ।
३. ३५ दिन भित्र जन्म, मृत्यु, बसाईंसराइ, विवाह एवम् सम्बन्धबिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
४. सबैको व्यक्तिगत घटना दर्ता अनलाइन गरौं, गराऔं ।
५. खुला रूपमा दिसापिसाब नगरौं, सभ्य बनौं सफा रहौं ।
६. गर्भवती महिलाले नियमित गर्भ परीक्षण गरौं ।
७. व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
८. सदैव चर्पीको प्रयोग गरौं ।
९. खानेपानी उमालेर मात्र प्रयोग गरौं ।
१०. व्यवसायिक कृषि उत्पादन गरौं, आत्मनिर्भर बनौं ।
११. बालविवाह नगरौं, २० वर्ष पुगेपछि विवाह गरौं ।
१२. आफ्ना घर अगाडि सडकमा फोहोर नफालौं र फाल्न नदिऔं ।
१३. घरपालुवा पशु पंक्षीहरु सडकमा छाडा नछोडौं ।
१४. सडकमा निर्माण सामग्री नराखौ र राख्न नदिऔं ।
१५. सडक अतिक्रमण हुने गरी व्यापार व्यवसाय तथा घर टहरा निर्माण कार्य नगरौं ।
१६. व्यापार व्यवसाय गाँउपालिकामा दर्ता गराएर मात्र संचालन गरौं ।
१७. नक्सा पास गरेर मात्र घर निर्माण गरौं, भवन संहिताको पालना गरौं ।

## खजुरा गाउँपालिका, बाँके

"स्वस्थ भएर बाँच्न पाउनु
नागरिकको हक हो"

विजया दशमी तथा शुभ-दीपावली-२०७६ को अवसरमा
सम्पूर्ण देशवासीहरुमा हार्दिक शुभकामना ।

**नेपालगञ्ज मेडिकल कलेज परिवार**

विजया दशमी तथा
शुभ-दीपावली-२०७६ को अवसर
मा सम्पूर्ण देशवासीहरुमा हार्दिक
शुभकामना ।

**पशु क्वारेन्टाइन कार्यालय**
**नेपालगन्ज, बाँके**

**'प्लाष्टिकमुक्त सहर हामी सबैको रहर'**

प्लाष्टिकमुक्त नगर बनाउने उद्देश्यले
माझी प्रोडक्सन हाउसले नेपालगन्जमै
पहिलोपटक कागजद्वारा निर्मित झोला
बिक्री वितरण गरिरहेको जानकारी
गराउँदै कागजद्वारा निर्मित झोला
चाहिएमा सम्पर्क गर्न अनुरोध छ।

## माझी प्रोडक्सन
**नेपालगन्ज, बाँके**
**कुमार अधिकारी (९८५८०२००२०)**
**मदन भट्ट ९८१४५३२६३२**

जानकी गाउँपालिकाको एकता,
खुला दिसा मुक्त, स्वस्थ, सफा, सरसफाइयुक्त
गाउँपालिका निर्माणमा हाम्रो प्रतिबद्धता ।

विजया दशमी तथा शुभ दीपावली, ईद एवम् छठ
पर्व २०७६ को पावन अवसरमा सम्पूर्ण नेपालीहरुमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

## जानकी गाउँपालिका
## परिवार, बाँके

# गैससहरूको आन्तरिक सुशासन



नमस्कार शाह

**गैससहरू विधिको शासनमा विश्वास गर्छन् । शासन व्यक्तिको हैन र विधिको हुनु पर्दछ भन्ने गैससको मान्यता भएको हुँदा यो मान्यतालाई गैससहरूले आन्तरिकरण गर्नु पर्दछ । गैससहरूका हरेक कार्यहरू विधान सम्मत हुनु पर्दछ भने संस्थालाई संस्थागत रूपमा विकास गर्नका लागि आवश्यक नीतिनियम, निर्देशिका र कार्यविधिहरू बनाई अक्षरशः लागू गर्नु पर्दछ ।**

समाज कल्याण परिषद्मा देशभरका ५० हजार भन्दा बढी गैरसरकारी संस्थाहरू आबद्ध छन् । गैसस दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयहरूमा दर्ता भएका गैससहरूको यकिन तथ्यांक छैन तथापी ७०, ८० हजार गैससहरू दर्ता छन् तर, ती मध्ये ५ हजार गैससहरू पनि सक्रिय रूपमा कार्यरत छैनन् । गैससहरूको छाता संगठन गैसस महासंघ नेपालका अनुसार ६ हजार ३ सय ३२ गैसस महासंघमा आबद्ध छन्, आबद्ध भएका, नभएका गरी २५ सय गैससहरू मात्र प्रभावकारी रूपमा काम गरिरहेका छन् । उल्लेखित आँकडाबाट गैससहरू खोल्न सजिलो सञ्चालन गर्न गाह्रो भएको सहजै अनुमान गर्न सकिन्छ ।

१३ प्रतिशत वैदेशिक सहायता गैससहरू मार्फत् देशमा भित्रिने गरेको छ। गैससहरूले सामाजिक कार्य, गरिबी निवारण, खानेपानी, सरसफाइ, मानव बेचबिखनविरुद्धका अभियान, सुरक्षित वैदेशिक रोजगारी, महिला अधिकार, बालअधिकार, मानव अधिकार, सुशासनलगायतका क्षेत्रमा काम गर्दै आएका छन् ।

गैससहरूलाई विकासको एक अभिन्न अंगको रूपमा स्वीकार गरिएको छ। गैससहरूको सहभागिता र सक्रियताले राज्यले अंगिकार गरेका कार्यक्रम, नीतिहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने गरेको प्रमाणित भइसकेको छ। समाजमा सुशासनको प्रवर्द्धनको लागि गैससहरूको भूमिका अझ महत्त्वपूर्ण छ। गैससहरूको सकारात्मक भूमिका हुँदा, हुँदै गैससहरू कसको प्रतिनिधित्व गर्छन् ? उनीहरूले कहाँबाट पैसा पाउँछन् ? कहाँ खर्च गरिरहेका छन् ? भनेर आम नागरिकहरूले चियोचर्चो गरिरहेका हुन्छन्। केही गैससहरूभित्रको कुशासन, भ्रष्टाचारका कारण सिंगो गैसस क्षेत्र माथिनै विश्वसनीयताको प्रश्न तेर्स्याइएको पाइन्छ।

गैससहरू पारदर्शी भएनन्, गैससमा परिवारवाद हाबी भयो, चरम राजनीतिकरण भयो, काम प्रभावकारी भएन भन्ने जस्ता गुनासोहरू यदाकदा सुन्न पाइन्छ। केही यस्ता गुनासोहरू पूर्वाग्रहबाट प्रेरित भएर पनि गरिएका होलान् भने केही हदसम्म केही गैससहरूभित्रको आन्तरिक विकृतिका कारण पनि गुनासो गरिएका हो भन्दा अत्युक्ति नहोला। केही गैससका कारण सिंगो गैससहरूलाई एउटै डालोमा हालेर हेर्नु किमार्थ न्याय हुँदैन। तथापी यस्ता गुनासोहरूको अन्त्यका लागि सबै गैससभित्र आन्तरिक सुशासन मजबुत हुन जरुरी छ।

गैससहरूले मुलुकको प्रचलित ऐनकानुन बमोजिम दर्ता गरी कानुनी मान्यता प्राप्त गरेका हुन्छन्। सामाजिक मूल्यमान्यताप्रति संवेदनशील भई सामाजिक रूपान्तरण र विकासप्रति कतिबद्ध रहने र आम नागरिकहरूको विश्वास आर्जन गर्दै भावनात्मक मान्यता प्राप्त गर्नु गैससहरूको धर्म हो। अतः लोकतान्त्रिक मूल्यमान्यता र विधिमार्फत् यसको गठन र पुनर्गठनको अभ्यास गैसस सुशासनको अनिवार्य शर्त हो। संस्थाको सदस्यता वितरण प्रणालीलाई खुला राख्नु, सदस्यता नवीकरण अध्यावधिक गर्नु, संस्थाको नियमित साधारण सभा गरिनु र अधिवेशनमार्फत् लोकतान्त्रिक विधिबाट नेतृत्व चयन गरिने अभ्यास अपरिहार्य छ।

गैससहरू विधिको शासनमा विश्वास गर्छन् । शासन व्यक्तिको हैन र विधिको हुनु पर्दछ भन्ने गैससको मान्यता भएको हुँदा यो मान्यतालाई गैससहरूले आन्तरिकरण गर्नु पर्दछ। गैससहरूका हरेक कार्यहरू विधान सम्मत हुनु पर्दछ भने संस्थालाई संस्थागत

रूपमा विकास गर्नका लागि आवश्यक नीतिनियम, निर्देशिका र कार्यविधिहरू बनाई अक्षरशः लागू गर्नु पर्दछ।

संस्थाको दिगोपनाका लागि एकाधिकारको अन्त्य गरिनु पर्दछ। संस्थालाई सुव्यवस्थित गर्न कार्यसमिति र व्यवस्थापन समिति बनाइनु पर्दछ। दुवै समिति, सबै पदाधिकारी, सदस्यहरूको भूमिका, कार्य जिम्मेवारी प्रष्ट रूपमा विभाजन गर्नु पर्दछ।

गैससको निर्णय, प्रक्रिया, पद्धति र श्रोतसाधनहरूको अवस्था र उपयोगिता सम्बन्धी सूचना सर्वसाधारण तथा सरोकारवाला निकाय तथा व्यक्तिहरूलाई उपलब्ध गराउनु पर्दछ। सूचनाको हक सम्बन्धी ऐन बमोजिम सबैले गैससभित्रको सूचना निर्बाध र सहज रूपमा पाउने व्यवस्था मिलाउनु पर्दछ।

गैससहरू सरकारका सहयोगी हुन्। सरकारको मातहतमा सरकारी ऐन, कानुन बमोजिम दर्ता, नवीकरण र नियमन हुन्छन्। गैससहरू जहिले पनि सरकारप्रति, लक्षित वर्गप्रति र साझेदार संस्थाप्रति जवाफदेही हुँदै आएका छन् र हुनुपर्दछ।

गैससहरूमा सदाचार प्रणालीलाई संस्थागत गर्नु पर्दछ। संस्थाभित्र भ्रष्टाचारको गन्ध आउन दिनै हुन्न। यदि त्यसो भयो भने संस्था अद्योगतितर्फ धकेलिन्छ।

गैसस सुशासनको सन्दर्भमा सहभागिता भनेको प्रजातान्त्रिक पद्धति र अभ्यास हो। संस्थाका सदस्यहरूको निर्णय प्रक्रियामा सहभागिता र श्रोतसाधनहरूको परिचालन र उपयोगितामा सबैको समान सहभागिता महत्त्वपूर्ण हुने भएकाले सबैको सहभागिताको सुनिश्चितता गरिनु पर्दछ।

**सकारात्मक विभेदको नीतिमार्फत् पछाडि परेका र पारिएका वर्ग, क्षेत्र, लिंग र समुदायलाई न्यायोचित स्थान दिनु र कार्यक्रमहरू लक्षित गरिनु गैससहरूको प्रमुख काम हो। यस कामलाई सधैँ गैससहरूले आत्मसात् गर्न जरूरी छ।**

राज्यका हरेक तह र तप्कालाई समावेशी बनाउन वकालत गर्ने गैससहरू आफैंमा समावेशी हुन जरूरी छ। यसले संस्थाको दिगोपनामा योगदान पुऱ्याउँदछ। संस्थाको दिगो भविष्यका लागि सक्षमताको परीक्षण गरिनु पर्दछ। संस्थाभित्रको जनशक्ति, संस्थाको स्रोतसाधन र सक्षमताबारे जहिले सजग रहनु पर्दछ। संस्थागत कार्यहरू, स्रोत परिचालनको प्रभावकारितालाई सधैँ मध्यनजर राखी अघि बढेको खण्डमा संस्थामा धेरै सुधारहरू आउने देखिन्छ।

अवसरबाट वञ्चित वर्ग, समुदाय तथा क्षेत्रलाई अरू सरह समानस्तरमा ल्याउनका लागि तय गरिने नीतिगत व्यवस्था र पद्धति नै समता हो। यो सामाजिक न्यायसँग सम्बन्धित छ। सकारात्मक विभेदको नीतिमार्फत् पछाडि परेका र पारिएका वर्ग, क्षेत्र, लिंग र समुदायलाई न्यायोचित स्थान दिनु र कार्यक्रमहरू लक्षित गरिनु गैससहरूको प्रमुख काम हो। यस कामलाई सधैँ गैससहरूले आत्मसाथ गर्न जरूरी छ।

गैससभित्रको आन्तरिक सुशासन कायम गर्न सामाजिक जवाफदेहिताका संयन्त्रहरूको अभ्यास गर्न जरूरी छ। सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, कार्य सम्पादन परीक्षण, गुनासो सम्बोधन संयन्त्र जस्ता सामाजिक जवाफदेहिताका संयन्त्रहरूलाई नियमित रूपमा अवलम्बन गर्न जरूरी छ। यसले संस्थाको आन्तरिक सुशासनलाई मजबुत मात्र बनाउँदैन, लक्षित वर्ग र सरोकारवालाप्रति जवाफदेहितासमेत प्रकट गर्दछ।

संस्थालाई विधान, नीति, नियमावली बमोजिम सञ्चालन गर्नुका साथै संस्थाद्वारा सञ्चालन गरिने कार्यक्रमहरूको कुशल व्यवस्थापन, मानव संसाधनको उचित व्यवस्थापन र वित्तीय श्रोत व्यवस्थापनमा ध्यान पुऱ्याइयो भने हरेक संस्था पारदर्शी, जवाफदेही, मितव्ययी, र उद्देश्यमूलक हुन सक्दछन्। यसतर्फ गैससहरूले ध्यान दिऔं, संस्थाहरूभित्र आन्तरिक सुशासन कायम गरौं।

*(शाह बासको कार्यकारी निर्देशक हुनुहुन्छ।)*


## कोहलपुर नगरपालिकाको अनुरोध

कोहलपुर नगरपालिका क्षेत्र भित्र संचालन भएका र संचालन गरिने सबै उद्योग, व्यापार, व्यवसाय, पसल, सहकारी, वित्तिय संस्था, गै.स.स. लगायतका सेवा सञ्चालन गर्दा संचालकहरूले आफ्नो व्यवसाय, सेवा अनिवार्य रूपमा नगरपालिकामा दर्ता/नविकरण गरी सञ्चालन गर्न गराउन हुन सबै सरोकारवालाका लागि यो सूचना जारी गरिएको छ। यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक परेमा कार्यालय समयमा नगरपालिकामा सम्पर्क राख्न अनुरोध छ।

**कोहलपुर नगरपालिका, बाँके**

# किन गर्दैन सरकार सार्वजनिक सुनुवाइ ?



मन भण्डारी

**सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ। त्यसैले यसलाई सर्वसाधारणको पहुँच अधिकारमा बस्नेहरूसम्म पनि भन्ने गरिन्छ।**

राज्य संचालनको गुणस्तरीयताले जनताको जीवनमा निरन्तर प्रभाव पार्दछ। लोकतन्त्रमा सरकारले नागरिकप्रति जवाफदेही भएर उनीहरूको चित्त बुझाउनु पर्दछ। सार्वजनिक निकायमा बस्नेहरूले कस्तो काम गरिरहेका छन् भनेर नागरिकले चासो राखिरहेका हुन्छन्। त्यसैले राज्य संयन्त्रबाट दिइने सेवासुविधा र वस्तुको गुणस्तरबारे सार्वजनिक मञ्चबाट नागरिकले उठाएका प्रश्नको उत्तर दिनु सार्वजनिक पद धारण गरेका व्यक्तिको जवाफदेहिता अन्तर्गत पर्दछ। यस्तो जवाफदेहिता अधिकारमा बसेका जिम्मेवार व्यक्ति र सेवाग्राही नागरिकबीच गरिने सार्वजनिक सुनुवाइका माध्यमबाट खोज्न सकिन्छ। यसरी संचालन गरिने सार्वजनिक सुनुवाइबाट सार्वजनिक निकायलाई उनीहरूले गरेको कामको पृष्टपोषण पनि हुन्छ। अनि सरकारी निकाय र नागरिकबीच रहेको अविश्वास घटेर जान्छ र सार्वजनिक निकायले अगाडि सारेका हरेक काम कारबाहीप्रति नागरिकमा अपनत्वको भावना पनि जाग्छ। त्यसैगरी राज्य संयन्त्रले गर्ने गतिविधिबारे नागरिकहरूले गुण र दोषका आधारमा मूल्याङ्कन गर्न पाउनु पर्छ, यो लोकतान्त्रिक मुलुकका नागरिकको अधिकार पनि हो।

सर्वसाधारण नागरिक र अधिकारमा बसेका व्यक्तिहरूका बीचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी प्रश्नोत्तर गर्ने सामुदायिक मञ्चलाई सार्वजनिक सुनुवाइ भनिन्छ। यसले स्थानीय नागरिकमा विकासका योजनाप्रति अपनत्वको भावना विकास गर्नुका साथै पारदर्शीताको अभ्यास गर्दछ। विश्वको इतिहासलाई हेर्ने हो भने सार्वजनिक सुनुवाइको अवधारणा स्वीजरल्याण्डबाट विकास भएको मानिन्छ। स्वीजरल्याण्ड सरकारले आफ्ना नागरिकहरूलाई आफूले गरेका गतिविधिहरूको बारेमा सुसूचित र जानकारी गराउने उद्देश्यले सार्वजनिक सुनुवाइको थालनी गरेको थियो। स्वीजरल्याण्डबाट थालनी भएको सार्वजनिक सुनुवाइको अवधारणालाई पछि विभिन्न मुलुकहरूले अवलम्बन गर्दै आएको पाइन्छ।

नेपालमा सार्वजनिक सुनुवाइको अवधारणा २०५० साल पौष १३ गतेदेखि केदार खड्काले सुरुवात गरेको एकआपस टेलिभिजन कार्यक्रमबाट सुरुवात भएको मानिन्छ। पाँच वर्षसम्म नियमित संचालन भएको सो कार्यक्रमले नेपालमा सार्वजनिक सुनुवाइको अवधारणालाई नागरिकका बीच लोकप्रिय बनाएको थियो। टेलिभिजन कार्यक्रमको प्रभावकारिताको आधारमा पछि सार्वजनिक बहसको नामबाट यसलाई मञ्चीय कार्यक्रमको रूपमा विकास गरी विभिन्न निकायहरूले अवलम्बन गरेको पाइन्छ। सार्वजनिक बहसको नामबाट चर्चित बनेको उक्त कार्यक्रमले पछि सार्वजनिक सुनुवाइको रूपमा व्यापकता पाएको छ। बाँकेमा बासले २०५९ सालमा सार्वजनिक सुनुवाइको थालनी गरेको थियो। त्यसपछि बासले नियमित रूपमा विभिन्न सार्वजनिक सरोकारको विषयमा सार्वजनिक सुनवाइको आयोजना गर्दै आएको छ भने विभिन्न निकायको सार्वजनिक सुनुवाइमा सहजीकरण गर्दै आएको छ।

सार्वजनिक सुनुवाइले सर्वसाधारण नागरिकलाई अधिकारमा बसेका व्यक्ति नजिक पुग्ने र आफ्ना असन्तुष्टि पोख्ने अवसर दिन्छ। त्यसैले यसलाई सर्वसाधारणको पहुँच

अधिकारमा बस्नेहरूसम्म पनि भन्ने गरिन्छ। सार्वजनिक सुनुवाइको प्रभावकारितालाई ध्यानमा राखेर पहिलोपटक नेपाल सरकारले २०६२ सालमा सार्वजनिक सुनुवाइ सम्बन्धी निर्देशिका नै बनाएर यो संयन्त्रलाई संस्थागत गरेको पाइन्छ। आफ्नो कार्यालयले वर्षभरि सञ्चालन गरेका गतिविधिको प्रभावकारिताका लागि अनिवार्य सार्वजनिक सुनुवाइ गर्नु पर्ने राज्यले व्यवस्था गरे अनुसार स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ समेत लागू भएको थियो। राज्य संघीय संरचनामा रूपान्तरण भई तीन तहको निर्वाचन सम्पन्न भई नेपालमा तीन तहको सरकार संचालन भएको छ। स्थानीय तहको निर्वाचन भएको दुई वर्ष बितिसक्दासमेत स्थानीय सरकारको सार्वजनिक सुनुवाइ सम्बन्धीको कुनै नयाँ कार्यविधि तथा निर्देशिका बनेको छैन। स्थानीय निकाय सार्वजनिक सुनुवाइ कार्यविधि २०६७ लाई नै अवलम्बन गरेर कतिपय स्थानीय तहले यो प्रक्रियालाई निरन्तरता दिएका छन् भने धेरैले यो विधिको प्रयोग गरेको पाइँदैन।

पछिल्लो समय सार्वजनिक सुनुवाइलाई धेरै गैसस तथा सरकारी कार्यालयहरूले आफ्नो वार्षिक कार्यक्रमनै बनाएर लागू गरिरहेका छन्। नेपाल सरकारले आफ्ना मातहतका सबै कार्यालयलाई वार्षिक रूपमा अनिवार्य सार्वजनिक सुनुवाइ गर्नु पर्ने प्रावधान बनाए पनि केही कार्यालयबाहेक सबै कार्यालयले यसलाई लागू गरेको पाइँदैन। सामाजिक जवाफदेहिताको अत्यन्तै प्रभावकारी र बलियो संयन्त्रको रूपमा रहेको सार्वजनिक सुनुवाइलाई कतिपय सरकारी कार्यालयले बोझको रूपमा लिएको पाइन्छ। अझ भन्नु पर्दा स्थानीय सरकार संचालन कार्यविधि २०७४ मा स्थानीय तहले सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था छ। स्थानीय सरकार संचालन कार्यविधि २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ मा स्थानीय सरकारले सार्वजनिक सेवाप्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था छ। कार्यविधि लागू भएको २ वर्ष बिती सक्दा पनि सबै स्थानीय तहले यसको पूर्णरूपमा पालना गरेको अवस्था भने छैन। केही स्थानीय तहले नियमित रूपमा सार्वजनिक सुनुवाइ गरेको भए पनि सबै स्थानीय तहले सार्वजनिक सुनुवाइ गर्नु त टाढाको कुरा भयो सार्वजनिक सुनुवाइबारे सामान्य चासोसमेत राखेको पाइँदैन। सार्वजनिक सुनुवाइबारे स्पस्ट बुझाइ र जानकारी नहुँदा पनि यस्तो समस्या भएको हो। स्थानीय तहको निर्वाचन भई जनप्रतिनिधि आएपछि आम नागरिकमा ठूलो आशा पलाएको थियो। लामो समयको जनप्रतिनिधिविहीन स्थानीय तहमा जनप्रतिनिधि आएपछि विकासले गति लिने र सामाजिक जवाफदेहिताका औजारको सूचकभित्र सार्वजनिक सुनुवाइ पनि रहेकाले सबै स्थानीय निकायले अनिवार्य सार्वजनिक सुनुवाइ गर्ने गरेको पाइन्थ्यो। नेपालमा नयाँ संरचना स्थापित भएपछि, विशेष गरी स्थानीय तहमा जनप्रतिनिधि आएपछि पहिले नियमित रूपमा सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षणलगायतमा कार्यक्रम संचालन गर्दै आएको स्थानीय तहले यसलाई निरन्तता दिएको पाइँदैन। स्थानीय तहको निर्वाचन हुनु पूर्व साबिकका जिल्ला विकास समिति र नगरपालिकाले हरेक चौमासिक अवधिमा अनिवार्य वार्षिक ३ पटक सार्वजनिक सुनुवाइ र १ पटक सामाजिक परीक्षण तथा गा.वि.स. हरूले वर्षको २ पटक अनिवार्य सार्वजनिक सुनुवाइ गर्नुपर्ने प्रावधान थियो। सोहि कानुनी प्रावधान बमोजिम बाँकेका अधिकांश स्थानीय निकायले सार्वजनिक सुनुवाइ गर्थे।

स्थानीय तह आफैंले विभिन्न कार्यविधि, ऐन, नियम तथा निर्देशिका

**नेपाल सरकारले आफ्ना मातहतका सबै कार्यालयलाई वार्षिक रूपमा अनिवार्य सार्वजनिक सुनुवाइ गर्नु पर्ने प्रावधान बनाए पनि केही कार्यालयबाहेक सबै कार्यालयले यसलाई लागू गरेको पाइँदैन। सामाजिक जवाफदेहिताको अत्यन्तै प्रभावकारी र बलियो संयन्त्रको रूपमा रहेको सार्वजनिक सुनुवाइलाई कतिपय सरकारी कार्यालयले बोझको रूपमा लिएको पाइन्छ।**

प्रयोग भई पारदर्शीता, जवाफदेहिता र जनसहभागिता कायम हुनेमा नागरिकहरूले विश्वास गरेको भएपनि नागरिकहरूले अपेक्षा गरे अनुरूप सामाजिक जवाफदेहिताको क्षेत्रमा स्थानीय तहमा खासै पहल भएको पाइँदैन। सार्वजनिक सुनुवाइबारे सबै स्थानीय तहका जनप्रतिनिधिले बुझ्न सकेका छैनन्।

स्थानीय निकाय हुँदा एमसिपिएमको बनाउन सक्ने अधिकार छ। सोहि अनुसार स्थानीय तहले विभिन्न कार्यविधि, ऐन, नियम तथा निर्देशिका बनाएका पनि छन्। तर सबै भन्दा महत्त्वपूर्ण मानिने सुशासन, सामाजिक जवाफदेहिता, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षणलगायतका विषयमा स्थानीय सरकारले कुनै कार्यविधि, ऐन, नियम तथा निर्देशिका बनाउन सकेका

छैनन्। आफूले गरेका कामकार्बाही र विकास निर्माणलगायतका योजनाबारे आम नागरिकलाई सुसूचित गर्ने, पारदर्शीता कायम गर्ने र गुनासो सुनुवाइको भरपर्दो माध्यम सार्वजनिक सुनुवाइ भएता पनि यसको व्यापक प्रयोग गर्न नसक्नु भनेको यसको गलत बुझाई हुनु मानिन्छ। सुनुवाइमा पछाडि परेका, दलित, अल्पसंख्यक, अपाङ्ग र सर्वसाधारण नागरिकको उपस्थिति उल्लेखनीय हुनु पर्ने व्यवस्था छ भने नागरिकले आफ्ना विचार, जिज्ञासा, गुनासो तथा प्रश्न राख्न पाउँछन्। सुनुवाइमा दोहोरो संवाद र प्रश्नोत्तरका माध्यमबाट समस्याको समाधान गर्न सकिन्छ।

सुशासन ऐन, २०६४ को दफा ३० मा सार्वजनिक सुनुवाइ गराउनु पर्ने व्यवस्था गरी कानुनी व्यवस्था गरिएको छ। त्यसैगरी सुशासन नियमावली,२०६५ को नियम १९ ले सार्वजनिक निकायले प्रत्येक ४ महिनामा कम्तिमा एउटा सुनुवाइ गर्नु पर्ने व्यवस्था गरेको छ। बाँकेका ८ वटा स्थानीय तहमध्ये नेपालगन्ज उप-महानगरपालिकाले हरेक वर्ष अनिवार्य चौमासिक सार्वजनिक सुनुवाइ गर्दै आएको छ। आ.व. २०७५/०७६ मा उप-महानगरपालिकाले हरेक चौमासिकमा गरी वर्षको ३ पटक सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ भने वडा नम्बर १ र १८ ले पनि यस आ.व.मा सार्वजनिक सुनुवाइ गरे। वडा नम्बर १ ले त गत वर्ष पनि सार्वजनिक सुनुवाइ गरेको थियो। खजुरा गाउँपालिका र डुडुवा गाउँपालिकाले वार्षिक योजना अनुरूप २ पटक सार्वजनिक सुनुवाइ गरेका छन् भने जानकी गाउँपालिकाले आ.व. २०७५/०७६ मा ३ पटक सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ। नरैनापुर गाउँपालिकाले २०७५/०७६ को अन्तिम चौमासिकमा ३ वटा वडा स्तरमा र १ वटा पालिका स्तरको गरी ४ वटा सार्वजनिक सुनुवाइ गरेको पाइन्छ। कोहलपुर नगरपालिकाका २ वटा वडाले १ पटक सार्वजनिक सुनुवाइ गरेको भए पनि पालिका स्तरीय एउटा पनि हुन सकेन। सार्वजनिक सुनुवाइ गर्ने भनेर सहजीकरण गर्ने संस्थासँग सम्झौता भएको भए पनि पालिका स्तरको एउटा पनि नभएको पाइयो। त्यसै गरी बैजनाथ गाउँपालिकाले वर्षको २ वटा सार्वजनिक सुनुवाइ गर्ने गरी सम्झौता गरेको भए पनि एउटा मात्रै सम्पन्न हुन सक्यो। राप्तीसोनारी गाउँपालिकाले हरेक चौमासिकमा गरी वर्षको ३ पटक सार्वजनिक सुनुवाइ गर्ने भनेता पनि १ पटक मात्रै गरेको छ।

सार्वजनिक निकायलाई सधैँ उठ्ने गरेको भ्रष्टाचारको प्रश्नलाई कम गर्न र सार्वजनिक निकाय विशेष गरी स्थानीय तहहरू जवाफदेही बन्न, आफूले गरेका काम कार्बाहीलाई पारदर्शी गराउन र सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्नका लागि सार्वजनिक सुनुवाइको थालनी सबैले गर्न जरूरी छ।

*(भण्डारी बासका निवर्तमान केन्द्रीय अध्यक्ष हुनुहुन्छ।)*


हार्दिक शुभकामना

**नेपालीहरूको महान चाड विजया दशमी तथा शुभ दीपावली-२०७६ को पावन अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक तथा देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

सञ्चालित कार्यक्रमहरु :

१. सामान्य चिकित्सा (H.A.)- ३ वर्षे

२. डिप्लोमा ईन सिभिल ईन्जिनियरिङ्ग - ३ वर्षे

३. डिप्लोमा ईन कम्प्यूटर ईन्जिनियरिङ्ग - ३ वर्षे



**किशोर कुमार पाण्डेय**

प्रबन्ध निर्देशक

**नेपालगन्ज टेक्निकल कलेज परिवार**

नेपालगञ्ज, बाँके

# विपद्का बेला युवा



**बिशाल राना मगर**

**विपद्का घटना हुँदा सबैभन्दा पहिले युवा गएर उद्धार/राहतमा खटिन्छन् । तर त्यसपछि हुने राहत वितरण, पुनर्निर्माण, पुनर्स्थापनाका लागि हुने निर्णय प्रक्रियामा युवाको सहभागितालाई महत्त्व दिइँदैन ।**

नेपाली समाजको विकाससँगै ऐँचोपैंचो, पर्म, सापटी, गुठीजस्ता अभ्यासले समाजमा एकलाई अप्ठेरो पर्दा अर्कोले सहयोग गर्ने संस्कार छ। नेपाली समाजको आधुनिकीकरणसँगै केही सामाजिक अभ्यासमा परिवर्तन भने भइरहेका छन्। तथापि, नेपाली समाजमा एकलाई दुःख पर्दा अर्कोले सहयोग गर्ने परम्परा हराइसकेको छैन।

गत महिना सिरहाको औरही गाउँ पुगेँ। मधेसी समुदायका विशेषगरी यादव जातिको बसोबास रहेको उक्त गाउँका सबै घरका छाना जस्तापाताका छन्। कामका सिलसिलामा मसँग मधेसी समुदाय बसोबास गर्ने क्षेत्रको अनुभव छ। त्यसकारण पनि यो गाउँको घरमा प्रयोग गरिएका सामानमा भएका भिन्नताले एकखाले कुतुहलता ल्याएको थियो। मैले काम गरेका मधेसी समुदायको बसोबास रहेको क्षेत्रमा जस्तापाताका भन्दा खर, फुसका छाना बढी देखेको छु। औरही गाउँमा भने सबै घरका छाना जस्तापाताका देखेपछि केही जिज्ञासा लाग्नु स्वाभाविकै थियो।

विपद्का घटना हुँदा सबैभन्दा पहिले युवा गएर उद्धार/राहतमा खटिन्छन्। तर त्यसपछि हुने राहत वितरण, पुनर्निर्माण, पुनर्स्थापनाका लागि हुने निर्णय प्रक्रियामा युवाको सहभागितालाई महत्त्व दिइँदैन।

यो त्यहीं गाउँ थियो, जहाँ २०६९ सालमा आगलागी हुँदा १ घण्टाभन्दा कम समयमा ४ सय ७० भन्दा बढी घर जलेर नष्ट भएका थिए। एक बालकको मृत्युका साथै ३ सय ४७ परिवारका २ हजार ६३ जना प्रभावित भएका थिए। जुन घटना राष्ट्रिय चासोको विषय बनेको थियो। आगलागीपछि सरकारी तथा गैरसरकारी निकायहरूको पहलमा पुनर्निर्माण भएका घरका छाना जस्तापाताको राखिएको स्थानीय युवासँगको छलफलबाट थाहा भयो।

यस क्रममा ती युवाले औरही गाउँले बर्सेनि बाढी, डुबान, सर्पदंश, शीतलहरजस्ता विपद्बाट प्रभावित हुनु परेको दुखेसो गरे। औरही गाउँनजिकको खोलामा वर्षाका बेला बढ्ने बहावले डुबानलगायत समस्या आइरहन्छ। स्थानीय पालिका तथा अन्य गैरसरकारी संस्थाले विपद्को जोखिम कम गर्न प्रयास भने नगरेका होइनन्, तर पनि यसको स्थायी समाधान हुन सकेको छैन।

विपद्का कहालीलाग्दा घटना बेहोरेका औरहीवासीले बर्सेनि हुने यस्ता घटनाबाट के सिके त ? छलफलका क्रममा त्यहाँका युवाले सुनाएको अनुभव विपद्का घटना हुने अन्य ठाउँका युवाका लागि पनि शिक्षाप्रद छन्।

यही सालको वर्षामा औरही गाउँकै पर्ती टोलमा बाढी पस्यो। सयभन्दा बढी घर डुबानमा परे। औरही गाउँका युवाले अरूको मुख ताकेनन्। २०-२२ युवा पर्ती गाउँमा पुगेर डुबानमा परेका घरका मानिस तथा सरसामान सुरक्षित स्थानमा लैजान खटिए। डुबानबाट प्रभावितका लागि हप्ता दिनसम्म खाना बनाएर खुवाई पीडामा रहेका छिमेकीलाई मद्दत गरे। यसका लागि उनीहरूले सरकार वा संघ/संस्थाको मुख ताकेनन्। बरु स्वतःस्फूर्त रूपमा युवाजोसका साथ उद्धार तथा पुनर्स्थापनाको काममा उनीहरूले योगदान दिए। औरही गाउँका युवाको यो प्रयास एउटा उदाहरण हो। विश्वका विभिन्न भागमा हुने विपद्का घटनामा युवाले यसैगरी आफ्नो तत्परता देखाएका छन्, स्वयमूसेवी र उत्तरदायी भएर।

नेपालको अहिलेको युवा जनसंख्यालाई 'बोनस पपुलेसन' का रूपमा लिइएको छ। यसमध्ये धेरै खाडीतिर छन्। कामको खोजीमा, परिवारको खुसीको खोजीमा। तर जे जति नेपालमा छन्, तीमध्येकै केही युवाले विपद्का घटनामा मानवीय सहायताका काममा योगदान दिएका छन्।

विपद्बाट बचाउने तथा त्यसमा परेका पीडितको उद्धार, तिनलाई राहत तथा तिनको पुनर्स्थापना गर्ने जिम्मेवारी राज्यको हो। यद्यपि हाम्रो देशमा भएका युवाको सीप र क्षमता

विकास गर्न सक्यो भने मानवीय सहायताका काममा उनीहरूको संलग्नतालाई अझ बृहत् र प्रभावकारी बनाउन सकिन्छ। हरेक विपद्का घटना हेर्ने हो भने विशेषगरी १६ देखि ४० वर्ष उमेर समूहका व्यक्ति 'फर्स्ट रेस्पोन्डेन्ट' देखिन्छ। विपद्बाट बालबालिका र वृद्ध बढी प्रभावित हुन्छन् भने उद्धार, राहतका काममा युवाको भूमिका बढी हुन्छ।

सिरहाका युवासँगको छलफलबाट विपद्का घटनामा मानवीय सहायता प्रदान गर्न युवा सहभागिता कम हुनाका केही विशिष्ट कारण छन्। उदाहरणका लागि मधेसी समुदायका महिला युवामा पुरुषलाई जति स्वतन्त्रता छैन। जसका कारण उनीहरू पुरुष युवाजति छिटो गएर मानवीय सहायतका काममा सहभागी हुन सक्दैनन्। विवाहित छन् भने पुरुषले घरका अभिभावकलाई सोधे हुन्छ, तर महिलाले श्रीमान्, सासू/ससुरा र घरका अन्य सदस्यको पनि अनुमति लिनुपर्ने हुन्छ। जसले गर्दा उनीहरू त्यस्ता काममा सहजै सहभागी हुन कठिन छ।

समाजका 'गन्यमान्य'मा युवा भनेका 'आलाकाँचा' हुन्, यिनले के गर्न सक्छन् र भन्ने सोच छ। जसका कारण पनि मानवीय सहायताका काममा युवाको सक्रिय सहभागितामा बाधा पुगेको छ। विपद्का घटना हुँदा सबैभन्दा पहिले युवा गएर उद्धार/राहतमा खटिन्छन्। तर त्यसपछि हुने राहत वितरण, पुनर्निर्माण, पुनर्स्थापनाका लागि हुने निर्णय प्रक्रियामा युवाको सहभागितालाई महत्त्व दिइँदैन। यसले पनि युवालाई स्वस्फूर्त रूपमा विपद् व्यवस्थापन तथा मानवीय सहायताका काममा संलग्न हुनबाट वञ्चित गरेको छ।

अहिले विपद्का घटना न्यूनीकरण, रोकथाम तथा पीडितको उद्धार, उनीहरूलाई राहत र तिनको पुनर्स्थापनामा मुख्य भूमिका स्थानीय तहको छ। तर स्थानीय जनप्रतिनिधिहरूनै विपद् व्यवस्थापनबारे कति जानकार छन् भन्ने गम्भीर प्रश्न यथावतै छ। साथै स्थानीय पालिकाहरूले बनाउने विपद् रोकथाम तथा प्रतिकार्य योजनाहरूको निर्माण प्रक्रिया नै कत्तिको पारदर्शी र प्रभावकारी छ भन्ने अर्को प्रश्न हो। यस्ता योजना, रणनीति, कार्यविधि निर्माणमा विपद्का घटनाबाट पीडितको सहभागिता भयो कि भएन, युवाको सहभागिता भयो कि भएन, पीडितसँग परामर्श तथा छलफल गरियो कि गरिएन भन्ने पाटो पनि गौण छ। यी र यस्ता कारण स्थानीय निकायलाई विपद्सम्बन्धी काम गर्न स्पष्ट मार्गदर्शन पुगेको छैन। कतिपय पालिका विपद् रोकथाम तथा प्रतिकार्य योजना बनाएर अघि बढे तापनि तिनले प्रभावकारी नतिजा दिन सकेका छैनन्।

त्यसैले सरकार तथा गैरसरकारी संघ/संस्थाहरूले स्थानीय युवा पहिचान गरी तिनमा स्वयम्सेवी भावना विकास गर्ने, विपद् व्यवस्थापनमा खटिन आवश्यक सीप तथा क्षमता विकास गर्न अझ जरूरी छ। यसले क्षमता विकास भई स्वयम्सेवी रूपमा मानवीय सहायताका काममा लाग्न युवालाई उत्प्रेरित गर्छ।


हार्दिक शुभकामना

**नेपालीहरूको महान चाड विजया दशमी तथा शुभ दीपावली-२०७६ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा देशवासीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

अब नयाँ डेकोरेशनको साथमा




हाम्रा सेवाहरूः
- शुद्ध तथा स्वादिष्ट खाना, नास्ताको उचित व्यवस्था।
- आरामदायी अटेच रुमको व्यवस्था।
- आरामदायी सभा हल।
- बत्ती नभएको अवस्थामा जेनेरेटरको सुविधा।




प्रो. राम लखन बैश्य (बल्लु) मो. ९८५८०२०४६९

**बिनायक गेष्ठ हाउस**

धम्बोझी, नेपालगन्ज (राष्ट्रिय वाणिज्य बैंकको अगाडि)

## डिभिजन वन कार्यालय, बाँकेद्वारा वन डढेलो तथा आगलागी नियन्त्रण तथा रोकथाम सम्बन्धी जनहितमा जारी सन्देश

जाडोयाम सकिएसँगै गर्मी बढ्ने र यही समयमा हुरीबतास चल्न सुरु हुने हुँदा वन जंगलमा डढेलो लाग्ने प्रबल सम्भावना रहन्छ। यसले हाम्रो प्राकृतिक सम्पदा क्षणभरमै नष्ट भई वातावरणीय सन्तुलनमा समेत ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्वन उत्सर्जन हुन गई जलवायु परिवर्तनमा असर पुग्ने तथा गाउँ वस्तीसम्म डढेलो फैलिनुका साथै तपाईं/हाम्रो लापरबाही र असावधानीका कारण घरगोठमा आगो लाग्न गई जनधनको ठूलो क्षति हुन सक्छ। तसर्थ, वन डढेलो तथा आगलागी नियन्त्रण तथा रोकथाममा सबैले हातेमालो गरौं।

अनुरोधक :

**डिभिजन वन कार्यालय, बाँके**

सम्पर्क नं. : ०८१-५२०२३०

## शुभकामना

विजया दशमी तथा शुभ दीपावली २०७६ को अवसरमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सूर्यलाईफ इन्स्योरेन्स लि.**
**शाखा कार्यालय, बर्दिया**

## शुभकामना

विजया दशमी तथा शुभ दीपावली २०७६ को अवसरमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**मो. सलीम मुसलमान**
**समाजसेवी**
नेपालगन्ज-४, बाँके

# समृद्धिका लागि जबाफदेहिता



छबिलाल सुनार

प्रभावकारी सेवाप्रवाह पाउने हरेक नागरिकको नैसर्गिक अधिकार हो। सेवा चाहे सार्वजनिक होस् वा निजी जुनसुकै भएपनि सेवा प्रभावकारिताको प्रश्न सधैँ उठ्ने गर्दछ। लाइन नमिलाए, घुस नदिए, भनसुन नगरे, आफ्नो मान्छे नभए, चिनजानको नभए काम नहुने अवस्था छ हाम्रो देशमा। सेवाप्रवाहलाई किन यसो बनाइएको छ ? यस विषयमा सर्वसाधारण सधैँ अनविज्ञ छन्। सेवाग्राहीलाई कानुनी तथा नीतिगत व्यवस्थाबारे जानकारी नभएको पनि होइन थाहा छ तर सेवादायीको व्यवहारबाट आजित छन्।

नेपालको संविधानको भाग तीनमा तीसवटा मौलिक हक र नागरिकको कर्तव्यको बारेमा व्यवस्था गरिएको छ। जस अन्तर्गत धारा २७ मा सूचनाको हक व्यवस्था गरिएको छ। धारा ४४ मा उपभोक्ताको हक व्यवस्था गरिएको छ। जसमा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने छ। गुणस्तरहीन बस्तु तथा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने व्यवस्था छ। संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको व्यवस्था गरिएको छ। जसमा राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीतिमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा तथा सुविधामा जनताको सम्मान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने कुरा उल्लेख छ। नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा, गुणस्तरीय सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने नीति अंगिकार गरेको छ।

स्थानीय सरकार संचालन ऐन २०७४ मा आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी व्यवस्था गरेको छ। नेपालमा आधारभूत शिक्षा तथा स्वास्थ्य जनताले निःशुल्क र अनिवार्य पाउने व्यवस्था गरिएको छ। नेपालमा शिक्षा र स्वास्थ्य क्षेत्रलाई व्यवस्थित र पारदर्शी, जनउत्तरदायी र सबैको पहुँचमा बनाउन जरूरी छ। राज्यले शिक्षा र स्वास्थ्य सेवालाई निजी र सरकारी माध्यमबाट प्रदान गरिरहेको छ। निजी क्षेत्र मुनाफा कमाउने होडबाजीमा छन् भने, सार्वजनिक तथा सरकारी सेवा नाम मात्रको निकम्मा अवस्थामा छ।

स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार परिच्छेद ३ मा गाउँपालिका र नगरपालिकाको काम, कर्तव्य र अधिकार तोकिएको छ। जसले सेवाप्रवाहमा केही व्यवस्था गरेको छ। स्थानीय सेवाको व्यवस्थापन, स्थानीय स्तरका विकास योजना तथा परियोजना, अधारभूत र माध्यामिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, विकास कार्य गर्ने जस्ता काम, कर्तव्य र अधिकार

**संविधानको भाग तीनमा तीसवटा मौलिक हक र नागरिकको कर्तव्यको बारेमा व्यवस्था गरिएको छ। जस अन्तर्गत धारा २७ मा सूचनाको हक व्यवस्था गरिएको छ। धारा ४४ मा उपभोक्ताको हक व्यवस्था गरिएको छ।**

तोकिएको छ। स्थानीय सरकारले उपभोक्ता र सेवाग्राहीको स्तरमा रहेर काम गर्ने जिम्मेवारी पाएकोले स्थानीय सरकारको काँधमा सेवाको व्यवस्थापन र गुणस्तरीयता जोडिन आउँछ। स्थानीय सरकार गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकाहरूले सेवाप्रवाहलाई चुस्त दुरुस्त, प्रभावकारी र सबैको सहज पहुँचमा पुऱ्याउन नीति, नियम, कार्यक्रम, योजना तथा अनुगमनमार्फत् व्यवस्थापन र नियमन गर्ने अधिकर हुने व्यवस्था छ। जनप्रतिनिधिहरू स्थानीय सरकारको चुनाव भई निर्वाचित भई स्थानीय सरकारको संचालन गर्न लागेको करिब तीन वर्ष पुग्न लागेको छ। प्रदेश र केन्द्रीय सरकारले स्थानीय सरकारलाई जिम्मेवारी र जनउत्तरदायी बनाउँदै सहजीकरण तथा साझेदारी गर्दै सरकार संचालनमा सघाइरहेको छ तर पनि स्थानीय सरकारको सेवाप्रवाह थप प्रभावकारी र व्यवस्थित किन हुन सकेको छैन। यस विषयमा अब समीक्षा हुन जरूरी छ।

कुनै पनि सरकार संचालनमा शक्ति सन्तुलनको सिद्धान्त लागू भई रहेको हुन्छ। सरकार, बजार र नागरिक समाज तीन पक्षले राज्य संचालन, व्यवस्थापन र सेवाप्रवाहमा सन्तुलनको भूमिका निर्वाह गरिरहेका हुन्छन्। सरकार संचालनमा वैदेशिक अनुदान, ऋण, सहायता बजेटको ठूलो हिस्सामा रहने गर्दछ। नेपाल जस्तो विकासशील देशका लागि एडीबी, वर्ल्ड बैंक, संयुक्त राष्ट्रसंघ, दातृ निकाय, दूतावास, अन्तर्राष्ट्रिय गैसस, कोषहरूले सरकारको योजना तथा कार्यक्रममा प्रभावकारी भूमिका निर्वाह गर्दछन्। नेपाल जस्तो जोखिम मुलुकमा प्रकोप, महामरी र वातावरणीय असर मुख्य समस्याको रूपमा रहेका हुन्छन्। जसका लागि मानवीय कार्य गर्न नागरिक समाज संस्था र अन्तर्राष्ट्रिय समुदायको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

**समृद्ध नेपाल सुखी नेपाली, घरघरमा सिंहदरबार जस्ता राष्ट्रिय गौरवका नाराहरू ल्याइएको छ, यसलाई व्यवहारमा उतार्न जरूरी छ। तर विडम्बना नेपालको कर्मचारीतन्त्र घुस्याहा प्रवृत्तिको छ। नातावाद, जातिवाद, लिङ्ग, भेगीयता प्रमुख जडसूत्रवादी धारमा रहेका छन्। जसले नेपालको योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमनमा समेत प्रभाव पारेको छ।**

नेपाल आर्थिक, राजनीतिक, प्रविधि र शासन संयन्त्रमा बलियो र सशक्त देखिँदैन। यो नै सरकारको प्रमुख कमजोरी हो। जसले गर्दा हाम्रो विकास, समृद्धिमा प्रभाव परेको छ भने परनिर्भरतामा चुलिएको छ। राज्यको सेवाप्रवाहलाई व्यवस्थित गर्न नेपालको जनसंख्यानै पर्याप्त नभई रहेको सन्दर्भमा वैदेशिक रोजगारबाट लाखौं युवाहरू विदेश पलायन हुने अवस्था छ। अहिले पनि सुदूरपश्चिम, कर्णाली प्रदेशका धेरै युवा विदेशमा विभिन्न प्रकारका मजदुरी गर्न बाध्य छन्। स्वीजरल्याण्ड, फ्रान्स तथा एसियन देशहरू भारत, टर्की, मलेसिया र इण्डोनेसियालगायतका देशहरूको सेवा प्रभावकारी छ र त ती देशहरू समृद्ध छन्।

सरकारले ल्याएका राष्ट्रिय नीति तथा कार्यक्रम, बजेट तथा योजनाहरू राष्ट्रिय गौरवका छन्। उक्त योजना तथा कार्यक्रमको कार्यान्वयन गर्न र कार्य प्रभावकारी बनाई देशलाई समृद्धि र विकासमा पुऱ्याउन जरूरी छ। समृद्ध नेपाल सुखी नेपाली, घरघरमा सिंहदरबार जस्ता राष्ट्रिय गौरवका नाराहरू ल्याइएको छ, यसलाई व्यवहारमा उतार्न जरूरी छ। तर विडम्बना नेपालको कर्मचारीतन्त्र घुस्याहा प्रवृत्तिको छ। नाताबाद, जातिबाद, लिङ्ग, भेगीयता प्रमुख जडसूत्रबादी धारमा रहेका छन्। जसले नेपालको योजना तर्जुमादेखि कार्यान्वयन र अनुगमनमा समेत प्रभाव पारेको छ। यसतर्फ अब सरकारले पहल कदमी चाल्न जरूरी देखिन्छ। अनि मात्र देश समृद्धिको बाटोतर्फ अघि लाग्न सक्छ।

*(छबिलाल बासका केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ।)*

**भ्रष्टाचार विरूद्ध आजैबाट सक्रिय होऔं ।**
(Act Against Corruption Today)



लेडिज एण्ड जेण्ट्स सबै प्रकारको कपडाको सिलाईका लागि एक मात्र भरपर्दो र विश्वश्नीय पसल ।

**ज्योती टेलर्स**

सदरलाईन-४ नेपालगन्ज, बाँके

फोन नं. ०८१-५२०३६३, ९८४८०८५२९०, ९८४८१४४३८६


# युवाहरूको उत्प्रेरणा इन्सपाइरिङ युथ



**नमस्कार शाह**

युवामा सकारात्मक सोचको विकास गर्न, उनीहरूलाई सफल जीवनतर्फ अग्रसर गराउन, कर्तव्यशील, विनयशील इमानदार युवा बन्न उत्प्रेरित गर्न, निराशालाई आशामा बदल्न, सम्भावनालाई वास्तविकतामा रूपान्तरण गराउन भ्रष्टाचारविरुद्ध क्रियाशील संस्था बासले नेपालगन्जमा साप्ताहिक रूपमा इन्सपाइरिङ युथ कार्यक्रम सञ्चालन गरिरहेको छ।

युवाको काम केवल किताबी किरो बन्ने, घरायसी काममा मात्र सीमित हुने, हुल्याहा र रमिते बन्ने मात्र होइन, समाजमा हुने अन्याय, अत्याचार, थिचोमिचो, भ्रष्टाचारविरुद्ध बोल्ने, सार्वजनिक जनचासोका विषयमा जान्ने, बुझ्ने जिम्मेवारी पनि हो। युवालाई कर्तव्यनिष्ठ, जिम्मेवार बनाउन उत्प्रेरित गर्ने उद्देश्यले यो कार्यक्रमको सुरुवात २०७३ जेठ १ गतेदेखि भएको हो। युवाहरू अनन्त सम्भावनाका स्रोत हुन्। युवालाई उपयुक्त अवसर र वातावरण दिने हो भने सबै क्षेत्रमा अधिक क्षमता राखेर अघि बढ्न सक्दछन्। अतः युवालाई समाजप्रति जिम्मेवार र सकारात्मक पहरेदार बनाउनु पर्दछ भन्ने मान्यतासाथ मेरै परिकल्पनामा यो कार्यक्रम सुरु गरिएको थियो।

**युवाको काम केवल किताबी किरो बन्ने, घरायसी काममा मात्र सीमित हुने, हुल्याहा र रमिते बन्ने मात्र होइन, समाजमा हुने अन्याय, अत्याचार, थिचोमिचो, भ्रष्टाचारविरुद्ध बोल्ने, सार्वजनिक जनचासोका विषयमा जान्ने, बुझ्ने जिम्मेवारी पनि हो।**

आफ्ना स्वयम्सेवकलाई मात्रै लक्षित गरेर सुरु गरिएको यो कार्यक्रमका सुरुवाती दिनमा बासकै कार्यालयमा हरेक शनिबार यो कार्यक्रम सञ्चालन गरिन्थ्यो। ८/१० जनाको सहभागितामा सुरु भएको यो कार्यक्रमले चाँडै लोकप्रियता हासिल गर्‍यो र सहभागीको संख्या ह्वात्तै बढेर गयो। तत्पश्चात् यो कार्यक्रम सिएसटी होटेल एण्ड पार्टी प्यालेसमा गर्न थालियो। जसले १ वर्षसम्म निःशुल्क हल उपलब्ध गरायो। हाल यो कार्यक्रम नेपालगन्जकै बिनायक गेष्ट हाउसमा सञ्चालन भइरहेको छ। जसले पनि हल निःशुल्क उपलब्ध गराइरहेको छ।

युवालाई सकारात्मक कार्यमा लाग्न अभिप्रेरित गर्ने, कर्तव्यशील, इमानदार, अनुशासित र कर्मशील बन्न उत्प्रेरित गर्ने, उत्प्रेरणा र सशक्तिकरणका माध्यमबाट युवाशक्तिलाई समाज विकासमा परिचालन गर्ने, समृद्ध राष्ट्र निर्माणका लागि युवा शक्तिको सहभागिता अभिप्रेरित गर्ने र युवाको क्षमता अभिवृद्धि गरी उनीहरूको नेतृत्व विकास गर्ने उद्देश्यले सञ्चालन भइरहेको यो कार्यक्रम विभिन्न क्षेत्रका युवाको सहभागितामा हरेक शनिबार १ घण्टा सचालन भइरहेको छ। यो कार्यक्रम हरेक हप्ता फरक, फरक गतिविधि गरेर सम्पन्न गरिन्छ। महिनाको पहिलो हप्ता डिबेट सञ्चालन गरिन्छ। समसामयिक विषयमा युवाले डिबेट गर्ने गरेका छन्। जसबाट युवाहरूको वाक क्षमता अभिवृद्धि भई व्यक्तित्व र नेतृत्व विकास भइरहेको छ। महिनाको दोश्रो हप्ता फरक, फरक क्षेत्रका सफल एकजना मोटिभेटरलाई मोटिभेसनल स्पीचका लागि आमन्त्रण गरिन्छ। त्यस्ता व्यक्तिहरूले सकारात्मक सोच, इमानदारिता, नैतिकता, सदाचारिता, अनुशासनबारे उत्प्रेणादायी प्रवचन दिने गरेका छन्। महिनाको तेश्रो हप्ता फरक, फरक क्षेत्रका सफल, उदाहरणीय, बौद्धिक व्यक्तित्त्वलाई सफलताको कथा वाचनका लागि आमन्त्रण गरिन्छ। त्यस्ता व्यक्तिहरूले आफ्नो सफलताको कथा, अनुभव वाचन

गर्ने गरेका छन् । सफलताको कथा, अनुभव र संघर्षबाट कार्यक्रमका सहभागी युवामा आशाको सञ्चार हुनुका साथै युवाले आफ्नो भाबी कार्यदिशा तय गर्ने गरेका छन् । महिनाको चौथो हप्ता युवालाई नेतृत्व विकासबारे सीप प्रदान गर्ने गरिएको छ। कार्यक्रमका सहभागीलाई भाषणकला, उद्घोषण कला र सहजीकरण सीपबारे फरक, फरक सहजकर्ताहरूद्वारा प्रशिक्षण प्रदान गरिँदै आएको छ। कुनै महिनामा मात्र पर्ने पाँचौं हप्तामा सहभागीहरूमा भएको ज्ञान र क्षमता आदानप्रदान गर्ने कार्य हुन्छ। जसबाट सहभागीबीचको आत्मविश्वास, आत्मसम्मान प्रवर्द्धन भइरहेको छ। उल्लेखित गतिविधिबाहेक अन्य क्रियाकलापसमेत गर्ने गरिएको छ। जसमा विभिन्न क्षेत्रको अवलोकन, अतिरिक्त क्रियाकलाप, अन्तर्क्रिया र कला प्रस्तुति रहने गरेका छन् । साप्ताहिक रूपमा यी नियमित क्रियाकलापबाहेक बेलाबेलामा इन्सपाइरिङ युथको विशेष श्रृंखला सञ्चालन गर्ने गरिएको छ। जसमा चर्चित, ख्याति प्राप्त व्यक्तिहरूले उत्प्रेणामूलक प्रवचन दिने गरेका छन् ।

विशेष श्रृंखलामा चर्चित म्याराथुन धावक बैकुण्ठ मानन्धर, नायक जीवन लुइँटेल, कथाकार महेश विक्रम शाह, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा, पूर्व सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, चर्चित लेखक कर्ण शाक्य, नायिका सञ्चिता लुइँटेल, उत्प्रेरक श्रृष्टि केसी, उत्प्रेरक रोहित मल्ल, मनोक्रान्ति अभियानका द्रष्टा डा. योगी बिकासानन्द, चर्चित व्यक्तित्व महावीर पुनलगायतले बाँके जिल्लाका युवालाई सफलताको कथासहित उत्प्रेरणा जगाइसकेका छन् ।

विगत तीन वर्षदेखि अविछिन्न रूपमा सञ्चालन भइरहेको यस कार्यक्रमले सफलताका साथ १५९ वटा श्रृंखला पार गरेको छ। यस अवधिमा गैससकर्मीहरू वीरेन्द्र ठगुन्ना, केशव कोइराला, जीवन गिरी, साजिद सिद्धिकी, विषम ज्ञवाली, शतिष पाण्डे, मिनाक्षी दाहाल, स्नेहलता श्रेष्ठ, बुद्धि तामाङ, गोवर्द्धन सिंह सम्झना, शशि सिंहलगायतले आफ्नो संघर्षका कथा नेपालगन्जका युवालाई सुनाइसकेका छन् भने चर्चित कलाकारहरू कमल बि.के. निर्मोही, कन्हैया सिंह परियार, सुन्दर गुरुङ, श्यामानन्द सिंह, कैलाश प्रवीण, वीरेन्द्र यादव, विकल शर्मा, जीतबहादुर थापा, महेन्द्र सेढाइ, प्रशान्त केसी, भवानी अर्याललगायत विभिन्न श्रृंखलाहरूमा उत्प्रेरकको रूपमा कार्यक्रममा सहभागी भइसकेका छन् ।

इन्सपाइरिङ युथले यो अवधिमा लागू पदार्थविरुद्धका अभियन्ता अभिराज क्षेत्री, सरसफाइ अभियन्ता डा. बिनोद कर्ण, बाग्मती सरसफाइ अभियन्ता चक्रबहादुर चन्द, निल सागर वृद्धाश्रमकी सरिता खनाल, एक हातले मोटरसाइकल चलाएर मेची, महाकाली यात्रा गर्ने निर्मल शाह, अपाङ्गता अभियन्ता भावुकजंग थापाको योगदानलाई कदर गर्दै उनीहरूले उत्प्रेरकको स्थान दिइसकेको छ। यसैगरी यस अवधिमा अधिवक्ता लोकबहादुर शाह, सफल व्यवसायी नन्दलाल बैश्य, कृष्णप्रसाद श्रेष्ठ, दिपेन्द्र जोशी, राजकुमार गिरी, शिक्षा क्षेत्रका सफल व्यक्तित्व खड्ग बोहरा, मुना श्रेष्ठ, रविन्द्र कर्ण, किरण आचार्य, रुद्रप्रसाद तिमिल्सिना, कृपाराम बर्मा, शशि स्वार, वरिष्ठ समाजसेवी नर्बदा शर्मा, समाजसेवी दिला शाह, अञ्जु न्यौपाने, वरिष्ठ पत्रकार पूर्णलाल चुके, सरकारी अहोदामा रहेर असल कार्य गर्ने नारायण सुवेदी, बिन्दु कुवँर, कृष्ण रोकाय, धिरु बस्न्यात, टेकबहादुर तामाङ, प्रताब बाबु तिवारी, उमेशकुमार झा, नेपालगन्ज उपमहानगरपालिकाका प्रमुख डाक्टर धवल शम्शेर राणा, उपप्रमुख उमा थापा मगर, चिकित्सकहरू डाक्टर कृष्णप्रसाद आचार्य, डाक्टर श्यामसुन्दर यादव, डाक्टर संकेत रिसाल, साहित्यकारहरू स्नेह सायमी, खेलाडी ममता थापा, भोजराज शाही, टिन हिरो सन्तोष लामिछाने, कृषक लालबहादुर सुनार, आध्यात्मिक क्षेत्रका कञ्चन घिमिरे, काव्य लम्साललगायतले आफ्ना संघर्षमय अनुभव सुनाइसकेका छन् । यसले काम गरिरहेका असल व्यक्तिको उचित सम्मान प्रदान गर्नुका साथै आफ्नो अनुभव सुनाउने अवसरसमेत सृजना गरिदिएको छ भने एउटै कार्यक्रममा सहभागी भएर दर्जनौं व्यक्तिहरूको कथा, अनुभव, सिकाइ सुन्ने, सिक्ने अवसर युवाहरूले सहजै प्राप्त गरिरहेका छन् ।

**प्रति हप्ता ४० देखि १५० सम्मको सहभागिता रहने यस कार्यक्रममा हालसम्म १० हजार बढी युवाले सहभागिता जनाइरहेका छन् । यसको प्रभावकारिता र लोकप्रियताबाट धेरै युवा लाभान्वित भएका छन् । यस कार्यक्रमले युवाको व्यक्तित्व, नेतृत्वमा निखारता आएको छ । कार्यक्रममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने प्रयास युवाहरूले गरिरहेका छन् ।**

प्रति हप्ता ४० देखि १५० सम्मको सहभागिता रहने यस कार्यक्रममा हालसम्म १० हजार बढी युवाले सहभागिता जनाइरहेका छन् । यसको प्रभावकारिता र लोकप्रियताबाट धेरै युवा लाभान्वित भएका छन् । यस कार्यक्रमले युवाको व्यक्तित्व, नेतृत्वमा निखारता आएको छ । कार्यक्रममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्ने प्रयास युवाहरूले गरिरहेका छन् । लामो समय कार्यक्रममा सहभागीका साथै कार्यक्रमको संयोजन गरेका खेम बिष्टले कार्यक्रमबाट प्राप्त ज्ञानलाई अवलम्बन गर्दै एचडी डेकोर प्रा.लि. स्थापना गरे । हालका कार्यक्रम संयोजक रविन्द्र बोहराले बाटोमा मरेका कुकुर, बिरालाहरूलाई उठाएर सडक किनारामा लगाउने अभियान सञ्चालन गरिरहेका छन् । कार्यक्रमका नियमित सहभागी १८ वर्षीय जनक थापाले उडान नामक गैसस स्थापना गरेर काम गरिरहेका छन् । खजुराकी सम्प्रिया खड्काले नृत्यमा निकै प्रगति गरेकिछिन् । शोभा थापा, शर्मिला थापा, ओजश्वी जोशीलगायत दर्जन बढी युवाहरूले आफ्नो वाक क्षमतामा प्रगति गरेका छन् । निश्चल न्यौपानेहरूको समूहले क्रियटिभ युथ नामक युवाहरूको संस्था स्थापना गरेका छन् । बिनोद शर्माले राष्ट्रिय बाणिज्य बैंकमा नाम निकाल्न सफल भएका छन् । यी केही उदाहरण मात्र होइन, कार्यक्रमबाट प्रभावित हुने र क्षमता अभिवृद्धि गर्नेहरूकै लामै फेहरिस्त छ ।

सारांशमा धेरै युवाहरूले यसबाट सकारात्मक उपलब्धि हासिल गरेका छन् । कार्यक्रमको सफलता र प्रभाविकारिताबाट प्रभावित भई बाँकेको कोहलपुरमा इन्सपाइरिङ युथ बिस्तार भएको छ । जहाँ मासिक रूपमा यो कार्यक्रम सञ्चालन हुने गरेको छ । नेपालगन्जमै यहि मोडेलबाट धेरै युवा लक्षित कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । इन्सपाइरिङ युथ कार्यक्रम रूपन्देहीको भैरहवा, पाल्पाको रामपुर, जनकपुरमा सञ्चालन भइरहेको छ भने भोजपुर, पोखरा, बर्दियालगायतका स्थानमा पनि सञ्चालन गर्ने तयारी भइरहेको छ । यहि कार्यक्रमबाट प्रभावित भएर कैलालीको धनगढीमा चेन्ज मेकर र रुकुमको मुसिकोटमा लेट्स स्पिक सञ्चालन भइरहेको छ । यी सबै कार्यक्रमको प्रभावकारिताका सूचक हुन् ।

यसरी हरेक तह र तप्कामा युवाहरूलाई सकारात्मक कार्यका लागि उत्प्रेरित गर्न सकिने हो भने पक्कै पनि समृद्ध नेपाल र खुसी नेपालीको नारा सार्थक बनाउन ठूलो योगदान पुग्ने देखिन्छ ।


**यातायात कार्यालयसँग सम्बन्धित कुनै गुनासो भए तत्काल कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।**

**विजया दशमी तथा शुभ दीपावली २०७६ को पावन अवसरमा सम्पूर्ण देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना ।**

**यातायात व्यवस्था कार्यालय**

**नेपालगञ्ज, बाँके**

# नेतृत्वका लागि सकारात्मक सोच



**राधिका गिरी**

व्यक्ति, परिवार, समुदाय वा संगठन प्रत्येक क्षेत्रमा नेतृत्वको महत्त्वपूर्ण भूमिका हुन्छ । साधारण अर्थमा नेतृत्व वा नेता भन्ने बित्तिकै कुनै पद वा ओहादासँग सम्बन्धित विषयवस्तु जस्तो लाग्न सक्दछ। तर नेतृत्वको अवधारणा भनेको पद वा ओहोदा भन्दा पनि जिम्मेवारी वा व्यवहारसँग जोडिएको विषय हो । पुरानो अवधारणा अनुसार कुनै पनि संगठनको लक्ष्य वा उद्देश्य प्राप्त गर्न त्यस संस्थाका अनुयायीहरूलाई बाटो देखाई वा प्रभावित बनाई कार्य सम्पादन गराउने सीप वा कलालाई नेतृत्व भनिन्थ्यो । तर नेतृत्वको यो परिभाषाले अबको सन्दर्भमा वास्तविक अर्थ समेट्न सक्दैन। नेतृत्वको कुरा गर्दा अहिलेको महत्त्वपूर्ण प्रश्न भनेको अरूलाई नेतृत्व गर्नु भन्दा पनि आफैंले आफैंलाई नेतृत्व गर्नु भन् महत्त्वपूर्ण हुन्छ। अहिलेको समयमा कुरा मात्र गर्नेलाई कमै मात्रले विश्वास गर्दछन्, तर कर्म वा व्यवहारबाट आफूलाई परिचय दिनेहरू समाज वा संगठनमा राम्ररी स्थापित बन्न पुगेका हुन्छन्। अरूलाई सिकाउनु भन्दा पहिले आफैंले त्यसलाई जीवनको यथार्थ धरातलमा उतार्न सक्नेहरूले नै अरूको मन जितिरहेका हुन्छन्।

सकारात्मक सोचको अभावमा नेतृत्वले राम्रो भूमिका खेल्न नसक्दा तोकिएको लक्ष्य वा कार्य पूरा गर्न कठिनाइ उत्पन्न हुने मात्र होइन कि सम्बन्धित संगठनको वातावरण धमिलो बन्दछ। एकले अर्कोलाई दोष दिने, खुट्टा तानातान गर्ने, हिलो छ्यापाछ्याप गर्ने, गुटबन्दी र अस्वस्थ खेल खेल्ने जस्ता गतिविधिले प्रश्रय पाउँछन्। सम्भव सबै उपायहरू अपनाएर आफूले स्थायी रूपमा जीवनभर पदमा बसिरहने, आफूबाहेक अरूलाई सक्षम नदेख्ने, आफू पदमा नबस्दा संस्था डुब्न जान्छ भन्ने हाउगुजी देखाएर संगठनलाई आफ्नै बिर्ता जस्तो ठान्ने समस्या यत्रतत्र देखिन्छ। यस्ता संस्थाहरूमा संस्थागत नियमहरू केवल हात्तीको देखाउने दाँत जस्ता हुन्छन् भने नेताको चाहनाअनुसारको कार्य प्रणाली स्थापित बन्दछ। परिणामतः संस्थामा सहकार्यको संस्कृति विकास हुन सक्दैन। सामूहिक भावना क्रमशः विलीन हुँदै जान्छ। सदस्यहरूमा संस्थाप्रति स्वामित्वको

**सकारात्मक सोचको अभावमा नेतृत्वले राम्रो भूमिका खेल्न नसक्दा तोकिएको लक्ष्य वा कार्य पूरा गर्न कठिनाइ उत्पन्न हुने मात्र होइन कि सम्बन्धित संगठनको वातावरण धमिलो बन्दछ। एकले अर्कोलाई दोष दिने, खुट्टा तानातान गर्ने, हिलो छ्यापाछ्याप गर्ने, गुटबन्दी र अस्वस्थ खेल खेल्ने जस्ता गतिविधिले प्रश्रय पाउँछन्।**

भाव पनि हराएर जान्छ। "हाम्रो संस्था" भन्ने भावनामा ह्रास आउँदै गएपछि अन्ततोगत्वा संस्था छोड्ने र आफू पूर्व संलग्न संस्थाको विरोध गर्दै नयाँ सगठन खोल्ने स्थिति देखा पर्दछ । कतिपय राजनीतिक पार्टीहरू, बोर्डिङ स्कुलहरू, गैरसरकारी संस्थाहरूभित्र यस्ता प्रवृत्तिहरू देखिन्छन् । कहिलेकाहीँ विभाजनलाई विकास वा विस्तारको संज्ञा पनि दिइन्छ। तर वास्तवमा यो विकासको स्वभाविक वा सहज प्रक्रिया होइन । उत्पन्न परिस्थितिलाई आत्मसात् गर्दै अगाडि बढ्नका लागि चित्त बुझाउने आधार मात्र हो।

यसर्थ संस्थागत हितका लागि कुनै पद वा ओहोदामा बस्न चाहनेले आफ्नो कर्तव्य र जिम्मेवारीबारे सचेत हुनु पर्दछ । निर्वाचनको समयमा राम्ररी विश्लेषण नगरी जिम्मेवारी स्वीकार्न मज्जा हुने तर त्यसपछिका बैठकहरूमा लगातार अनुपस्थित हुने, तोकिएको जिम्मेवारी पूरा नगर्ने वा गरे पनि केवल झारा टार्नको लागि मात्र गर्ने जस्तो स्थिति पनि कतिपय अवस्थामा देखा पर्ने गरेको छ। कुनै पनि जिम्मेवारीलाई बोझको रूपमा लिने हो भने त्यसले संस्थालाई मात्र अहित हुने नभई आफैंभित्र पनि बेचैन, असन्तुष्टि र तनाव पैदा गर्दछ। त्यसैले संस्थाले दिएको जिम्मेवारी वा पदलाई काम गरेर देखाउने एउटा सुनौलो अवसरका रूपमा लिनु पर्दछ । आफ्नो सिर्जनशील सोच र क्षमता प्रदर्शन गर्ने एउटा मौकाको रूपमा लिन सक्ने हो भने जीवन रमाइलो रूपमा अगाडि बढ्न सक्दछ । आफैंले आफैंलाई मात्र हित नगरी अरूको कसरी भलो गर्न सकिन्छ भन्ने चिन्तन राख्न सके जिम्मेवारीप्रतिको निष्ठा बढ्न जान्छ। वास्तवमा सामाजिक उत्तर दायित्वबिना सफल नेतृत्वको कल्पनासम्म पनि गर्न सकिँदैन।

सफल नेतृत्वको कुरा गर्दा परिकल्पना अभिन्न रूपमा जोडिन पुग्दछ । परिकल्पनाशील नेतृत्वले मात्र संस्थामा नवीन उपलब्धि हासिल गर्न सक्छ । उपलब्धिका लागि हरेक व्यक्ति वा संस्थाको अगाडि थुप्रै अवसरहरू आइरहेका हुन्छन् । भनिन्छ, अवसरहरू जहिले पनि हामीसँगै रहेका हुन्छन् । मुख्य प्रश्न भनेको ती अवसरलाई राम्ररी पहिचान गरेर अठोट वा संकल्पपूर्ण प्रयत्नद्वारा हात पार्नु हो । एक पछि अर्को गरी अवसरलाई उपलब्धिमा बदल्दै जाँदा नेतृत्व पनि क्रमशः परिपक्व, अनुभवी र अनुकरणीय बन्दै जान्छ । गरे के हुँदैन र भन्ने दृष्टान्त अरूको लागि प्रेरणाको स्रोत बन्दछ । आफ्नो जीवन र व्यवहारप्रति आत्मगौरवको अनुभूति हुन सक्दछ भने त्यो नै सफल नेतृत्व हो । एउटा सफल अगुवाले हरेक पटक केही न केही नयाँ काम गर्दछ न कि कार्यहरू फरक ढङ्गले मात्र गर्दछ । तर यसो नगरी तील जत्रो समस्या आयो भने पहाड बनाउने, प्रत्येक समस्यामा समाधान खोज्नुको सट्टा समाधानभित्र समस्या खोज्ने, भविष्यलाई सधैं अध्याँरो देख्ने, वर्तमानमा निराशाको सोच राख्ने र विगतप्रति अनादार वा पश्चातापपूर्ण सोच राख्ने व्यक्ति आफ्नो लागि मात्र होइन अरूको लागि समेत परपीडक बन्दछ । आफूभित्र कुण्ठा, आत्मग्लानि, हीनभाव राख्नेले संगठन, समाज वा मुलुकको प्रगतिको लागि ठूलो योगदान दिन सक्छ भन्नु व्यर्थ हुन जान्छ । त्यसैले नेतृत्व विकासको प्रश्नसँग स्वविकास र सह-विकासको अवधारणा जोडिन पुग्दछ । हरेक पाइलापाइलामा सकारात्मक सोच वा प्रशंसनीय दृष्टिकोण राख्न सक्ने हो भने व्यक्तिको सफलताको ढोका त्यहीँबाट खुल्न थाल्दछ ।

जीवन र जगतको विकासमा अगुवाइ गर्ने तत्त्व पनि सकारात्मक नै हुन्छ । असल अगुवाले जहिले पनि सकारात्मक सोच राख्नु पर्दछ । ठूलो उज्यालो पाउनको लागि सानो उज्यालोको सहारा चाहिन्छ भनेझैं संगठन वा जीवनको सफलताका लागि ससाना सफलता र सकारात्मक उपलब्धिहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । जीवन र संगठनलाई अगाडि बढाउन प्रेरणा दिने शक्तिहरूको पहिचान, विस्तार एवम् प्रवर्द्धन गर्न सके जीवन ज्यादै सुन्दर, सफल र गतिशील बन्दछ । अरूबाट जस लिनु अगाडि आफूले पनि अरूलाई जस दिन जान्नु पर्दछ । अरूले मलाई नमस्कार गरून् भन्ने चाहना राख्नेले पहिले आफैंले नै नमस्कार टक्र्याउनु पर्दछ । प्रशंसनीय सोच राख्नुको तात्पर्य अरूको चाकडी गर्नु, यथार्थभन्दा बढी अतिरञ्जित गर्नु, मुखले मात्र लोलोपोतो पार्नु वा कमजोरी पक्ष वा नकारात्मक पक्षप्रति बेवास्ता गर्नु भने होइन । प्रत्येक सफलतामा पाइला टेकेर नयाँ सफलताको लागि प्रतिबद्धता राख्नु र त्यसै अनुसार योजना बनाई कार्यान्वयनमा अगाडि बढ्नु नैं प्रशंसनीय दृष्टिकोणको सार हो । एउटा सफल अगुवा समस्या देखेर कहिल्यै पनि तर्सिंदैन बरु समस्यालाई अवसरको रूपमा बदल्ने अठोट राख्दछ । सकारात्मक सोच राख्नु भनेको आफ्नो वा अरूको कमजोरी पक्ष के छ भनेर खोज्नु नभई त्यसभित्रका सफल र सबल पक्षहरू केलाउनु हो । सकारात्मक सोच राख्ने व्यक्ति आफू सधैं खुसी देखिन्छ । प्रसन्न मनले गरेको काममा बढी सफलता मिल्दछ । सोचले नै शक्तिको निर्माण गर्दछ । नकारात्मक सोचले नरकारात्मक शक्ति सिर्जना गर्दछ, जसले जीवन र संगठनलाई विषाक्त पार्दछ भने सकारात्मक सोचले सकारात्मक शक्ति सिर्जना गर्दछ, जसले अमृतको कार्य गर्दछ । संगठनभित्र सकारात्मक सोचको संस्कृति विकास गर्न नसक्दा अस्वस्थ प्रतिस्पर्धा, एकअर्काप्रति चिसोपना, कटुता, अनावश्यक रूपमा अन्तरविरोधहरूको सिर्जना, भावनात्मक एकताको कमी, जिम्मेवारीप्रतिको उत्प्रेरणाको कमी जस्ता समस्याहरू देखिन सक्दछन् ।

**एउटा सफल अगुवा समस्या देखेर कहिल्यै पनि तर्सिंदैन बरु समस्यालाई अवसरको रूपमा बदल्ने अठोट राख्दछ । सकारात्मक सोच राख्नु भनेको आफ्नो वा अरूको कमजोरी पक्ष के छ भनेर खोज्नु नभई त्यसभित्रका सफल र सबल पक्षहरू केलाउनु हो । सकारात्मक सोच राख्ने व्यक्ति आफू सधैँ खुसी देखिन्छ ।**

नेतृत्व सीप व्यवहारबाट नै विकास गर्न सकिने हुनाले यो विषयमा जानकारी राख्नु जति महत्त्वपूर्ण हुन्छ त्योभन्दा बढी दैनिक व्यावहारिक जीवनमा अभ्यास गर्न सक्नु पर्दछ । स्वविश्लेषण, पृष्ठपोषणको माध्यमबाट आफूलाई परिमार्जन गर्दै जान सकिन्छ । तर यसका लागि अत्यावश्यक छ परिवर्तनप्रतिको इच्छा शक्ति र तत्परता ।

*(गिरी बास प्रदेश नम्बर ५ को संयोजक हुनुहुन्छ ।)*


**शुभकामना**

बिजया दशमी तथा दिपावली २०७६ को अवसरमा समस्त ग्राहक बर्गमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछौं ।

स्वदेशी उत्पादनको प्रयोग गरौं देशको अर्थतन्त्र मजबुत बनाऔं ।

**आशिष ब्रदर्श एण्ट कोल सप्लायर्स, तथा बागेश्वरी स:मिल नेपालगन्ज**

# कमजोर सार्वजनिक उत्तरदायित्व



**संघीय संरचनामा हाल सेवाप्रवाहका विषयमा आम नागरिकबाट आइरहेका असन्तुष्टिलाई साम्य पार्न सार्वजनिक सेवाप्रवाहका लागि सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग पहिलो प्राथमिकतामा पर्नु पर्दछ। सरकार त्यस्तो संस्था हो जसको म्याण्डेट र दायित्व जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ हुनुपर्दछ।**

**हेमराज भट्ट**
उपनिर्देशक, बास

नेपाल अहिले संघीय संरचना अन्तर्गत तीन तहको सरकार स्थापना गरी अगाडि बढिरहेको छ। नेपालमा गणतन्त्र स्थापना भइसकेपश्चात् स्थापित नेपालका लागि नौलो यो अभ्यासले नेपालमा संघ, प्रदेश र स्थानीय सरकारको परिकल्पना गरी सोही अनुसार सञ्चालित छ। नेपाल यस्तो देश हो जहाँ निरङ्कुश जहानियाँ राणा शासन, राजतन्त्र हुँदै हाल गणतन्त्रको अभ्यास भइसकेको छ। नेपाल जस्तो सानो देशमा यसरी भइरहेको उथलपुथल तथा सत्ता उलटपलटको एक मात्रै कारण सरकारमा बसेकाले नेपाली जनताको चाहना र इच्छा अनुरूप काम गर्न नसक्नु हो भन्ने प्रष्ट देखिन्छ।

विगतमा निरङ्कुश सरकार तथा राजनीतिक नेतृत्वले ठूला-ठूला आन्दोलन गरेर परिवर्तन ल्याए पनि अन्ततः शासितले शासकमाथि नियन्त्रण कायम गर्ने प्रणालीको विकास हुनुको साटो शासकको रजाइँ शासित माथि निरन्तर भइनै रह्यो जसका कारण जस्तोसुकै सरकार आए पनि नेपाली नागरिकका लागि हर्ष न बिस्मातको अवस्था देखियो। उहिले र अहिलेका शासन गर्ने हरेक व्यक्तिलाई शासनका सर्वोच्च मालिक जनता हुन् भन्ने राम्रोसँग हेक्का छ। तर उनीहरूले यो महत्त्वपूर्ण कुरालाई बुझेर पनि बुझ पचाइ दिँदा नेपालकै लागि सरकार र सत्तासमेत अलोकप्रिय बन्दै गएको देखिन्छ। अर्कोतर्फ नेपाली जनताले निर्वाचित गरेर पठाएका जनप्रतिनिधिहरू र नेपालको कर्मचारीतन्त्र बीचको वैमनस्यता तथा बेमेलले सार्वजनिक सेवाप्रवाहमा प्रभावकारिता र सुशासन कायम गर्नुको साटो सामाजिक जबाफदेहितालाई कमजोर बनाएको छ। यी र यस्ता विविध विषयमा राजनीतिक नेतृत्व र प्रशासन दुवैले चित्त बुझ्दो जबाफ दिने र जनताको मन जित्ने वातावरण कायम गर्नु आजको आवश्यकता हो। त्यसका लागि समयसापेक्ष नीति, असल आचरण, सदाचारिता र नागरिक खबरदारीको खाँचो पर्दछ।

जनचाहना अनुसार काम हुनका लागि हरेक व्यक्ति नैतिक रूपमा परिपक्क हुन अपरिहार्य छ। अर्कोतर्फ सेवा प्रदायक निकायमार्फत् हुने हरेक कार्यहरू पारदर्शी र जवाफदेही रूपमा सम्पन्न हुन जरूरी देखिन्छ। सेवा प्रदायक निकायले प्रवाह गर्ने सेवालाई जनअपेक्षित बनाउन नेपालमा यस अघि थुप्रै अभ्यासहरू लागू भइसकेका छन् जसका कारण सेवाप्रवाहमा चुस्तता आउनुका साथै राम्रो काम गर्ने र गलत काम गर्नेबीच मूल्याङ्कन गर्ने मापदण्डको विकास भइनै सकेको छ। संघीय संरचनामा हाल सेवाप्रवाहका विषयमा आम नागरिकबाट आइरहेका असन्तुष्टिलाई साम्य पार्न सार्वजनिक सेवाप्रवाहका लागि सामाजिक जबाफदेहिताका औजारको प्रयोग पहिलो प्राथमिकतामा पर्नु पर्दछ। सरकार त्यस्तो संस्था हो जसको म्याण्डेट र दायित्व जनताको आधारभूत आवश्यकता परिपूर्ति गर्नेतर्फ हुनुपर्दछ। आम नागरिकले सुशासन, जवाफदेहिता र पारदर्शिता हेर्न चाहन्छन् त्यसैले स्थानीय सरकारले गर्ने क्रियाकलापमा पारदर्शिता जरूरी छ। सुशासन र पारदर्शिता कायम गर्न सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग जरूरी छ।

**सामाजिक जवाफदेहिताका २१ संयन्त्रहरू के के हुन ?**

खण्ड क) सूचना सम्बन्धी संयन्त्र (Information Tools)

१) नागरिक बडापत्र Citizen charter

२) सेवासुविधाहरूको सूची Check list

of entitlement's
३) स्थानीय तहको बजेट Budgets of local bodies
४) सूचनाको हक सम्बन्धी कानुन Right to information
५) नागरिकसँग सम्बन्धित कानुन, नीति तथा नियमहरूको सूचक check list of relevant laws, policies, regulations that affect a citizens life.

खण्ड ख) जबाफदेहिता र सदाचार सम्बन्धी संयन्त्र Accountability and Integrity Tools
६) नागरिक शिक्षा Civic Education
७) सार्वजनिक खर्चको सोधखोज Public expenditure tracking -PET
८) मापदण्ड एवम् सूचकहरूको सूची Check list of standards and indicator
९) सामुदायिक अंक पत्र Community Score Card
१०) नागरिक प्रतिवेदन पत्र Citizen report card
११) सार्वजनिक सुनुवाइ Public Hearing
१२) सार्वजनिक लेखा परीक्षण Public Audit
१३) सार्वजनिक राजस्व अनुगमन Public Revenue Monitoring
१४) जनगुनासो निवारण संयन्त्र Public Grievance redershal System

खण्ड ग) सहभागितामूलक विकास सम्बन्धी संयन्त्र Participatory Development Tools
१५) बहु सरोकारवाला समूह Multi Stakeholder group
१६) सहभागितामूलक योजना तर्जुमा Participatory Planning
१७) सहभागितामूलक बजेट तर्जुमा Participatory Budgeting
१८) समुदाय नेतृत्वको खरिद Community lead procurement
१९) सम्पत्ति घोषणा Declartion of Assets
२०) निहित स्वार्थ understanding conflict of Interest
२१) सदाचार पद्धति Integrity Pact

**बाँकेमा सामाजिक जबाफदेहिताका संयन्त्रको अभ्यास :**

बाँकेका स्थानीय तहहरूले आफूले प्रवाह गर्ने सेवा तथा सुविधालाई पारदर्शी गर्न तथा लिएको जिम्मेवारीलाई जवाफदेही ढंगले सम्पन्न गर्न ८ ओटै पालिकाहरूले सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोग पूर्ण रूपमा गर्न सकेका छैनन्। औषत रूपमा बाँकेका स्थानीय सरकारहरूको सामाजिक जवाफदेहिताका औजारहरूको प्रयोगको अवस्था हेर्ने हो भने सन्तोष जनक छ भन्न सकिँदैन। स्थानीय तहहरूले वर्षभरि गरेका कामको सार्वजनिकीकरण सार्वजनिक सुनुवाइमार्फत् गर्ने गरेका छन्, जुन राम्रो अभ्यासको रूपमा लिन सकिन्छ। तर हरेक चौमासिकमा गर्दा उपयुक्त हुने सुनुवाइ केही स्थानीय तहले मात्रै प्रक्रिया पुऱ्याएर वर्षको तीनपटक गर्दै आएका छन् भने केहीले वर्षमा एउटा मात्रै सार्वजनिक सुनुवाइ गरेर जिम्मेवारीबाट पन्छिएको पाइन्छ। बाँकेका स्थानीय सरकारमा भएको अर्को अभ्यासको रूपमा नागरिक बडा पत्र हो। तर यसको महत्वबारे स्वयम् स्थानीय तहलाई नै चासो नहुँदा त्यो भित्तामा झुड्याउनेबाहेक सेवा प्रदायक निकाय र सेवाग्राही दुवैका लागि खासै उपयोगी भएको पाइँदैन। बाँकेका केही स्थानीय तह तथा वडाले समेत पछिल्लो समय डिजिटल नागरिक बडापत्रको सुरुवात गरेका छन् जसलाई सकारात्मक रूपमा लिन सकिन्छ। तर कतिपय स्थानीय तहमा अझै पनि पुरानै नागरिक बडापत्र झुण्डिएको देखिन्छ। बाँके जिल्ला सूचनाको हकको

> **बाँकेका स्थानीय तहहरूले आफूले प्रवाह गर्ने सेवा तथा सुविधालाई पारदर्शी गर्न तथा लिएको जिम्मेवारीलाई जवाफदेही ढंगले सम्पन्न गर्न ८ ओटै पालिकाहरूले सामाजिक जवाफदेहिताका औजाहरूको प्रयोग पूर्ण रूपमा गर्न सकेका छैनन्।**

प्रयोग हुने देशकै अग्रणी जिल्लाको रूपमा आउँछ। तर यहाँका स्थानीय तहहरूले भने यसलाई सकारात्मक रूपमा लिएको पाइँदैन। हरेक स्थानीय तहले कार्यालयमा सूचना अधिकारी तोक्नु पर्ने हो तर सबैमा तोकिएको देखिँदैन। तोकिएको भए पनि तल्लो दर्जाको कर्मचारीलाई जिम्मेवारी दिइएको पाइन्छ, जससँग कुनै पनि सूचना हुँदैन। सूचना आफूले प्रवाह गरेका सेवाहरूको सार्वजनिकीकरण गर्ने महत्त्वपूर्ण औजार भएकाले हरेक स्थानीय तहले त्यसको महत्त्वलाई बुझी दोश्रो या तेस्रो बरियताको कर्मचारीलाई जिम्मेवारी दिई त्यसबारे आम नागरिकलाई जानकारी गराउन जरूरी छ। केही स्थानीय तहहरूले सामाजिक परीक्षण, बजेटको बारेमा फ्लेक्स तयार गरी कार्यालयको भित्तामा टाँस गर्ने, नागरिक सहायता कक्ष सञ्चालन, गुनासो सुन्ने व्यवस्थाको थालनीलगायतका कामहरू गरेको पाइन्छ। यसका अलावा अन्य औजारहरूको प्रयोग खासै भएको देखिँदैन।

**स्थानीय तहहरूले तत्काल के गर्न जरुरी छ ?**

बाँके जिल्लामा स्थानीय तहहरूले पारदर्शिता र सुशासनका लागि सामान्य बजेट विनियोजन गर्ने गरेको भएपनि त्यो निकै अपर्याप्त छ। गरिरहेको कामलाई जनता

समक्ष पुऱ्याउने तथा सेवा प्रदायक निकाय र सेवाग्राहीहरू बीच छलफल, संवाद तथा सम्बन्ध सुमधुर बनाउनतर्फ पालिकाहरूको ध्यान जान अपरिहार्य छ। सेवा प्रदायक निकायले नागरिक बडापत्र, सेवाको सूची, बजेटको सार्वजनिकीकरणलगायतका विषयलाई प्राथमिकतामा राखेर त्यसको कार्यान्वयन गर्न अपरिहार्य छ भने त्यसबारे आम नागरिकलाई जानकारी गराउन नागरिक शिक्षामा लगानी गर्नुपर्ने देखिन्छ। नागरिकहरूको गुनासो तथा पृष्ठपोषणले आफूले गरेका कामहरूको स्वःमूल्याङ्कन गर्न सहज हुने तथा सेवा सुधार गर्न सकिने भएकाले जनगुनासो निवारण संयन्त्र, सूचनाको हक सम्बन्धी कानुनको प्रयोग, सहभागितामूलक कार्यक्रममा जोड दिनुपर्ने देखिन्छ। स्थानीय स्तरका नीति, कार्यक्रम तथा उपलब्धिहरूको बारेमा सार्वजनिकीकरण गर्ने तथा सोबारे नागरिक पृष्ठपोषण लिन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण,

**बाँकेका केही स्थानीय तह तथा वडाले समेत पछिल्लो समय डिजिटल नागरिक बडापत्रको सुरुवात गरेका छन् जसलाई सकारात्मक रुपमा लिन सकिन्छ। तर कतिपय स्थानीय तहमा अझै पनि पुरानै नागरिक बडापत्र झुण्डिएको देखिन्छ।**

सामुदायिक अंक पत्र, नागरिक प्रतिवेदन पत्र, बहिर्गमन अभिमत पत्र पेट्सलगायतका विधिहरू उत्कृष्ट विधि हुन्। त्यसैले यस्ता विधिहरूको प्रयोग प्रक्रियागत ढंगले गरेमा त्यसले दुवै पक्षबीच सम्बन्ध सुधार गर्नुका साथै स्थानीय सरकारप्रति आम नागरिकको धारणा सकारात्मक हुने देखिन्छ।

सार्वजनिक निकायले गर्ने हरेक क्रियाकलाप आम नागरिकका लागि भएकाले हरेक क्रियाकलापमा सबै वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन जरूरी छ। यी उल्लेखित सबै विधिहरूको कार्यान्वयन सेवा सुधारका लागि गरेमा सदाचार पद्धतिको थालनी भई उत्कृष्ट हुनेमा दुईमत छैन।

कमजोर सार्वजनिक उत्तरदायित्वलाई बलियो बनाउनतर्फ सबै सरकारी पद धारणा गरेका व्यक्ति, नागरिक संस्थालगायत हरेक नागरिकले आआफ्नो ठाँउबाट जबाफदेही बन्न जरूरी छ।

हरेक नागरिकहरूको दैनिक जीवनमा प्रत्यक्ष प्रभाव पार्ने सेवाहरूको सुधारका लागि समुदाय र सरकारबीच संवादको सहजीकरण गर्ने, नागरिक अधिकारबारे सुसूचित गराउने, नागरिक अधिकार संरक्षण तथा कार्यान्वयनका लागि नागरिक शिक्षा प्रदान गरी उनीहरूलाई सक्षम बनाउने कार्यमा हाम्रा स्थानीय सरकार लागेमा जनमुखी र नागरिक सहभागितामूलक शासन व्यवस्थाको अनुभूति हुने छ।


## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

- खानेपानीको धारा वरिपरि सफा राखौं ।
- सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।
- विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।
- पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।
- खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

**वडालाई सफा र सुन्दर बनाउन प्रण गरौ ।**

अजयकुमार पाठक (अध्यक्ष)

**नेपालगन्ज उपमहानगरपालिका**
**१७ नम्बर वडा कार्यालय**

## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

ओमकार नाथ मिश्रा
अध्यक्ष

**नेपालगन्ज उपमहानगरपालिका**
**१४ नम्बर वडा कार्यालय**



## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

मो. हुसेन शेष
अध्यक्ष

**नेपालगन्ज उपमहानगरपालिका**
**२३ नम्बर वडा कार्यालय**



# शुभकामना

विजया दशमी, शुभ दीपावली एवम् छठ पर्व २०७६ को अवसरमा सम्पूर्ण नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**वनस्पति/जडीबुटीको संरक्षण गरौं ।**

नेपाल सरकार
वनतथा वातावरण मन्त्रालय, वनस्पति विभाग

**वनस्पति अनुसन्धान केन्द्र, बाँके**
नेपालगन्ज, परिवार

पत्र

# नानीहरूलाई इमान्दार बन्न आग्रह



दिला शाह

प्यारा नानीहरू हृदयभरिको प्यार छ। आराम छु आराम चाहन्छु।

नानीहरू हो मैले तिमीहरूलाई सानै देखेकोले नानी शब्दद्वारा सम्बोधन गरेकी हुँ। किनकि स्कुल पढ्ने भाइबहिनीहरू कलिला हुन्छन्। सुकुमार हुन्छन्। सरल हुन्छन्। सोझा हुन्छन्। इमान्दार हुन्छन्। ज्ञानी हुन्छन्। विवेकी हुन्छन्। अनि नानी शब्दमा धेरै प्यार पनि हुन्छ त्यसैले नानी भनेकी हुँ। अन्यथा नठान ल!

नानीहरू दिनको संकेत बिहानीले गर्छ भन्ने उक्ति सुनेकै हौला तिमीहरूले। हो तिमीहरू भनेको आजका बिहानी हौं, कलिलो जून घाम हौं सिंगो देशको संवाहक हौं र भोलिको सिङ्गै देश हौं। देशले ठूलो अपेक्षा गरेको छ राष्ट्रको भरोसा भनेकै तिमीहरू हौं भनेर। त्यसैले पनि भोलिको लागि आज पृष्ठभूमि तयार पार्नुपर्छ। उज्यालो दिन भित्र्याउनको लागि अनवरत कसरत गर्नुपर्नेछ र भोलिका चुनौतीका विरुद्धमा उत्रनको लागि आफूलाई तयार पार्नुपर्ने छ। यसकारण पनि आज जति सजिलो छ भोलि यो अवस्था रहने छैन। जीवन छोटो भए पनि यात्रा लामो हुनसक्छ तसर्थ मैले तिमीहरूका लागि पत्र लेखेकी छु। मलाई आशा एवम् विश्वास छ मेरो पत्रले तिम्रो भोलिको जीवनमा समय सापेक्षताको अद्भुत सहयोग गर्ने छ र राष्ट्रले पीडा भोग गर्ने छैन।

नानीहरू हो मान्छे जन्मँदै कोही महान बन्दैन। सबै असल मान्छेहरू अध्ययनशील र लगनशील भएरनै सफल भएका हुन्। तिमीहरूलाई थाहै छ सेक्सपियर गरिब परिवारमा जन्मेर पनि विश्वविख्यात महान नाटककार बन्न सफल भए। मुर्ख भएर पनि कालिदास विद्वान बने। दिनदुःखीहरूको परोपकारले नै फ्लोरेन्स नाइटिङगेललाई ीबमथ धष्तज तजभ किउ बनायो। त्याग र धैर्यताले महात्मा गान्धीलाई सबैको नमुना बनायो। निरन्तर अनुसन्धानले म्याडम क्युरीलाई विश्वले सम्मान गरिरह्यो। अथक प्रयास र अनुसन्धानले विल्भर राइट र ओर्भिल राइटलाई विश्व आकासमा उडाइरह्यो। तिमीहरूलाई लाग्छ विश्वका अन्य मुलुकका मान्छेहरूले मात्र चमत्कारीपूर्ण कार्य गर्न सक्छन्, त्यसो त कदापि होइन त्यस्तो कदापि नसोच, महान व्यक्तिहरू जन्माउन नेपाली धर्ती पनि कम उर्वर छैन। साहस र त्याग नभएको भए चौध वर्षका कलिला बालक तेम्वाछिरी शेर्पा सगरमाथा चुम्न सक्दैनथे होलान्। ठूलो छाती र आँट नभएको भए अमरसिंह थापा इतिहासमा अमर बन्ने थिएनन् होला। गहन अध्ययन र चिन्तन नभएको भए पारिजात देश विदेशमा सुवासित बन्दिनथिन् होला। दह्रो विश्वास र हिम्मत

नानीहरू दिनको संकेत बिहानीले गर्छ भन्ने उक्ति सुनेकै हौला तिमीहरूले। हो तिमीहरू भनेको आजका बिहानी हौ, कलिलो जून घाम हौ सिंगो देशको संवाहक हौ र भोलिको सिङ्गै देश हौ। देशले ठूलो अपेक्षा गरेको छ राष्ट्रको भरोसा भनेकै तिमीहरू हौ भनेर। त्यसैले पनि भोलिको लागि आज पृष्ठभूमि तयार पार्नुपर्छ। उज्यालो दिन भित्र्याउनको लागि अनवरत कसरत गर्नुपर्नेछ र भोलिका चुनौतीका विरुद्धमा उत्रनको लागि आफूलाई तयार पार्नुपर्ने छ।

नभएको भए नारी भएर पनि पासाङ ल्हामु शेर्पा सगरमाथामा झन्डा गाड्न सफल हुन्नथिन् होला। कमलो भावना र गरिब परिवारमा नजन्मेका भए लक्ष्मीप्रसाद देवकोटा महाकवि बन्दैनथे होला। बुद्धि र चिन्तन नभएको भए बालकृष्ण सम नेपालका नाट्य सम्राट हुँदैनथे होला। अन्याय र अत्याचारको प्रतिकार नगरी बसेका भए गंगालालहरू सहिद भएर सबैको मनमुटुमा बस्न सक्दैनथे होला। चाहना र साधन नगरेका भए नारायण गोपाल प्रत्येक नेपालीको झुपडीमा गुञ्जदैनथे होला। जनताको लागि लडाइँ नलडी दरबारको सुखसयलमा बसेका

भए मदन भण्डारी जननेता बन्दैनथे होला। दुःख र संघर्षबाट लडिबुडी खेलेर माथि नउठेको भए झमक घिमिरे आज एउटा कुनामै कुल्चिएकी हुन्थिन् होला। यौन र चाहनालाई नत्यागेका भए बालागुरु षडानन्दको इतिहास पढ्नु पर्दैनथ्यो होला। गौतमबुद्धले दरबारको सुखसयल नत्यागेका भए आज विश्वले बुद्धत्व प्राप्त गर्न सक्ने थिएन आदि, आदि .....!

**समाजलाई सभ्य स्वच्छ ढंगले गतिशील बनाउ विद्यार्थी समूहको अहम् भूमिका र हन्छ। विधार्थीको शक्ति अजय हुन्छ। विद्यार्थीको न्यायोचित मागको सवालमा विश्वासका ठूला ठूला राष्ट्रहरू पनि झुकेको इतिहास साक्षी छ। विद्यार्थीमा पहाड फोर्ने शक्ति हुन्छ। आकास थर्काउने शक्ति हुन्छ। धर्ती गुञ्जाउने शक्ति हुन्छ।**

भाइबहिनी हो मलाई दुःख यस मानेमा लागेको छ कि, हिजोको विद्यार्थी जीवन र वर्तमानको विद्यार्थी जीवनमा आकास पातालको फरक देखिएको छ। हिजोको विद्यार्थी जीवनमा देखिएको अभावले परिश्रम गर्न सिकाएको थियो, गरिबीले अध्ययनशील बन्न सिकाएको थियो। समस्याले चुनौतीसँग जुध्न सिकाएको थियो। संकटले नव श्रृजनाको लहर ल्याएको थियो र गुणात्मक जनशक्तिको उत्पादन भएको थियो। यसो भनेर वर्तमान सन्दर्भमा असल जनशक्ति उत्पादन नभएको भन्ने मेरो आशय होइन। सवाल के हो ? संख्यात्मक रूपमा हिजो जति गुणात्मक जनशक्ति देखिएको थियो त्यसको तुलनात्मक रूपले वर्तमानमा गौन देखिएको छ। विडम्बना के छ भने उम्रँदै तीन पात भने झैं आजकाल ससाना स्कुले नानीहरू रस-रंगमा बढी उद्यत भएका छन्। हरेक पोष्टकार्डमा प्रेम अंकुराएका छन्। आँखामा गाजल र ओठको लालीले उमेर नपुग्दै प्रेम रसमा डुब्न इसारा गरिरहेको छ। कपाल र नङको श्रृंगार अनि मगमगाउने अत्तरको बासनाले यौनइच्छालाई बढावा दिएको छ। खुकुलोमा खुकुलो र कसिलोमा कसिलो पोषाकले चेतनास्तरमा ह्रासपना ल्याएको छ। किताबका पानाभरि छरिएका अक्षरहरूमा फिल्मी नायक नायिकाहरू छचल्किएका छन्। फेसबुक, ट्वीटर, म्यासेन्जर र इन्स्टाग्राममका पानाभरि झुट र टाइम पासका कहानीहरू छरिएका छन्। हिँडाइ, घुमाइ, खानपान, बोलाईमा बाहिर देशको हावा चलेको छ, कतै नभएको विकासे स्वरूप प्रदर्शन गरिएको छ। प्रकृतिपनालाई कृत्रिमताको लेपनले हर क्षेत्रमा विकृति र विसंगतिलाई प्रशय दिइरहेको छ। सादा जीवन उच्च विचार (Simple leaving high thinking) भन्ने आदर्श वाक्यलाई उपेक्षा गरिएको छ। चेतना श्रृंगार गर्नुको बदला शरीर श्रृंगारको महत्त्व दिनुले के पाठ सिकाएको छ भने स्यालले कुखुरा लग्यो भन्दा पनि स्याल पल्क्यो भन्ने चिन्ताले सताएको छ। प्रेम त ढुकुरले पनि गर्छ। कुकुरले पनि गर्छ तर त्यसका पनि निश्चित आधारहरू हुन्छन्, निश्चित समय हुन्छ। भन्न खोजेको के हो भने जसले समयको सही सदुपयोग गर्छ त्यही सफल व्यक्ति बन्छ। यद्यपि प्राकृतिक क्रियाकलापलाई इन्कार गरेर प्रेम गर्न हुन्न चाहिँ भनेको होइन, आफ्नो उच्चशिक्षा अध्ययनलाई पूरा नगरी बीचैमा रसरंगमा ध्यान दिँदा जीवन अपूर्ण मात्र होइन व्यर्थ रहने व्यहोरा जानकारी गराउन मात्र खोजेकी हुँ।

नानीहरू हो यो देश तिम्रो हो, भोलिको भविष्य तिम्रो हो। त्यसैले केही पाउनको लागि केही गुमाउनु पर्छ नै। महान उद्देश्यमा आत्म त्याग्न गर्ने प्राणी भनेको मान्छे नै हो। हुनत देशमा व्याप्त विविध असंगत पक्षहरूले तिमीहरूको मनोबल गिरेको होला। यहाँ केही हुँदैन भनेर नकारात्मक विचारले प्रश्रय पाएको होला तर हरेक मान्छे आशावादी बन्नुपर्छ। हामीलाई थाहा छ दन्केको आगोमा दाउरा थपेर आगो निभ्दैन। उडुस पऱ्यो भनेर घर जलाउनु मुर्खता शिवाय केही होइन। त्यसैले विद्यमान समयका थुप्रै असंगत पक्षहरूको विरुद्धमा तिमीहरू एकजुट भएर लाग्दा राम्रो हुनसक्छ। समाजलाई सभ्य स्वच्छ ढंगले गतिशील बनाउ विद्यार्थी समूहको अहम् भूमिका रहन्छ। विधार्थीको शक्ति अजय हुन्छ। विद्यार्थीको न्यायोचित मागको सवालमा विश्वासका ठूला ठूला राष्ट्रहरू पनि झुकेको इतिहास साक्षी छ। विद्यार्थीमा पहाड फोर्ने शक्ति हुन्छ। आकास थर्काउने शक्ति हुन्छ। धर्ती गुञ्जाउने शक्ति हुन्छ। हिमाल झुकाउने शक्ति हुन्छ। त्यो शक्तिलाई उचित निर्देशनद्वारा उचित स्थानमा सदुपयोग गर्ने क्षमताको पनि आवश्यक्ता हुन्छ। नेल्सन मन्डेला २८ वर्ष जेलमा बसेर पनि जनताकै लागि लडिरहे। अब्राहम लिंकन पनि अमेरिकी सामन्तहरूको विरुद्धमा लडाइँ लडेर नै राष्ट्रपति बन्न सफल भएका हुन्। त्यसैले राष्ट्र र राष्ट्रियता भन्दा ठूलो कुरा केही हुँदैन

**नानीहरू हो यो देश तिम्रो हो, भोलिको भविष्य तिम्रो हो। त्यसैले केही पाउनको लागि केही गुमाउनु पर्छ नै। महान उद्देश्यमा आत्म त्याग्न गर्ने प्राणी भनेको मान्छे नै हो।**

भन्ने मूलमन्त्रलाई आत्मसात् गर्न सक्यौं भने निश्चय पनि तिमीहरू देशका असल नागरिक बन्ने छौं र नेपाल आमाका असल सन्ततिको रूपमा गर्वका साथ बाँच्न सक्नेछौं ।

विद्यार्थीहरूमा मूलतः अनुशासनको ज्यादै महत्त्व रहन्छ। जीवनको गहनता भनेकै अनुशासन हो। अनुशासनले नै सफलताको शिखरमा पुऱ्याउँछ। अनुशासनले ज्ञान सिकाउँछ ज्ञानले विवेक बढाउँछ विवेकले क्षमता वृद्धि गर्छ र समाजमा प्रतिष्ठित बनाउँछ। आजकलका केही स्कुले ठिटाठिटीहरू आफूलाई स्वघोषित बढप्पन देखाउन रुचाउँछन्। आफ्नो हैसियत भुलेर समाजलाई चटक्कै बिर्सन्छन्। नशालु पदार्थको सेवनले कुलतमा फसेका छन्। अनावश्यक फेसनले समाजमा विकृति भित्र्याएका छन्। जसले आफ्नो स्तरलाई दिनानुदिन गिराएका छन्। यो धर्तीमा रहेर आकासको जूनतारा टिप्न खोजेझैं गर्छन्। यस्ता भुलहरू जानेर होस् या नजानेर यदि तिमीहरूले पनि गलत गरेको महसुस गरेका छौं भने अझै केही बिग्रेको छैन आफूलाई सच्याउने प्रयास गर पक्कै पनि असल जनशक्ति बनेर गन्तव्यमा पुग्न सक्नेछौं।

विद्यार्थी भनेका समुन्द्र हुन् जसले थुप्रै फोहरहरूलाई बगाएर समाज स्वच्छ पार्न सकोस्। नम्र बन्नुपर्छ जसले रिसका धनीहरू पनि रिसविहीन बन्न सकुन्। निस्वार्थ बन्नुपर्छ जसले समाजको भलाइको लागि उदाहरण बन्न सकून्। त्यसै लेखनाथ पौडेलले भनेका होइनन् " उपकारी गुणी व्यक्ति निहुरन्छ निरन्तर, फलेका वृक्षको हाँगा नझुकेको कहाँ छ र ? "

अन्त्यमा यो देश तिम्रै हो, भविष्य तिम्रै हो। आफ्नो चिजलाई कस्तो बनाउनु पर्छ गहन चिन्तन गर्नेछौं। किताबका सुनौला अक्षरले तिम्रो भविष्यका बारेमा के बोलेका छन् ? कलमले के के श्रृजना गर्ने हो ? बहुत ख्याल गर्ने छौं भन्ने म आशामा छु। म जस्तै हजारौं लाखौं आमाहरू आफ्ना सन्तानहरूलाई सबल सक्षम र सफल देख्न चाहन्छन्। आशा छ तिमीहरूको सही निर्णय र सफल जीवनको आशा गरिरहेका कोही आमाले पनि निरास हुनु पर्ने छैन र रुनु पर्ने छैन। आफ्ना सन्तान प्रति गर्वले हाँसेर बाँच्ने छन्। हामीलाई थाहा छ "फुलको बास्ना डाँडावारि मान्छेको बास्ना डाँडापारि" त्यसैले तिमीहरू यो देशका अमर सिपाही बन्ने छौं। आमाको आशामा तुषारापात हुनदिने छैनौं भन्ने आशाका साथ कलम थामेँ ल ........!

*(शाह बासको केन्द्रीय सदस्य हुनुहुन्छ।)*


**स्वस्थ भएर बाँचौं आफूलाई कुनै स्वास्थ्य सम्बन्धी समस्या भए भेरी अस्पताल नेपालगञ्जमा समयमै सम्पर्क गरौं ।**

यस भेरी अस्पतालमा आकस्मिक उपचार सेवा, जनरल मेडिसिन सेवा, निःशुल्क प्रसूति सेवा, गाइनो सेवा, अर्थोपेडिक्स सेवा, नाक–कान, घाँटी सम्बन्धी रोगको उपचार सेवा, साईक्याट्रिक समस्याको उपचार सेवा, जेष्ठ नागरिक उपचार सेवा, कुपोषित बालबालिको उपचार सेवा, क्याथल्याव सेवा, आई.सी.यू. सेवा, एन.आई.सी.यू. सेवा, डाइलासिस सेवा, कार्डियालोजि सेवा, डर्माटोलोजिष्ट सेवा, डेन्टल सेवा, सर्जरी सेवा, अल्ट्रासाउण्ड सेवा, एक्स–रे सेवा, विभिन्न ल्याव सेवा, सिक्कल सेल रोगको उपचार सेवा, सामाजिक सेवा इकाई (विपन्न र लक्षित वर्गको निःशुल्क उपचार सेवा), मेथाडोन, एआरटी सेवा, ग्याष्ट्रिक सेवा, सिटी स्क्यान सेवा, पाठेघर खस्ने रोगको उपचार सेवा, डाइग्नोसिस, हाइड्रोसिलको अप्रेशन लगायतका उपचार सेवा सञ्चालन हुँदै आएका छन् । आफुसँग स्वास्थ्य सम्बन्धि कुनै समस्या भए भेरी अञ्चल अस्पताल नेपालगञ्जमा समयमै सम्पर्क राखी सहज रूपमा सेवा लिनहुन सम्पूर्ण महानुभावहरुलाई हार्दिक अनुरोध गरिन्छ ।

**भेरी अस्पताल, नेपालगञ्ज बाँके**

# को तन्नेरी ?



**ईश्वर दाहाल**

तन्नेरी भन्नाले जुनसुकै उमेर समूहको पनि जोस जाँगर र क्रियाशीलताले पूर्ण हुनुलाई जनाउँछ। सामान्यतया युवालाई तन्नेरी भन्ने गरिन्छ यी शब्दले उस्तै उस्तै अर्थ दिन खोजेता पनि भिन्नता पाइन्छ। युवा भन्नाले उमेर समूहको सीमितता तोकिएको भएपनि तन्नेरीको कुनै पनि उमेरमा विभाजन गरिँदैन यो त व्यक्तिको क्रियाशीलता, सिर्जनात्मक क्षमतामा भर पर्छ। वृद्धअवस्थाको मानिसमा पनि सकारात्मक सोच केही गर्ने आँट र हिम्मत छ भने त्यो उमेरमा वृद्ध भएता पनि सोचाइमा तन्नेरी देखिन्छ।

अहिले जति पनि युवापुस्ताको सोचाइ नेपालमा केही गर्न सकिन्न वातावरणनै लगानी मैत्रीपूर्ण छैन भन्ने जनगुनासो सुनिन्छ। यसले हाम्रो सोचाइमानै गलत प्रभाव परिरहेको छ। जब सोचाइनै सकारात्मक विकास हुँदैन तबसम्म हाम्रो विकास र तन्नेरीपना ह्रास भइरहन्छ। यसले आफूलाई मात्रै होइन परिवार, समाजलाईनै क्षति पुऱ्याउँछ। त्यसैले कुन कारणले, के बाट र सफलताको बाधक के हो भन्ने जबसम्म हामी पहिचान गर्न सक्दैनौं तबसम्म समस्याको जालोले बेरिनु भन्दाबाहेक केही उपाय रहँदैन।

अहिले १७, १८ वर्षको उमेरमा नै खाडी मुलुकमा पसिनाले ज्यान निर्थुक्क पार्ने हाम्रो युवापुस्ता यहाँ गाउँमा गाई भैंसीको भकारो सोर्न लाज मान्छ। यसको मूल कारण भनेकै हामीले लिएको शिक्षा कति प्रभावकारी र जीवनउपयोगी बन्न सक्यो र कतातिर प्रयोगमा ल्याउन सकिन्छ भन्ने नै हो। यहाँ शैक्षिक योग्यताको मूल्याङ्कन नोकरी र रोजगारी हुने भएकालेनै हाम्रो मानसिकता नै जागिर पाए खाने नत्र राहदानीमा आफ्नो मौलिकता क्षमता बेच्न वैदेशिक रोजगारीमा हिँड्ने प्रचलनको जबसम्म अन्त्य हुँदैन तबसम्म युवाको खाडीकै बालुवामा पसिना सिञ्चित भइरहन्छ। यो देशको रेमिट्यान्स त केही समय भित्रिएला तर दीर्घकालीन रूपमा यसले समस्या निम्त्याउँछ। युवाको जोस, जाँगर र क्रियाशीलता र सिर्जनात्मक क्षमताको उपयोग उपयुक्त रूपमा आफ्नो देशमा नहुँदा देशको विकास र समृद्धि हुन सक्दैन। देशमा जब परिवर्तनको आवश्यकता पर्छ यसको भरपुर उपयोग चाहिँ युवालाई गर्ने तर रोजगारी सीप क्षमताको विकास नगर्ने हो भने काँधमा जिम्मेवारी र मन गाँठो पारी राहदानी हातमा थमाइ खाडीमा पसिनाले भिज्नु सिवाय केही उपाय हुँदैन।

देशमा विकासको ढोका खोल्नका लागि राज्यले कलकारखाना उद्योग धन्दा र लगानीमैत्री वातावरणको सिर्जना गर्नु पर्ने हुन्छ। विकासको ढोका खोल्नका लागि राज्यले कलकारखाना, उद्योगधन्दा र लगानीमैत्री वातावरण बनाउनु पर्ने हुन्छ। हामीलाई आफ्नो जन्मेको गाउँमै रहेर केही गर्ने उद्यमशीलताको सोचाइ रहँदैन तबसम्म सिरानीमा शैक्षिक योग्यताको प्रमाणपत्र राखी देश वा विदेशमा भौँतारिनुको विकल्प रहँदैन। स्थानीय स्रोत र साधनको भरपुर उपयोग गरी युवालाई नेपालमै केही गर्न सकिन्छ भन्ने सन्देश चारैतिर सर्वत्र रूपमा पुऱ्याउनु पर्छ। यसले केही गर्ने हौसला आँट र हिम्मत प्रदान गर्छ। युवालाईनै के गर्न सकिन्छ र कसरी गर्ने भन्ने कुराको राज्यले नै योजनाहरू बनाई उनीहरूलाई उत्पादनमा जोड दिनुपर्ने हुन्छ। यसले आफ्नो गाउँमै परिवारलाई रेखदेख गरी आर्थिक रूपमा सबल बनाउन सकिन्छ। ग्रामीण विकास र समृद्धिको बाटो समात्न सकिन्छ। आफ्नो घरखेत बन्दगी राखेर साहू महाजनको ऋण र सहकारीको चर्को ब्याजदरमा जवानी र जाँगर बेच्नुको पीडा पनि छुट्टै छ। कतिपयले अर्काको लहैलहैमा लागेर तथा आधा जीवन शिक्षामा खर्चिदासमेत उचित खालको रोजगारी नपाउँदा कहिँ टेक्ने न समाउने ठाउँ पाएको हाम्रो पुस्तालाई हामीले कहिल्यै पनि उद्यमशीलता र परिश्रमको पाठ सिकाएनौं। पढ्नेहरूले जागिरको नै जोहो गर्नुपर्ने नत्र यसको अर्थ नै नरहने मानसिकताको जबसम्म अन्त्य हुँदैन तबसम्म युवा शक्ति बाहिरिएको बाहिरियै हुन्छ यसले गाउँमा मर्दा मलामी र जिउँदोमा जन्ती नपाएको समस्या रहिरहन्छ। यसर्थ अबको युगको युगान्तकारी परिवर्तन तन्नेरी युवाबाटनै सम्भव छ। नयाँ नयाँ प्रविधिको खोजी गरी नेपालको कुनै समय कृषिको निर्यात भएकोमा अहिले हामीलाई चाहिने जति खाद्यान्न उत्पादन हुन सकेको छैन। दैनिक भान्सामा उपयोग हुने दाल, चामल, घ्यू, तेल, बेसार जस्ता चिजहरू हामी बाहिरबाट आयात गरिरहेका छौँ। यसबाट पनि थाहा हुन्छ कि हामी कतिसम्म परनिर्भर छौं। छिमेकीको बाटो बन्द हुँदा हामीलाई भोकभोकै पेट मिचेर बस्नुपर्छ। अरूले दिएकोमा चित्त बुझाएर बस्ने बानीले नपाएकोमा कुनै गुनासो गर्नुको अर्थ रहँदैन। अबको युग भनेको उत्पादन, सृजनशीलताको हो। हाम्रो उत्पादनमा हामीले गर्वका साथ अन्य देशमा बिक्री गर्न युवालाई आकर्षण र लगानीमा प्रयोग गर्दा अहिले बाँझिएको जमिनमा परिश्रमका फलहरू लाग्छन्। तसर्थ देशमै सम्भावनाहरू खोजी गरी विदेशमा रहेका सम्पूर्ण नेपालीले आफ्नो गाउँ आफैं बनाउन सक्छन्। यसतर्फ सरकारको ध्यान जान जरूरी छ। *(दाहाल बासको प्रदेश नम्बर ३ का संयोजक हुनुहुन्छ।)*

# भ्रष्टाचारीलाई बहिष्कार गरौँ



**मधु पौडेल**

कुनै पनि व्यक्तिले आफ्नो पदीय मर्यादा विपरीत गर्ने सबै किसिमका गैरकानुनी र अनैतिक क्रियाकलाप नै भ्रष्टाचार हो भन्ने बुझ्नु पर्दछ। सार्वजनिक पदमा रहेका पदाधिकारीले आफूमा रहेको अख्तियारी वा अधिकार व्यक्तिगत हित वा फाइदाका लागि प्रयोग गर्नुनै भ्रष्टाचार हो। विश्व बैंकका अनुसार व्यक्तिगत फाइदाको लागि सार्वजानिक ओहदा र शक्तिको दुरूपयोगनै भ्रष्टाचार हो। यसैगरी ट्रान्सपरेन्सी इन्टरनेशनलका अनुसार, सार्वजनिक क्षेत्रमा चाहे त्यो राजनीति वा प्रशासनिक होस् उनीहरूलाई गरिएको विश्वास वा सुम्पिएको कार्यको गलत र गैरन्यायिक प्रयोग नै भ्रष्टाचार हो। यसैगरी नेपाली शब्द कोषमा भ्रष्टाचार भनेको नीतिनियमले मनाही गरेको व्यवहार, कानुनले निषेध गरेको आचरण, दुराचरण हो भनिएको छ। भ्रष्टाचार निवारण ऐन,२०५९को दफा २(क) मा 'भ्रष्टाचार' भन्नाले सजाय हुने कसुर सम्झनु पर्छ भनी उल्लेख गरेको पाइन्छ।

भ्रष्टाचारको विद्यमान अवस्थाबारे भन्नु पर्दा ट्रान्सपरेन्सी इन्टरनेशनलको २०१८ मा प्रकाशित प्रतिवदेन अनुसार नेपाल विश्वका १८० देशमध्ये नेपालले ३१ अंक ल्याई १२४ औँ स्थान प्राप्त गरेको छ। नेपालमा भ्रष्टाचार बढ्नुका विभिन्न कारण भएता पनि पारदर्शीताको अभाव, उत्तरदायित्व र जवाफदेहिताको अभाव, गोपनीयतामा रमाउने संस्कृति, प्रतिबद्ध कर्मचारीतन्त्रको अभाव, उच्च स्वविवेकीय अधिकार, स्पष्ट ऐन तथा कानुनी व्यवस्थाको अभाव, विद्यमान कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको अभाव, भ्रष्टाचारलाई सामाजिक संरक्षण एवम् प्रोत्साहन, अनुगमन एवम् मूल्याङ्कन प्रणाली प्रभावकारितामा अभाव, दण्ड पुरस्कारको अभाव, महँगाइ, हरेक क्षेत्रमा अस्वच्छ प्रतिस्पर्धा, देखासिखी आदिलाई लिन सकिन्छ। यसरी भइरहेको भ्रष्टाचारलाई नियन्त्रण गर्न पारर्शीताको प्रवर्द्धन, भ्रष्टाचारीलाई सामाजिक बहिष्कार, सार्वजनिक पदाधिकारीलाई आफ्नो जिम्मेवारीप्रति उत्तरदायी र सजग बनाउन सचेतना, भ्रष्टाचार निवारण सम्बन्धमा निरोधात्मक एवम् उपचारात्मक उपाय अवलम्बन, भ्रष्टाचार नियन्त्रणमा संलग्न निकायको स्वतन्त्रता, भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

रिसवत लिने/दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान/दातव्य/उपहार वा चन्दा लिने, कमिसन लिने, राजश्व चुहावट गर्ने, गैरकानुनी लाभ वा हानी पुऱ्याउने, बदनियतले काम गर्ने, गलत लिखत तयार गर्ने, सरकारी कागजात सच्चाउने, सरकारी वा सार्वजनिक संस्थाको कागजात नोक्सान गर्ने, गैरकानुनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहदा पाएँ भन्ने, झुटा विवरण दिने, सार्वजानिक सम्पत्तिको हानीनोक्सानी गर्ने, गैरकानुनी दबाब दिने, गलत प्रतिवेदन दिने जस्ता कार्यहरूलाई भ्रष्टाचार निवारण ऐन २०५९ ले भ्रष्टाचारजन्य कसुर कार्य भनेको छ।

रिसवत भनेको सार्वजनिक निकायमा रहेका व्यक्ति वा पदाधिकारीले आफ्नो दायित्व तथा कर्तव्य पूरा गर्दाका बखत आफ्नो दायित्व तथा कर्तव्यलाई प्रभाव पार्ने गरी व्यक्तिगत फाइदाका लागि लिएको नगद वा बस्तु हो। भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २ (ख) मा "रिसवत" भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा सम्झनु पर्छ र सो शब्दले घुससमेतलाई जनाउँछ भनिएको छ। भ्रष्टाचार निवारण ऐन २०५९ मा पच्चीस हजार रूपैयाँसम्म रिसवत लिनेलाई तीन महिनासम्म कैद सजायको व्यवस्था गरिएको छ। यसैगरी पच्चीस हजार रूपैयाँ भन्दा बढी पचास हजार रूपैयाँसम्म रिसवत लिनेलाई तीन महिनादेखि चार महिनासम्म कैद, पचास हजार रूपैयाँभन्दा बढी एक लाख रूपैयाँसम्मलाई चार महिनादेखि ६ महिनासम्म कैद, यसैगरी एक लाख रूपैयाँभन्दा बढी पाँच लाख रूपैयाँसम्मलाई ६ महिनादेखि एक वर्ष ६ महिनासम्म कैद, पाँचलाख रूपैयाँभन्दा बढी दश लाख रूपैयाँसम्मलाई एक वर्ष ६ महिनादेखि दुई वर्ष ६ महिनासम्म कैद, दश लाख रूपैयाँभन्दा बढी पच्चीस लाख

**भ्रष्टाचार निवारण ऐन, २०५९को दफा २ (ख) मा "रिसवत" भन्नाले नगदी, जिन्सी वा अन्य जुनसुकै किसिमको लाभ वा सुविधा सम्झनु पर्छ र सो शव्दले घुससमेतलाई जनाउँछ भनिएको छ।**

रूपैयाँसम्मलाई दुई वर्ष ६ महिनादेखि चार वर्षसम्म कैद, पच्चीस लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्मलाई चार वर्षदेखि ६ वर्षसम्म कैद, पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्मलाई ६ वर्षदेखि आठ वर्षसम्म कैद, एक करोड रूपैयाँ भन्दा बढी जतिसुकै भएपनि आठ वर्षदेखि दश वर्षसम्म कैदसम्मको सजाय तोकिएको छ।

भ्रष्टाचारलाई रोक्ने उद्देश्य राखी नेपाल सरकारले सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोतसहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेस गर्नु पर्ने व्यवस्था रहेको छ। यस्तै यस व्यवस्थामा तोकिएको र थप म्यादभित्र पनि सम्पत्तिको विवरण पेस नगर्ने सार्वजनिक पदधारण गरेको व्यक्तिलाई पाँच हजार रूपैयाँ जरिवाना गरी निज र निजको परिवारको नाममा गैरकानुनी सम्पत्ति रहेको अनुमान गरी सम्बन्धित निकाय वा अधिकारीले अनुसन्धान गर्न सक्ने रहेको छ। यसैगरी पेस हुन आएको सम्पत्ति विवरण गोप्य राखिने तर यस ऐन अन्तर्गत अनुसन्धान र तहकिकातको सिलसिलामा सम्पत्ति विवरण माग हुन आएमा त्यस्तो विवरण सम्बन्धित अधिकारीलाई उपलब्ध गराउन सकिने रहेको छ।

यसैगरी भ्रष्टाचार निवारण ऐन २०५९मा सरकारी निकाय तथा सार्वजनिक संस्थाको कर्तव्य सम्बन्धमा केही व्यवस्थाहरू गरेको जसमा कुनै सरकारी निकाय तथा सार्वजनिक संस्थाको प्रमुखले आफ्नो वा आफ्नो मातहतका कुनै कार्यालयमा भ्रष्टाचार भएको छ भन्ने कुनै जानकारी प्राप्त हुन आएमा तत्काल त्यस्तो विषयसँग सम्बन्धित कागजात तथा फाइल आफ्नो जिम्मामा लिई सुरक्षित राख्नु पर्नेछ। त्यस्तो विषयसँग सम्बन्धित व्यक्ति तथा कर्मचारीहरूसँग वास्तविक कुरा बुझ्री भ्रष्टाचार भएको देखिने कारण भएमा त्यस्तो कागजात अनुसन्धान तथा तहकिकातका लागि सम्बन्धित निकायमा पठाउनु पर्ने हुन्छ। यसरी भ्रष्टाचारको निगरानी सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रको रहेको छ। जसको काम, कर्तव्य र अधिकारहरू नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरू नियमित रूपमा भए/नभएको विषयमा सूचना संकलन गर्ने, नेपाल सकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थाबाट नियमिति रूपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सर्तक गराउने, भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने, भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नु पर्ने देखिएमा नेपाल सरकारलाई सुझाव दिने, नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने, भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकताअनुसार सम्बन्धित निकायलाई सुझाव वा निर्देशन दिने, भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने, भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने, भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने वा गराउने, नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने पर्दछ।

भ्रष्टाचार आर्थिक, सामाजिक अपराध हो जुन गम्भीर प्रकृतिको हुन्छ। भ्रष्टाचारको निवारण गर्नु आजको अपरिहार्य आवश्यकता हो। जसका लागि समाजमा भ्रष्टाचार बहिष्कार नीति, राज्यका केन्द्रीय तहदेखि स्थानीय तहसम्म विभिन्न भ्रष्टाचार न्युनीकरणका कार्यक्रमहरू संचालन गर्नुका साथै वित्तीय अनुशासनलाई प्रवर्द्धन, नीतिगत कार्यक्रम र संस्थागत सुधारलाई जोड दिई समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्ने दिशामा अग्रसर हुनु आजको आवश्यकता हो।

*(पौडेल नेपालगन्जस्थित सामाजिक सद्भाव युवा समितिका संयोजक हुनुहुन्छ।)*


**विजया दशमी तथा शुभ दिपावली २०७६ को अवसरमा हाम्रा समस्त उद्योगी, व्यवसायी र देशवासीमा हार्दिक मंगलमय शुभकामना।**

**नन्दलाल बैश्य**
(अध्यक्ष)

**नेपालगन्ज उद्योग वाणिज्य संघ, बाँके**

# होमस्टेबाटै धनी बनेको हिमालीगाउँ



**राजु लामिछाने**

अगस्ट २५, तदअनुसार भदौ ९। चिनियाँ समयअनुसार बेलुकाको पौने आठ हुँदा हामी पावोसिङ काउन्टीको हिमाली पहाड गाउँ पुगेका थियौं। चीनको दक्षिणपश्चिमी प्रान्त सेचुवालको राजधानी छेन्दु सहरबाट २ सय १० किलोमिटर टाढाको उक्त गाउँमा १४ जना नेपाली पत्रकार पुग्दा स्थानीयहरू लहरै बसेर नेपाली मिडिया दललाई स्वागत अंकित ब्यानर टल्काउँदै स्वागत गरिरहेका थिए। हाम्रो साथमा चीनको गरिबी निवारण कोषका अधिकारी र चिनियाँ अन्तर्राष्ट्रिय रेडियोका प्रतिनिधिहरू चेतनाथ आचार्य र राजु हुनुहुन्थ्यो। केही बालक, थोरै वयस्क र बढी युवा उमेरका चिनियाँहरूको न्यानो स्वागतपश्चात् हामी स्थानीय होमस्टेमा बाडियौं, बास बस्नको लागि।

भोलिपल्ट बुझ्न पायौं, होमस्टे चलाएरै गरिबीको दलदलबाट मुक्ति पाएका ती गाउँलेका वास्तविकताहरू। कथा जस्तै लाग्छन्, उनीहरू गरिबीको जञ्जिरबाट उम्किएका कुरा सम्झँदा।

१ हजार ७ सात मिटर अग्लो पहाड, भिरालो जमिन, गरिबीको मार, आयश्रोतबिनाको कच्ची घरबस्ती, सहर र सरकारको पहुँच भन्दा टाढा, राजेगारीका लागि गाउँ नछोडी परिवार पाल्न मुस्किल हुने अवस्था- अझ नाजुक थियो त्यहाँको अवस्था। तर अहिले हिमाली पहाडी गाउँको परिचय फेरिएको छ, अवस्था बदलिएको छ। नाम ठोक्किने पहाड छन् दुवैतिर जसले सुन्दर प्रकृतिको दृश्यअवलोकन गर्न कन्जुस्याइँ पटक्कै गर्दैन। बीचमा कलकल बग्ने स्वच्छ नदी। जसले नेपालकै भौगोलिकतालाई झलझली सम्झाउँछ।

सन् २००८ मा पनि हल्लाएको थियो भूकम्पले। फेरि सन् २०१३ अप्रिल २० तारिखमा यो गाउँ भूकम्पले हल्लायो। ७ रेक्टर स्केलको भूकम्पले गाँउ हल्लाएनमात्र, हिम पहाड गाउँका अधिकांश घरहरू भत्किएका थिए। मानवीय क्षति नभए पनि ६० घरहरू भत्किएपछि उक्त गाउँमा संकट आयो। गाउँलेहरूले कैयौँ रात ढुंगा र पालमुनि बिताए, जसोतसो पेट कसेर बाँचे।

भूकम्पपश्चात् विभिन्न संस्था र सरकारको उपस्थिति रह्यो। उनीहरूले सहरका जस्तै अग्ला र चिल्ला महलको आशा राखे। तर, चिनियाँ गरिबी निवारण कोष अग्रसर भई आफू बस्ने, पर्यटक भित्र्याउने र आर्थिक सबलता हासिल गर्ने योजना बताए, उनीहरू होमस्टे लक्षित बस्ती विकासको डिजाइनमा दत्तचित्त भए। सरकारले अनुदान दियो, सहुलियत ऋण पनि दियो। चाइना फाउण्डेशन फर पोभर्टी एलिभेशनले थप सहयोग गर्‍यो। अनि बन्यो होमस्टे सञ्चालनका लागि सहकारी पनि।

बल्ल फेरियो हिमाली पहाडी गाउँ। सिचुवाल प्रान्त पाण्डा र बाँसका लागि प्रख्यात भएकाले यहाँका घरहरूको सजावट पनि बाँसबाट नै गरिएको छ। पर्यटकका लागि होमस्टेका चिटिक्क परेका घरहरू बनाइएका छन्। यी घरका तल्लो तलामा भान्सा घर, दोश्रो तलामा घरधनीको बसोबास हुन्छ भने तेस्रो तलामा पर्यटकहरूको लागि आनन्दित बासस्थान। पर्यटन सेवा, स्थानीय उत्पादन र कला संस्कृतिले गर्दा चीन सरकारले अगाडि सारेको गरिबी निवारण कार्यक्रम सफल बनाएको एउटा नमुना गाउँ। प्राकृतिक सुन्दरता र विशुद्ध प्राङ्गारिक जीवन जिउन चाहनेहरूको पहिलो रोजाइ बनेको छ यो गाउँ।

हिम पहाड गाउँका अध्यक्ष ली त आनले नेपाली पत्रकारलाई जानकारी दिएअनुसार, २०१४ को अन्तसम्म सबै घर पुनर्निर्माण गरियो। सबै घरहरू भूकम्प प्रतिरोधी छन्। घरहरू मात्र होइन हिँड्ने बाटोसमेत मौलिक बनाइएको छ। विश्वमा सबैभन्दा पहिला पाण्डा भेटिएको गाउँसमेत रहेकाले यहाँ प्रशस्त बाँस पाउछँन्। पुनर्निर्माण भएका ६० घरलाई बाँसले बेरिएको छ, आकर्षक शैलीमा। गाउँको प्रवेशद्वारमै ठूलो ढुंगामा उडिरहेको चिलको चित्र कोरिएको छ। जसले इगल जस्तै गाउँको द्रूतविकासको गतिलाई इङ्गित गर्दछ। गाउँको काखमा ४ सय २० सेन्टिमिटर अग्लो स्मारक बनाइएको छ। ४ सय २० सेन्टिमिटरको अर्थ अप्रिल अर्थात् चौथो महिनाको २० तारिख भूकम्प गएपछि सम्झनामा स्मारक बनाइएको हो। गाउँमा ७० वर्ष र १०० वर्ष अघिका दुईबाट घरहरू संरक्षण गरेर राखिएको छ। यिनै घरलाई आधार मानेर भूकम्पपछिका घरहरू बनाइएका छन्। सरसफाइ चुस्त व्यवस्थापन, सामूहिक कार्यले पावसिङ

काउण्टीको हिमाली पहाडी गाउँ पर्यटकको रोजाइमा परेको छ।

गाउँ पुनर्निर्माणताका स्वयम् सेवक भएर कार्य गर्नुभएकी सी सिआओ छोडले अहिले गाउँमा वार्षिक ५० हजार पर्यटक आउने गरेको बताउनु भयो। स्थानीय सहकारीको प्रबन्धकसमेत रहेकी उहाँले शनिबार र आइतबार हुने बिदामा आन्तरकि तथा बाह्य पर्यटकहरू आउने गरेको बताउनुभयो। होमस्टेमा बस्दा सिंगल कोठाको एक रातको ३६० र डबल कोठाको ६२० युआन पर्छ। होमस्टे बस्दा गाउँलेहरूले पाहुनालाई सकभर स्थानीय खाना खुवाउँछन्। पर्यटकहरूलाई त्यहाँको मौलिक संस्कार देखाउँछन्, सांस्कृतिक झलकमा रमाउन लगाउँछन्। स्थानीय सामग्रीहरू बिक्री गरेर आम्दानी बढाउँछन्। भूकम्प पछि निर्माण भएको उक्त गाउँको बसोबासमा व्यापक सुधार हुनुका साथै पर्यटन उद्योगबाट आयआर्जन भई गरिबी निवारण हुनुका साथै गाउँलेहरूमा सहयोगी व्यवहार बढेको छ। ज्येष्ठ नागरिकहरूको सम्मानका लागि दिवा ज्येष्ठ नागरिक केन्द्रसमेत निर्माण गरिएको छ। जहाँ ज्येष्ठ नागरिकहरू दिउँसो रमाइलो गर्दछन्। अहिले पनि चीनमा तीन करोड मानिस गरिबीको रेखामुनि रहेका छन्। चीनले वार्षिक २३ सय युआन (३९ हजार नेपाली रूपैयाँ) आय नभएकालाई गरिबीको रेखामुनि राखेको छ। सन् २०२० सम्म निरपेक्ष गरिबी हटाउन चीन सरकारले लिएको लक्ष्य पूरा भएसँगै करिब १ अरब ४० करोड चिनियाँलाई खान, लाउन, आधारभूत शिक्षा र स्वास्थ्य, आवासको ग्यारेन्टी हुनेछ। चीनको गरिबी निवारणका लागि सरकारले केन्द्रदेखि काउन्टीसम्म गरिबी निवारणका कार्यालय स्थापना गरेको छ। हाम्रो देशमा पनि २०७२ सालमा गएको भूकम्पले मानवीय र भौतिक क्षति गऱ्यो। नेपालमा भूकम्प गएको ३, ४ वर्ष बितिसक्दा पनि अझै धेरै गाउँहरू पुनर्निर्माण हुन नसकिरहेको अवस्थामा छ। सरकारले दिने अनुदान राजनीतिक खिँचातानीको सिकारमा परी कामविहीन छ। पुनर्निर्माण प्राधिकरणलाई सुस्त पारिएको छ। यहाँ गरिबी निवारणका कार्यक्रम सञ्चालन नभएका होइनन्, सीमित व्यक्ति धनी भएको गुनासो कायमै छ। चीनले गरिबी निवारणका निम्ति ५ ओटा मोडेल अवलम्बन गरेको देखियो। उद्योग, श्रम स्थानान्तरण, शिक्षा र स्वास्थ्यमा सहयोग, पर्यावरणको संरक्षण, गुणस्तरीय जीवनको ग्यारेन्टी र ई-कमर्स। नेपालले पनि आफ्नै मोडल अपनाएर गरिबी निवारणको लागि अगाडि बढ्न सक्छ।

चिनियाँ गरिबी निवारण कोषको आमन्त्रणमा चीन पुगेको नेपाली पत्रकारको टोलीले देखेको यो हिमाली पडाडी गाउँजस्तै नेपालका अधिकांश गाउँले पर्यटक तान्न सक्छन्।

कामप्रतिको लगाव, विकासको तीव्रता, सामूहिकता, उत्कृष्ठता र राष्ट्रियताप्रतिको उच्च प्रतिबद्धताले चीन, चीन बन्न सफल भएको हो।

(लामिछाने बासको पूर्व केन्द्रीय अध्यक्ष हुनुहुन्छ।


## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

- खानेपानीको धारा वरिपरि सफा राखौं ।
- सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।
- विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।
- पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।
- खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

**प्रदेश नं. ५ कै धार्मिक तथा पर्यटकीयस्थल**
**बागेश्वरी मन्दिर सफा र स्वच्छ बनऔं।**

सुनिलसिंह हमाल (अध्यक्ष)

**नेपालगन्ज उपमहानगरपालिका**
**२ नम्बर वडा कार्यालय**

# नेपालगन्ज बजारैमा....



**कन्हैया सिंह परियार**
गायक/संगीतकार
घरबारी टोल, नेपालगन्ज, बाँके
हाल : बाल्टिमोर अमेरिका

'नेपालगन्ज बजारैमा' मेरो लागि जीवनको पहिलो परिचयात्मक गीत र पहिलो गीति एल्बम पनि थियो, यहि गीतले मलाई एउटा राष्ट्रिय गायकको रूपमा स्थापित गरायो र त्यतिबेला रेडियो, टेलिभिजनहरू र पत्रपत्रिकामा यस गीतले व्यापक स्थान पाएको थियो।

बीस वर्ष अघि म सांगीतिक रूपमा गीत संगीतको व्यवसायिक संघर्षका लागि काठमाडौंमा तल्लीन थिएँ र २०५५ सालमा रेडियो नेपालको आधुनिक गायनतर्फको स्वर परीक्षा उत्तीर्ण गरी सकेपछि सांगीतिक एल्बमको तयारीमा थिएँ।

आफ्नो मध्यपश्चिम क्षेत्रको सुगन्धलाई समावेश गरी पहिलो सांगीतिक कोसेली नेपाली संगीत बजारमा समर्पण गरौं भनेर सोचिरहेको थिएँ। यो सोचाइ विकास हुनुमा मेरो परिवारको भूमिका ठूलो थियो। मेरो माहिलो दाजु, गायक, संगीतकार सुरेशसिंह परियारले मलाई गितार बजाउन र गीत गाउन प्रारम्भिक शिक्षा दिनु भएको हो। बाजे कल्लुसिंह परियार राम्रो बाँसुरी बादक र तासाबादक हुनु हुन्थ्यो, ठूलो दाजु दुर्गेसिंह परियार बलिउडको म्युजिक स्टुडियोमा ट्रम्पेड बजाउनु हुन्थ्यो र प्रेम प्रकाश मल्ल र महेन्द्र हमाल बुबाहरूको गीतहरू सुनेर हुर्के बढेको थिएँ। उहाँहरू सबैको प्रभाव मेरो जीवनमा परिरहेको थियो।

यहि सिलसिलामा नेपालगन्ज घरमा आउँदा मेरो बचपनको साथी र मलाई गीतसंगीतमा सधैं हौंसाउने भैया (नरेन्द्र थापा) लाई मैले यो कुरा सुनाएँ,' भैया म गीति एल्बम निकाल्ने सोचमा छु।' आफ्नो क्षेत्रको माटोलाई एल्बममा समेट्न चाहन्छु र उसले पनि मलाई खुसी हुँदै भन्यो– यो त धेरै राम्रो कुरा हो किनभने इलामको गीत छ, ओखलढुंगा, जोमसोम र पोखरालगायतका ठाउँको गीतहरू छन्। हाम्रो नेपालगन्जको

**नेपालगन्जका नाममा गाइएको सम्भवतः हालसम्मकै एक मात्र गीत 'नेपालगन्ज बजारैमा' हो। गीतको भावले रानीतलाउको सुन्दरता, सामाजिक सद्भाव र मध्यपश्चिम क्षेत्रको मुटु नेपालगन्जको समग्र विकासलाई समेटेको छ।**

किन नहुने ? हुन्छ गाउनु पर्छ भनेर उसले मलाई हौंसायो र मैले तत्कालीन मध्यपश्चिम क्षेत्रमा आफैं प्रत्यक्ष घुमेको प्रमुख स्थललाई शब्दमा कोरेँ र संगीत भरेर आफ्नो स्वरमा रेकर्ड गराएँ 'नेपालगन्ज बजारैमा'। २०५७ साल वैशाखमा गीति एल्बम बजारमा ल्याएँ। उक्त एल्बमलाई नेपालगन्ज नगरपालिकाका मेयर धवलशमशेर राणाको सभापतित्वमा अग्रज गायकद्वय स्वर्गीय प्रेमप्रकाश मल्ल र महेन्द्र हमालले विमोचन गर्नु भएको थियो। उक्त कार्यक्रमको संचालन पत्रकार नरेन्द्रजंग पिटरले गर्नु भएको थियो।

अडियो एल्बम बजारमा ल्याई सकेपछि गीतको छायाङ्कनको लागि मेयर धवलशम्सेर राणा र कोहलपुर टेलिभिजनबाट ठूलो सहयोग प्राप्त भएको थियो। नेपालगन्जका नाममा गाइएको सम्भवतः हालसम्मकै एक मात्र गीत 'नेपालगन्ज बजारैमा' हो। गीतको भावले रानीतलाउको सुन्दरता, सामाजिक सद्भाव र मध्यपश्चिम क्षेत्रको मुटु नेपालगन्जको समग्र विकासलाई समेटेको छ।

**पूर्ण गीत यस प्रकार छ :**

*नेपालगन्ज बजारैमा घाम लाग्यो घमाइलो*
*ऐतिहासिक नगरी माँ बागेश्वरी नेपालीलाई यो ठाउँ रमाइलो*
*नेपालगन्ज बजारैमा...*
*पाँच वटा जिल्लामिलिबन्यो भेरी अञ्चल*
*त्यो ठाउँमा घुम्न जाँदा मन् हुन्छ चंचल*
*सुर्खेत बुलबुल ताल कर्णालीको पुल*
*बर्दियाको निकुञ्जमा मन हुन्छ चुलबुल*
*जाजरकोटको खलंगा दैलेखको दुल्लु*
*बाँके जिल्ला नेपालगन्ज लाग्छ डुलु डुलु*
*नेपालगन्ज बजारैमा...*
*महेन्द्र पार्कमा फूल फुल्यो हजार*
*रानीतलाउमा डुंगा चढ्ने रहर*
*रिक्सा चढी सरर बजार एयरपोर्ट घुमौंला*
*टाँगा चढी छिमेकी राष्ट्र पुगी फर्कौंला*
*अनेकतामा एकता यहाँको विशेषता*
*हिन्दू, मुस्लिम, शिख, इसाई आपसमा छ एकता*
*नेपालगन्ज बजारैमा...*

**जय जन्मभूमि, जय मातृभूमि, जय नेपालगन्ज**

ग्राहकहरुको सन्तुष्टिनै

**हाम्रो सन्तुष्टि हो ।**

विजया दशमी तथा शुभ दीपावली –२०७६ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्गमा हार्दिक शुभकामना ।

मिठो भोजन, विवाह, पार्टी तथा कार्यक्रमका लागि हामीलाई सम्झिनुहोस् ।

**स्वस्तिक कटेज एण्ड रेष्टुरेन्ट**

धम्बोझी– नेपालगन्ज, बाँके फोन : ०८१–४१५११९

**शुभकामना**

विजया दशमी तथा शुभ दीपावली २०७६ को अवसरमा समस्त गैससकर्मीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गैर सरकारी संस्था महासँघ नेपाल, बाँके शाखा परिवार**

**किशन फर्निसिङ्ग हाउस**

सुर्खेतरोड, नेपालगन्ज

**हाम्रो सेवाहरू :**

कार्पेट, अफिस चेयर, अफिस टेबल, दराज, मेट्रस, तन्ना, पर्दा तथा फर्निसिङ्ग सामानहरुको थोक तथा फुटकर बिक्री गरिन्छ ।

फोन : ०८१– ५२६०२३

मोबाइल ९८६४९५१४१८

**शुभकामना**

विजया दशमी तथा शुभ दीपावली २०७६ को अवसरमा समस्त देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**साहारा हाउस**

**नेपालगन्ज, बाँके**

# इन्स्पाइरिङ युथ र मेरो यात्रा



**रविन्द्र बोहरा**
संयोजक, इन्स्पाइरिङ युथ, बास

उत्प्रेरणा र कार्य सम्पादन एकअर्काका परिपूरक हुन्। बासले लामो समयदेखि समय सापेक्ष युवा उत्प्रेरणात्मक कार्यहरू गर्दै आएको छ। यस्ता गतिविधिहरू विशेषतः स्वयम् सेवक र स्वयम् सेवासँग निकट रहेको हामी पाउँछौं। बाससँग १८ वर्ष लामो स्वयम् सेवा र स्वयम् सेवकसँगको निकट साहिनो गाँसिएको छ। संस्थाले गरेका अभियानहरूमा जोडिएका स्वयम् सेवकहरूले आफ्नो व्यक्तित्व विकासका साथै संस्थागत विकासमा पनि योगदान दिँदै आएका छन्। यसै क्रममा स्वयम् सेवकहरूको क्षमता विकासका साथै सक्रियता अभिवृद्धिका निमित्त इन्स्पाइरिङ युथ नामक कार्यक्रमको परिकल्पना गरियो।

यसको सुरुवात २०७३ जेठ १ गतेबाट भयो। जसको तत्कालीन उद्देश्य बास स्वयम् सेवकहरूलाई क्रियाशील बनाउनु मात्र थियो। जहाँ बासमा आबद्ध स्वयम् सेवक र कर्मचारीहरू प्रत्येक साताको शनिबार बेलुकी ४ देखि ५ बजेसम्म एकआपसमा विभिन्न सिर्जनशील क्रियाकलाप गर्न थाले। एक महिनाभरिको कार्यतालिकासमेत तय भयो। कार्यतालिका बमोजिम महिनाको पहिलो साता सहभागीबीच वादविवाद र वक्तृत्वकला प्रतियोगिता, दोस्रो साता उत्प्रेरणात्मक प्रवचन, तेस्रो साता सफलताको कथा वाचन, चौथो साता नेतृत्व विकास कक्षा र पाँचौ साता (महिनामा परे) सहभागीबीच ज्ञान, सीप र कलाको आदान प्रदान गरिन थालियो। यसरी निरन्तर अघि बढ्यो इन्स्पाइरिङ युथ।

समय बित्दै गयो समयसँगै कार्यक्रमको प्रभवाकारिता अनपेक्षित रूपमा बढ्दै गयो। सुरुका दिनमा बासको केन्द्रीय कार्यालयमा हुने उक्त कार्यक्रम विस्तारै कार्यालयमा सहभागी नअट्ने भएपछि सिएसटी होटेल एण्ड पार्टी प्यालेसको सभा हलमा गर्न सुरु गरियो। कार्यक्रमले हासिल गरेको लोकिप्रयताको व्यापकताले दिनानुदिन चर्चा/परिचर्चा बटुलेसँगै एक वर्षपश्चात् सिएसटीबाट बिनायक गेष्ट हाउसमा कार्यक्रम गर्न थालियो। यसरी कार्यक्रमको दौरानमा श्रृङ्खला पिच्छे नयाँ उचाइ थपिँदै गयो।

**मेरो व्यक्तिगत जीवनमा समेत एकातिर यो कार्यक्रमबाट प्राप्त भएको ऊर्जाले नयाँ सोच र विचार जाग्नुका साथै व्यवहारिक परिपक्कता देखाएको छ भने अर्कोतिर कार्यक्रमबाट जति सकिन्छ असल कार्य गर्नुपर्छ भन्ने मानसिकताको विकास भएको छ। यसैको कारण आफूलाई गर्व गर्नु पर्ने कारणहरू पनि भेटाउन थालेको छु।**

कार्यक्रमको अधिकांश श्रृङ्खलाको म पनि सहभागी पात्र थिएँ। धेरैजसो श्रृङ्खलामा म सहभागी भएको छु। कार्यक्रमका हरेक श्रृङ्खलामा नयाँ अनुभूति हुने गर्दथ्यो। नयाँ व्यक्तिसँगको नयाँ अनुभव र सफल जीवनका उदाहरणीय घटनाहरूलाई प्रत्यक्ष रूपमा सुन्न पाउँदा मनबाट नयाँ आँट र जाँगर जागरे आउने गर्दथ्यो। साताभरिको कुण्ठा भएको मनलाई हर्षित र प्रफुल्ल बनाइ दिन्थ्यो जब नयाँ अतिथिसँग भेट हुन्थ्यो। र उनका जीवनका उत्प्रेरणात्मक वास्तविक कथाहरू सुन्न पाइन्थ्यो। कार्यक्रममा सहभागी हुँदा अझ केही गर्न र सकारात्मक सोचको विकास गर्न उत्प्रेरणा त सधैँ मिलिनै रहन्थ्यो। यो भन्दा ठूलो सफलता भनेको दिनप्रतिदिन नयाँ अतिथि र साथीहरूसँग भेटघाट भइरहन्थ्यो। अहिलेको समयमा कसैलाई एकअर्कासँग भेटघाट गर्ने र चियापान गर्ने समय पनि मिलाउन निकै गाह्रो हुने परिस्थितिमा यो कार्यक्रमले सुनौलो अवसर पनि मिलाइ दिन्थ्यो।

इन्स्पाइरिङ युथको साढे ३ वर्षको अवधिमा १५९ श्रृङ्खला पार गरी सक्दा हालसम्म चर्चित म्याराथुन धावक बैकुण्ठ मानन्धर, नायक जीवन लुइँटेल, नायिका सञ्चिता लुइँटेल, कथाकार महेशबिक्रम शाह, राष्ट्रिय सूचना आयोगका प्रमुख सूचना आयुक्त कृष्णहरि बास्कोटा, पूर्व सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित, चर्चित लेखक कर्ण शाक्य, उत्प्रेरक श्रृष्टि केसी, चर्चित व्यक्तित्व महावीर पुन, मनोक्रान्ति द्रष्टा डा.योगी विकाशानन्द,

नेपालगन्ज उपमहानगरपालिकाका मेयर डा.धवल शम्शेर राणा, उपमेयर उमा थापा मगर, कलाकार श्यामानन्द सिँह, वरिष्ठ वक्ता आनन्दराम केसी, गायक पूर्ण थापालगायत १०० जना भन्दा बढी चर्चित व्यक्तित्वहरूको उत्प्रेरणात्मक प्रवचन सुन्न पाउँदा म जस्ता हजारौँ युवाहरूले सकारात्मक दृष्टि विकास गर्ने अवसर प्राप्त गरेका छौं। मेरो व्यक्तिगत जीवनमा समेत एकातिर यो कार्यक्रमबाट प्राप्त भएको ऊर्जाले नयाँ सोच र विचार जाग्नुका साथै व्यवहारिक परिपक्कता देखाएको छ भने अर्कोतिर कार्यक्रमबाट जति सकिन्छ असल कार्य गर्नुपर्छ भन्ने मानसिकताको विकास भएको छ। यसैको कारण आफूलाई गर्व गर्नु पर्ने कारणहरू पनि भेटाउन थालेको छु।

कार्यक्रममा हालसम्म १० हजार भन्दा बढी व्यक्ति प्रत्यक्ष रूपमा सहभागी भइसकेका छन् भने यीमध्ये अधिकांश सहभागी कुनै न कुनै स्थानमा आत्मनिर्भर भएर अघि बढेको अवस्थामा कुनै न कुनै रूपमा सबै सहभागीहरू यो कार्यक्रमबाट लाभान्वित भएको पाउन सकिन्छ। मैले पनि यो साढे ३ वर्षको अवधिमा कार्यक्रमबाट धेरै सिक्ने मौका पाएको छु। यो सिकाइबाटै जीवन जिउने तरिकामा परिवर्तन ल्याउने प्रयास गरिरहेको छु।

हामी सबैलाई थाहा छ। विद्यालयबाट प्राप्त शिक्षा मात्र कुनै पनि सफल व्यक्तिका लागि पर्याप्त छैन। बरु जीवनको कठिन परिस्थितिको सामना जसले गर्न सक्छ त्यस्ता व्यक्तिले मात्र सफलता पाउन सक्छन्। अझै भन्ने हो भने किताब भित्रको ज्ञानले जिन्दगी जिउन सहयोग गर्न सक्दैन। यसका लागि त व्यवहारिक जीवनको ज्ञान र भोगाइ हुन जरूरी छ। साथै असल अभिभावक्त्व, असल संगत र असल परिवेशलेनै व्यक्तिलाई असल बनाउन मद्दत गर्छ। यही वातावरण इन्स्पाइरिङ युथले प्रदान गरेको मलाई महसुस भएको छ। यसले सयौं युवालाई परिवार, समाज र राष्ट्रको विकासमा योगदान गर्न उत्प्रेरणा प्रदान गरेको छ। युवाहरूलाई एकै स्थानमा उभिन र आत्मनिर्भर बन्न यसले हौसला प्रदान गर्दै आएको छ।

वर्तमान अवस्थामा युवाहरू विभिन्न समस्याबाट ग्रस्त हुँदै आएका छन्। कैयौँ युवाहरू अहिले पनि उदण्ड, कमजोर मानसिकता, विलासी र अपरिपक्कताका साथ जीवनयापन गरिरहेका छन्। कैयौँ युवा कडा श्रम, अराजक गतिविधि, जोखिमपूर्ण कार्य, आन्दोलन, झैंझगडामा प्रयोग भइरहेका छन्। रोजगारका लागि आयआर्जनका कार्य नहुनु, आत्मनिर्भरताका लागि वातावरणको अभाव, बेरोजगारी समस्याबाट नेपाली युवाहरू ग्रस्त छन्। रोजगारीका नाममा युवाहरू विदेसिनु पर्ने, विदेशी भूमिमा लुटिनु पर्ने बाध्यता छ। बर्सेनि लाखौंको संख्यामा शिक्षित बेरोजगारहरू रोजगारीको खोजीमा भौंतारिरहनु पर्ने अवस्था रहेको छ देशमा। विभिन्न कारणले कैयौं युवाहरू आज विभिन्न किसिमका कुलतमा फसेर जीवनलाई बरबाद गरिरहेका छन् भने विभिन्न बाहानामा बेचिने, विदेसिने, विस्थापित हुने क्रम पनि जारी छ। समाज, घरपरिवार, संगतका कारणले पनि युवाहरू विभिन्न समस्याबाट बरालिएको पाइन्छ। जसमा खुलेर कुरा गर्न नपाउनु, खुला वातावरण नहुनु, कुरा सुनिदिने मान्छे नहुनु आदि रहेका छन्।

यस्तो अवस्थामा पनि युवाहरूको पहलमा थुप्रै खालका परिवर्तनहरू भएका छन्। त्यस्ता खालका परिवर्तनको अगुवाइ गर्न यो कार्यक्रमले सबैलाई उत्प्रेरणा प्रदान गर्दै आएको छ। युवा भनेका समस्या होइनन्, समाधान र अवसर हुन्, सहकार्य र संवादका खानी हुन्, सामाजिक परिवर्तनका अगुवा हुन्, समवाहक हुन्, साझेदारीका सहयात्री हुन् भन्ने कुरा कहीँकतै छिपेको छैन। युवाहरूको अग्रसरताबिना दिनप्रतिदिन संस्थागत भइरहेको भ्रष्टाचारको अन्त्य सम्भव छैन, विकास सम्भव छैन। प्रेरित, जागरुक र सकारात्मक युवाको खाँचो छ हाम्रो मुलुकमा। सकारात्मक र प्रतिबद्ध युवाहरूको सहभागितामा मात्रै देशको विकास सम्भव छ। यस्तै सन्देश प्रवाह इन्स्पाइरिङ युथले प्रदान गर्दै आएको छ भने युवाहरूलाई सकारात्मक धारणाको विकास गर्न सहयोग प्रदान गर्दै आएको छ।

मेरो जीवनको भोगाइलाई नियालेर हेर्दा यो कार्यक्रमको सहयात्राले जीवन परिवर्तनमा आम परिवर्तनको स्तम्भ निर्माण गर्ने काम गरी दिएको छ। कृष्णहरि बास्कोटा, कर्ण शाक्य, जीवन लुइँटेल, डा. योगी विकाशानन्द जस्ता व्यक्तित्वहरूले प्रदान गर्नु भएको उत्प्रेरणात्मक प्रवचन मेरो जीवनको आधार स्तम्भको रूपमा स्थापित भएको छ। यस कार्यक्रमको सहभागी हुँदा, हुँदै मेरो सक्रियताका कारण यो कार्यक्रमको सञ्चालक संस्था बासले मलाई कार्यक्रम संयोजकको जिम्मेवारी दिएको छ, जुन जिम्मेवारीलाई मैले बहन गर्दै आएको छु।

अहिलेको बदलिँदो परिवेश र पुँजीवादी मानसिकताबाट ग्रसित युवाहरूको सोचलाई परिवर्तन गरी परिवर्तनमूखी समुन्नत समाजको निर्माण गर्न इन्स्पाइरिङ युथले दिएको अनुकरणीय योगदान अतुलनीय छ भन्नेमा दुई मत छैन। आगामी दिनमा समयसापेक्ष बनाएर अगाडि लैजानुका साथै समयानुकूल परिवर्तन गर्दै यो कार्यक्रमलाई अगाडि लैजानु पर्ने दखिन्छ। यो कार्यक्रमको प्रभाव देशभरि नै परेको र आम युवाहरूको लागि समेत यस्ता कार्यक्रम अनिवार्य भएको हुँदा आगामी दिनमा देशभरि नै यसलाई सञ्चालन गर्नु पर्ने देखिन्छ। युवाहरूलाई सकारात्मक कार्यमा लाग्न अभिप्रेरित गर्न, कर्तव्यशील, इमान्दार, अनुशासित र कर्मशील युवा बन्न उत्प्रेरित गर्न, उत्प्रेरणा र सशक्तीकरणका माध्यमबाट युवा शक्तिलाई समाज विकासमा परिचालन गर्न, समृद्ध राष्ट्र निर्माणका लागि युवा शक्तिको सहभागिता अभिप्रेरित गर्न, युवाहरूको क्षमता अभिवृद्धि गरी उनीहरूको नेतृत्व विकास गर्न यो कार्यक्रम एक उचित विकल्पको रूपमा प्रस्तुत भएको छ।

"हाम्रो गाउँ, हाम्रो शहर
हरियाली, सफा स्वच्छ बनाउने
हामी सबैको रहर ।"

मो.शफिक बेहना (अध्यक्ष)

नेपालगन्ज उपमहानगरपालिका
४ नम्बर वडा कार्यालय

शुभकामना

विजया दशमी तथा शुभ दीपावली
२०७६ को पावन अवसरमा सम्पूर्ण
देशवासीहरुमा
**हार्दिक मंगलमय शुभकामना ।**

सिँचाइ गरौं,
उत्पादन बढाऔ ।

सिक्टा सिँचाइ आयोजना
नेपालगन्ज, बाँके

शुभकामना

विजया दशमी तथा
शुभ दीपावली २०७६ को पावन अवसर
मा सम्पूर्ण देशवासीहरुमा

हार्दिक मंगलमय शुभकामना ।

स्यालो ट्युववेल जडान गरौं,
कृषि उत्पादन बढाऔं ।

भूमिगत जल सिँचाइ विकास डिभिजन
नेपालगन्ज, बाँके

## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

**वल्लन कबडिया**
**अध्यक्ष**

**नेपालगन्ज उपमहानगरपालिका**
**१५ नम्बर वडा कार्यालय**



## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

**हनिफ जोलाह**
**अध्यक्ष**

**नेपालगन्ज उपमहानगरपालिका**
**१६ नम्बर वडा कार्यालय**



**प्याकिंग भएका खाद्यपदार्थको बाहिरी आवरणमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको विवरण स्पष्ट रूपमा उल्लेख गरिएको लेबल अनिवार्य लगाएर मात्र बिक्री वितरण गर्नुहुन सम्पूर्ण उत्पादक वर्गमा अनुरोध छ ।**

**लेबलमा अनिवार्य उल्लेख गनुपर्ने विवरणहरू :**

१) खाद्य पदार्थको नाम
२) सम्मिश्रण
३) ब्याज नम्बर
४) खाद्य पदार्थको तौल/ परिमाण
५) उत्पादन मिति
६) अधिकतम खुद्रा मूल्य
७) उपभोग्य मिति
८) खाद्य अनुज्ञापत्र नं.
९) उत्पादकको पुरा नाम र ठेगाना

उपभोक्ताहरुले प्याकिंग भएको खाद्य पदार्थ खरिद गर्दा लेबल राम्रोसँग हेर्ने बानी बसालौं ।

नेपाल सरकार
**कृषि तथा पशुपंक्षी विकास मन्त्रालय**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

# खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय

**नेपालगंज, बाँके**

फोन : ०८१-५२१५३७, ०८१-५२५६७५, ईमेल : rftqconepalgunj@gmail.com

# मर्चवारमा खटिँदाको अनुभव



**विजया खत्री**

कार्यक्रम संयोजक, बास

रूपन्देही जिल्लाको मर्चवारको बारेमा धेरै सुनेको थिएँ। तर आफू भैरहवावासी भएता पनि जाने अवसर मिलेको थिएन। रूपन्देहीको अत्यन्त बिकट मानिने उक्त ठाउँमा बासले युएनडिपीको सहयोगमा दिगो विकास तथा सामाजिक सद्भावका लागि नागरिक साझेदारी परियोजना सुरु गरेपछि उक्त ठाउँमा जाने अवसर मिल्यो। त्यसपछि काम गर्ने क्रममा हामी उक्त ठाउँमा गयौं। पहिलोपटक भैरहवाबाट १५ कि.मि.दूरीको यात्रा पार गरिसकेपछि कोटहिमाई गाउँपालिकाको कार्यालय पुग्यौं। भैरहवाबाट जाने बाटो अत्यन्तै धुलाम्मे र खराब थियो।

सुरुका दिनहरूमा धेरैले त्यस्तो विकट ठाउँमा दैनिक आवतजावत गरी कार्यक्रम कसरी चलाउँछौ भन्दै प्रश्न गर्थे। म आफैं पनि शारीरिक रूपले अलि कमजोर, धुलो, धुवा र घामबाट असर गर्ने हुनाले मेरो लागि ठूलो चुनौती थियो भने अर्कोतर्फ बास रूपन्देहीले सानातिना कार्यक्रमहरू संचालन गरिरहेको भएपनि यति ठूलो कार्यक्रम भने पहिलोपटक गर्ने अवसर मिलेको थियो। काम गर्दा कस्तो हुने हो भन्ने चिन्ताले निकै पिरोली रहन्थ्यो।

धेरै कुराहरू सिकेर गर्नुपर्ने थियो। परियोजनाको अनुभव खासै नभएकाले मेरो लागि काम गर्दाको अनुभव निकै कष्ठपूर्ण थियो। भैरहवावासीहरूले यो कार्यक्रम २ महिना भन्दा बढी चलाउन सक्दैनौं भनेर मलाई व्यङ्ग्य गर्दथ्ये। मर्चवारका नागरिकहरू अस्वस्थ, अशिक्षत छन् कुरै बुझ्दैनन् कसरी काम गर्छौं भन्थे। त्यस्तो ठाउँमा तिमी महिला मान्छेले काम गर्ने हिम्मत नगर भनेर हतोत्साहित हुने खालको व्यवहार गर्थ्ये। तर पनि मेरो काम गर्ने इच्छा शक्ति र परियोजनाप्रतिको लगाबले अन्नतः २ महिनापनि टिक्दैन भनेको परियोजना आज यो अनुभव लेखिरहँदासम्म आइपुगेको छु।

काम गर्दै जाँदा भैरहवावासीले मर्चवारवासीलाई लगाएका आरोपहरू अर्थहीन लाग्दै गए। जब उनीहरूले हामीसँग खुला हृदयले सहकार्य गर्न थाले कति सोझा र इमान्दार रहेछन् मर्चवारवासीहरू बल्ल थाहा भयो। उनीहरूसँग काम गर्दै जाँदाको अनुभवले हामीलाई यही आभास गरायो। बाहिरबाट मर्चवार र मर्चबारवासीको बारेमा नकारात्मक सन्देश फैलाइएता पनि काम गर्ने क्रममा स्थानीयसँग सहकार्य गर्दा ती आरोपहरू सबै गलत साबित भएको महसुस भएको छ।

परियोजना सँगसँगै मेरो काम गर्ने क्षमतामा निकै सुधार भएको महसुस गरेकी छु। सामाजिक सद्भावका लागि कामगर्दा ममा निकै आत्मविश्वास बढेको छ। काम गर्ने क्रममा मलाई सहयोग गर्ने युएनडिपीका शतिष पाण्डे, बास केन्द्रीय कार्यालयका नमस्कार शाह, हेमराज भट्ट, शम्भु शाही, रविन्द्र बोहोरा, बास रूपन्देहीका वीरेन्द्र गुप्ता, सर्वेश लोहार, शरला शर्मा, र कमला गिरीप्रति हार्दिक आभार प्रकट गर्दछु।

**स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश**

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

उज्जवल सिंह राठौर
अध्यक्ष

**नेपालगन्ज उपमहानगरपालिका ११ नम्बर वडा कार्यालय**

W E L C O M E

हवाईजहाज तथा हेलिकोप्टर चार्टर, कैलाश टुर प्याकेज, गाडी, होटेल रिजर्भेसनसहित आन्तरिक तथा बाह्य उडानको टिकट चाहिएमा सम्पर्क गर्न हार्दिक अनुरोध छ ।






**Pro. Binju Basnet**

# Welcome Nepalgunj Tours & Travels

Ranjha Airport, Nepalgunj-20, Banke
081-565328, 9858046866, 9848036866
Email : welcomenpj.travel@gamil.com

## महानुभावलाई सूचना

भारतबाट खरिद गरी ल्याउनु भएका व्यक्तिगत तथा घरायसी लगायतका सबै प्रकारका मालबस्तुहरुमा भन्सार लाग्ने भएकोले भन्सार बिन्दूमा आफूले ल्याएको सम्पूर्ण मालबस्तुहरूको घोषणा गरी लाग्ने महसुल दाखिला गरी सभ्य नागरिकको परिचय दिउँ ।

लुकाइ/छिपाइ ल्याएका भन्सार महसुल नतिरेको मालबस्तु सवारी साधन जफत हुनका साथै जरिवानासमेत हुने हुदाँ त्यस्तो अपराधको सूचना दिई पुरस्कुत हुने अवसर प्राप्त गरौं ।

# नेपालगञ्ज भन्सार कार्यालय

नेपालगञ्ज, बाँके

## दुई बालबालिका चिन्ह भएको प्याकेटमा राखिएको आयोडिनयुक्त नुननैं प्रयोग गरौं किनकी यसले

- ☞ गलगाड (कण्ठरो) नियन्त्रण गर्छ । ☞मानसिक र बौद्धिक क्षमता विकास गर्छ ।
- ☞ लाटो, लठेब्रोपन नियन्त्रण गर्छ । ☞पुनरूत्पादन क्षमताको वृद्धि गर्छ ।
- ☞ बाल मृत्युदर घटाउन सहयोग गर्छ ।

**साल्ट ट्रेडिङ्ग कर्पोरेशन लि.**
शाखा कार्यालय, नेपालगन्ज, बाँके






**हाम्रा सेवाहरू**

- फेलेक्स ब्यानर
- फेलेक्स बोर्ड
- लाईट बोर्ड
- होडिङ्ग बोर्ड
- रेडियम बोर्ड
- भिनायल प्रिन्ट
- वाल पेन्टिङ्ग

Digital Board Center
Nepalgunj
Contact No.
081-550935
9858032639, 9802532639

## स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जारी सन्देश

सफा, शुद्ध एवम् स्वस्थ पानी पिऔं, स्वस्थ जीवन जिऔं ।

विभिन्न सरुवा रोगहरुबाट बचौं, सधैं चर्पीको प्रयोग गरौं ।

पानी शुद्धीकरण गरेर पिउने गरौं, सरुवा रोगबाट बचौं ।

खुला स्थानमा दिसा-पिसाब नगरौं, सधैं चर्पीमा मात्र दिसा-पिसाब गर्ने गरौं ।

जुमन खाँ
अध्यक्ष

**नेपालगन्ज उपमहानगरपालिका**
**७ नम्बर वडा कार्यालय**

# सरल स्वभावका जनप्रतिनिधि देविलाल



देविलाल शर्मा खजुरा गाउँपालिका वडा नम्बर २ सीतापुरका वडाध्यक्ष हुन् । २०१८ साल माघ ९ गते बुबा पदमलाल र आमा पवित्राको कोखबाट सुर्खेतको गुमी लेकबेशीमा जन्मेका शर्मा ११ वर्षको हुँदादेखि सीतापुमा बसाइँसराइ गरेर आएका हुन् । कक्षा २ देखि कक्षा ७ सम्म शुक्र मा.वि. सीतापुर मा अध्ययन गरेका शर्माले कक्षा ८ देखि एसएलसीसम्मको अध्ययन जनता मा.वि. खजुरामा गरेका हुन् ।

२०४० सालमा एसएलसी गरेका शर्मा विद्यार्थीकालदेखिनै अनेरास्ववियुमा आबद्ध रहेका थिए । १२ वर्षको हुँदा बुबा र २४ वर्षको हुँदा आमा गुमाएका शर्माले घरको कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा हासिल गर्न सकेनन् । एसएलसीसम्मकै अध्ययन गर्नका लागि पनि उनले काम गर्दै पढ्नु पर्ने अवस्था थियो । २०४० सालपछि कम्युनिष्ट पार्टीको राजनीतिमा सक्रिय रहेका शर्माले पूरै समय २०४५ सालदेखि पार्टीको काममा लगाए । २०५१ सालमा नेकपा एमालेको सदस्यता पाएका उनले ३ अवधि पार्टीको गाउँ कमिटीको नेतृत्व सम्हाले । १० वर्ष सीतापुरको अध्यक्ष भएर काम गरेका शर्माले स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको बेला बनेको दलीय संयन्त्रमा पार्टीको तर्फबाट प्रतिनिधि भएर काम गरे । ४ जना गाविस सचिव परिवर्तन भए, अरू पार्टीको प्रतिनिधि फेरिए तर उनी फेरिएनन् । आदर्श कृषक सहकारी संस्थाको १० वर्ष अध्यक्ष भएर काम गरेका उनले २०६७ सालमा सरकारबाट पशु पालनमा उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरेका थिए । कर्णालीका जिल्लाबाहेक धेरै जिल्लामा घुमेका शर्मालाई पार्टीबाट स्थानीयतहको निर्वाचनमा टिकट पाउनका लागि धेरै पापड बेल्नु परेन । '४, ५ जना साथीहरूको इच्छा भएपनि पार्टीबाट मैले सजिलै टिकट पाएँ,' शर्माले भने,'पार्टीले मेरो मूल्याङ्कन गऱ्यो ।' वडामा बसेर पार्टी चलाएका कारण पार्टीले टिकट दिएको उनको भनाइ रहेको छ ।

सरल, मिलनसार स्वभावका जनप्रतिनिधिको रूपमा पहिचान बनाएका शर्माले वडाध्यक्षमा निर्वाचित भइसकेपछि सडक, बिजुली, शिक्षा र कृषिलाई प्राथमिकता

**२०४० सालमा एसएलसी गरेका शर्मा विद्यार्थीकालदेखिनै अनेरास्ववियुमा आबद्ध रहेका थिए । १२ वर्षको हुँदा बुबा र २४ वर्षको हुँदा आमा गुमाएका शर्माले घरको कमजोर आर्थिक अवस्थाका कारण उच्च शिक्षा हासिल गर्न सकेनन् ।**

दिएर काम गरेको बताउँछन् । उनका अनुसार, प्राथमिकता बमोजिम सडक निर्माणका काम तीव्र रूपमा अघि बढेका छन् । बिजुली सबै टोलमा पुऱ्याउनका लागि ६ वटा ट्रान्सफर्मर जडान गरिसकिएको छ, २ फेसलाई ४ फेस बनाइएको छ, खम्बा नभएका ठाउँमा खम्बा गाडिएको छ । बिजुली नपुगेको सी गाउँनजिकै रहेको टोलमा बिजुली पुऱ्याउन लागिरहेको शर्माले बताए ।

गुणस्तरीय शिक्षाका लागि अनुगमन गरिरहेको वडाले कृषिमा लगानी बढाउने योजना बनाएको छ । उनी अध्यक्ष भएपछि उनकै योजनामा पञ्चायतकालदेखि प्रजातन्त्रसम्मका २१ जना जनप्रतिनिधिहरूलाई विशेष कार्यक्रम आयोजना गरी सम्मान गरियो । जसलाई गाउँलेहरूले सकारात्मक कामको रूपमा लिएका छन् । सम्मानित जनप्रनिधिहरूले कार्यक्रममै खुसी भएर हर्षका आँसु खसाएको क्षण आफ्ना लागि अविश्मरणीय भएको शर्माको भनाइ रहेको छ ।

वडालाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नका लागि मान खोला नजिक माछा तलाउ, वनभोज स्थलको निर्माण कार्य भइरहेको उनको भनाइ छ । बाबास्थानमा चिल्ड्रेन पार्क निर्माण र लाली गुराँस माछापोखरीका लागि गाउँपालिकाले १०/१० लाख रकम विनियोजन गरेको जानकारी शर्माले दिए । प्रायःकार्यालयमा भेटिने वडाध्यक्ष शर्मा निर्वाचित भएर आइसकेपछि कार्यालय व्यवस्थित गर्नुका साथै वडाको विकास निर्माणलगायतका विषयमा सबै पार्टीको नेता, कार्यकर्ताहरूलाई बोलाएर छलफल गर्ने गरेको, लक्षित वर्ग उत्थानका कार्यहरू भइरहेको बताउँछन् । पहिलो वर्ष २० जना र यस वर्ष २० जना गरी ४० जना ज्येष्ठ नागरिकहरूलाई सम्मान गरिएको शर्माको बताए । वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडाको रूपमा घोषणा गर्न आवश्यक प्रकृया अघि बढाएको जानकारी शर्माले दिए । सबैलाई समेटेर शर्मा अघि बढ्न सकून्, विकास र परिवर्तनका कार्यमा अब्बल बनून् हाम्रो शुभकामना ।

**चाडपर्वमा भड्किलो खर्च गर्ने छरछिमेकीलाई खर्च गर्ने पैसा कहाँबाट आयो भनेर सोध्ने गरौं ।**






**आउनुहोस् सामाजिक सद्भावका लागि सँगै मिलेर काम गरौं ।**


# शुभकामना

विजया दशमी तथा शुभ दीपावली २०७६ को पावन अवसरमा ईट्टा व्यवसायी, ग्राहकवर्ग तथा सम्पूर्ण देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जैनुल खाँ**

**अध्यक्ष तथा**

**ईट्टा व्यवसायी संघ**

**नेपालगन्ज, बाँके**

# बिल बिजक लिने दिने सम्बन्धी सूचना

- प्रत्येक करदाताले खरिद बिक्री कारोबार गर्दा अनिवार्य रूपमा बिल बिजक लिनेदिने गर्नुपर्दछ।
- मू.अ.कर ऐन २०५२ को दफा १४(१) बमोजिम प्रत्येक दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपूर्ति गर्दा अनुसूची ५ र ५क. बमोजिमको प्रापकलाई बिजक दिने गर्नु पर्छ।
- कर बिजक कर संकलनको आधारभूत माध्यम हो र यो ३ प्रति बनाउनु पर्ने,
- पहिलो प्रति खरिदकर्तालाई, दोस्रो प्रति कर प्रशासनलाई मागेको बखत उपलब्ध गराउने र तेस्रो प्रतिबाट बिक्री खातामा प्रविष्टि गर्ने,
- बिजकमा बस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भए सो समेत खुलाउनु पर्ने,
- बिजकको पहिलो प्रतिमा मात्र शीर्षस्थानमा कर बिजक छाप्नु पर्ने यो बिजकको प्रतिबाट करकट्टी दाबी गर्ने भएकोले अरू प्रतिमा कर बिजक छाप्नु नहुने,
- यदि एउटै बिजकबाट कर लाग्ने र कर छुटको आपूर्ति गरेको भए कर लाग्ने र कर नलाग्ने वस्तु वा सेवा अलग्गै खुलाउनु पर्ने,
- संक्षिप्त कर बिजकमा करको अंश उल्लेख गर्नु हुँदैन र यो बिजकबाट खरिदकर्ताले करकट्टी दाबी गर्न मिल्दैन,
- संक्षिप्त कर बिजकको नक्कल प्रति तयार गरी राख्नु पर्ने, टिल रोलको प्रतिलिपि राखी कारोबार गरिएकोमा प्रत्येक दिन सोको जोड गरी राख्नु पर्ने, प्रत्येक कारोबारको कर समेतको मूल्यको अभिलेख राख्ने,
- दशलाख रूपैयाँ भन्दा बढी वार्षिक कारोबार गर्ने व्यक्तिले दर्ता नभएको भएपनि आफ्नो नाम, ठेगाना तथा स्थायी लेखा नम्बर उल्लेख गरी सिलसिलेबार नम्बर सहितको बिजक जारी गर्नु पर्ने,
- प्रत्यक बिलको सिरियल नम्बर १ बाट शुरु गर्नुपर्दछ र क्रमैसँग राख्नुपर्दछ। प्रत्येक वर्षको सुरुमा नयाँ सिरियल नम्बर कायम गर्नुपर्दछ। अर्थात एक आर्थिक वर्ष समाप्त भई अर्को आ.व. सुरु हुँदा पुरानो सि.नं. जति पुगेको भएपनि बिजकको सिरियल नम्बर १ बाट सुरु गर्नुपर्दछ।

**कम्प्युटर बिजकको हकमा**

- तपाईंले प्रयोग गर्न चाहेको सफ्टवेयरको विस्तृत विवरणसहित कार्यालयमा निवेदन दिनुपर्दछ। कार्यालयबाट स्वीकृति प्राप्त गरेर मात्र कम्प्युटरबाट बिजक जारी गर्न पाइन्छ। सफ्टवेयरमा ऐनले तोकेको ढाँचामा कर बिजक जारी गर्ने व्यवस्था हुनु पर्दछ। एकपटक जारी भइसकेको बिजक मेट्न नमिल्ने हुनु पर्दछ। संशोधन गर्नु पर्ने भएमा डेबिट नोट वा क्रेडिट नोटका माध्यमले मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ
- सफ्टवेयरमा ऐनले तोकेको ढाँचामा कर बिजक जारी गर्ने व्यवस्था हुनु पर्दछ। एकपटक जारी भइसकेको बिजक मेट्न नमिल्ने हुनु पर्दछ। संशोधन गर्नु पर्ने भएमा डेबिट नोट वा क्रेडिट नोटका माध्यमले मात्र संशोधन गर्ने व्यवस्था हुनु पर्दछ
- ३५ करोड भन्दा बढी कारोबार हुने करदाताले २०७५ चैत्र मसान्तभित्र अनिवार्य रूपमा आफूले गर्ने कारोबारमा विद्युतीय माध्यमबाट बिजक जारी गर्नु पर्ने।

## आन्तरिक राजस्व कार्यालय

**नेपालगञ्ज, बाँके**

**बैजनाथ गाउँपालिका लगायत ८ वटै वडा कार्यालयमा सेवा लिन जाने सेवाग्राहीहरुलाई छिटो, छरितो सेवाका लागि गाउँपालिका र वडामा स्थापना गरिएको हेल्प डेस्कमा सम्पर्क राख्न हार्दिक अनुरोध छ ।**

**व्यक्तिगत घटना दर्ता गरी जिम्मेवार नागरिक बनौ**
**कर तिरी सभ्य नागरिकको परिचय दिऔं।**

**सँगै मिलेर स्वस्थ, सफा सरसफाइयुक्त गाउँपालिका निर्माण गरौं।**

**बैजनाथ गाउँपालिका बाँके**

# धवलमा देवशमशेरका बिम्ब



**कलेन्द्र सेजुवाल**

अमेरिकामा पढेर नेपालको पहिलो 'कृषि इन्जिनियर' बनेपछि कैलाशशमशेर राणाको सपना थियो- तराईको उर्वरभूमिमा कृषिक्रान्ति गर्ने। यसको लागि दुई छोरा सुमेरशमशेर र धवलशमशेर पनि कृषि मेलोमै लागून् भन्ने उनी चाहन्थे।

तर, कैलाशले सोचेजस्तो भएन। जेठो सुमेर बुबाको बाटोमा हिँडे पनि धवलले जिन्दगीको नयाँ बाटो तय गरे। उनले राजनीतिमार्फत विकासमा कायापलट गर्ने योजना बनाए। औपचारिक रूपमा २०४९ सालमा राप्रपाको युवा संगठनमार्फत् राजनीतिक यात्रामा हिँडेका उनी साढे तीन दसकपछि फेरि महत्वपूर्ण पदमा पुगेका छन्। २०५४ मा तत्कालीन नेपालगन्ज नगरपालिकाको मेयर बनेका उनी पछिल्लो पटक  नेपालगन्ज उपमहानगरपालिकाको मेयर निर्वाचित भए।

धवल विकासप्रेमी राणा प्रधानमन्त्री देवशमशेरका पनाति हुन्। देवशमशेरका छोरा मसुरीशमशेर नेपालगन्ज आएपछि पश्चिम तराईमा राणा खानदानको बीउ रोपियो। मसुरीशमशेरमाथि आफ्नो पालामा महाकाली मिल खोलेर औद्योगिक क्रान्ति गरेको श्रेय जान्छ। मसुरीशमशेरका छोरा कैलाशशमशेरले पनि कृषिलाई प्राथमिकता दिए। १०४ वर्षसम्म नेपालमा शासन गरेको राणा खलकका अहिले औंलामा गन्न सकिने थोरै सन्तान राजनीतिमा सक्रिय छन्। तीमध्येका एक हुन्- धवलशमशेर।

पहिलोपटक २०५४ सालमा नेपालगन्जको मेयर बन्दा धवल ३२ वर्षका थिए। उनले नेपालगन्जमा विकास झल्किनेगरी केही उल्लेखनीय काम गरे। नेपालगन्जका तालतलैया संरक्षण, सडक विकास, महेन्द्र पार्क (मिनी जू) निर्माणजस्ता थुप्रै काम गरे। आफूले मेयरबापत पाउने भत्ता दीन-दुःखीलाई वितरण गरे। भत्ताको रकमबाटै भेरी अस्पतालमा प्रतीक्षालय निर्माण गरे।

अहिले पनि उनले नेपालगन्जमा मुस्लिम विश्वविद्यालयको महत्वाकांक्षी सपना देखेका छन् । यस्तै कारणले उनी जिजु हजुरबुबा देवशमशेरको झैं 'विकासप्रेमी' नेताको छवि बनाउन सफल भए । त्यही छबिकै कारण धवल २० वर्षपछि पनि मेयरको कुर्सीमा बस्न सफल भएका हुन् ।

## परिवारमा 'राजा'

नेपालगन्ज सहरका 'सदाबहार मेयर' धवल परिवारभित्र 'राजा' भनेर सम्बोधन गरिन्छन् । पत्नी प्रतिमाका अनुसार धवल राजनीतिक चरित्रले भरिपूर्ण व्यक्ति हुन् । बिहे गरेको दुई वर्षमै उनी सक्रिय राजनीतिमा होमिए । जुन काममा हात हाल्यो, त्यसमा सफल हुनैपर्ने स्वभावका कारण उनी राजनीतिमा पनि सफल भएको प्रतिमा बताउँछिन् । राजनीतिमा हात हालेको दुई वर्षमै (२०५१ सालमा) उनी संसदीय निर्वाचन लडे । सुरुमा असफलता हात लागे पनि २०५४ को स्थानीय निकाय निर्वाचनमा भने नेपालगन्जको मेयर बन्न सफल भए । 'उहाँले राजनीतिमा लाग्दा जहाँ जुन जिम्मेवारी पाउनुभयो, त्यसलाई सफलतापूर्वक निर्वाह गर्नुभयो,' पत्नी प्रतिमाले भनिन्, 'सायद त्यहीँ भएर हुनुपर्छ, यसपटक पनि 'राजा'लाई सफलता मिलेको छ ।'

प्रतिमाको विचारमा धवलको सफलता सबैभन्दा बढी उनको आफ्नै राजनीतिक स्वभाव महत्त्वपूर्ण छ, त्यसमाथि परिवारले अनुकूल वातावरण निर्माण गरिदिँदा यात्रा सुगम भयो । 'चुनावको बेलामात्र होइन, हरेक राजनीतिक गतिविधिमा परिवारले उहाँलाई 'फिजिकल्ली र मेन्टल्ली' सहयोग गरिरह्यो,' उनले भनिन्, 'त्यसैको परिणाम आज आएर फेरि देखिएको छ ।'

## राजनीतिक स्वभाव

राणाको राजनीतिक यात्रामा महत्त्वपूर्ण सहयोगी रहेका राप्रपाका



धर्मपत्नी प्रतिमा राणाका साथमा धवल शमशेर राणा ।

**धवल विकासप्रेमी राणा प्रधानमन्त्री देवशमशेरका पनाति हुन् । देवशमशेरका छोरा मसुरीशमशेर नेपालगन्ज आएपछि पश्चिम तराईमा राणा खानदानको बीउ रोपियो । मसुरीशमशेर माथि आफ्नो पालामा महाकाली मिल खोलेर औद्योगिक क्रान्ति गरेको श्रेय जान्छ ।**

जिल्ला नेता ऋषिराज देवकोटा राणाको व्यक्तिगत व्यवहार र पारिवारिक वातावरण प्रेरणादायी रहेको बताउँछन् । उनी राणा खानदानको भए पनि व्यवहारमा भने त्यो झल्किँदैन । 'उहाँको बेडरुममा पार्टीको जोसुकै कार्यकर्ता पनि सजिलै जानसक्छ, राणा खलकको कुनै संकेतसम्म देखिँदैन,' उनी भन्छन्, 'सरल, मिजासिलो र नम्र स्वभावले जोकसैलाई सजिलै आकर्षित गर्नसक्छ ।'

प्रतिस्पर्धी दलका नेता-कार्यकर्ता पनि उनको राजनीतिक प्रतिभाको मुक्तकण्ठले प्रशंसा गर्छन् । नेकपा एमालेका नेता दत्तप्रसाद आचार्य धवललाई राजनीतिक

**सबैले भन्छन्- नेपालगन्जमा धवलशमशेर एक राजनीतिक ब्राण्ड हुन्, चुनाव लड्न उनको लागि आफ्नो नामै काफी छ। स्थानीय पनि धवलबाट दुई दसकअघिको भन्दा अझ परस्कृत 'धवल'को अपेक्षा गरिरहेका छन्। यसको लागि उनले विकासमात्र हैन, चुनावमा विभाजित स्थानीयलाई एउटै तराजुमा राखेर 'नगरपिता'को अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेछ।**

रूपमा सफल व्यक्तित्व ठान्छन्। 'उहाँले अहिलेसम्म गरेका राम्रा काम हेरेरै यसपटक नेपालगन्जवासीले फेरि मौका दिएका छन्,' उनले भने, 'यो उहाँको लागि अवसर र चुनौती दुवै हो।'

### लोकप्रिय 'धवल ब्राण्ड'

स्वतन्त्र उम्मेदवारको रूपमा २०५१ को संसदीय निर्वाचन लड्दा धवलशमशेर राणाको चुनावचिन्ह थियो-तराजु। उनी चिन्हको विशेषताझैं चुनाव जितेर जनतालाई न्याय र समानताको अनुभूति दिलाउन चाहन्थे। तर, परिणाम उनको पक्षमा आइदिएन।

त्यो अवसर पाउन उनले तीन वर्ष कुर्नुपर्‍यो। २०५४ को स्थानीय निकाय निर्वाचनमा उनी नेकपा एमालेको तर्फबाट नेपालगन्जको मेयर निर्वाचित भए। राजनीतिक खेल मैदानमा उनको यो पहिलो 'इनिङ' थियो, जुन अवधिमा उनले लोकप्रिय काम गरेर जनताको मन जिते। चुनावमा विभाजित मतदातालाई एउटै तराजुमा राखेर सेवा प्रवाह गरे। विकासको सन्दर्भमा आफूलाई एउटा राजनीतिक 'ब्राण्ड'को रूपमा स्थापित गरे।

२० वर्षपछि नेपालगन्ज उपमहानगरमा धवलको पुनः प्रवेश भयो। नेपालगन्जका जनताले दल हैन, लोकप्रिय ब्राण्ड रोजे। उनी आवद्ध दल राप्रपा उपमहानगरका २३ मध्ये तीन वडा सीमित हुँदा धवलले भने सानदार जित निकाले।

### भरोसाको मत

धवलले पाँच वर्ष अवधि (२०५४-२०५९) मा नेपालगन्जको अनुहार बदल्ने प्रयासमात्र गरेनन्, स्थानीय निकाय सञ्चालन विषयमा विद्यावारिधिसमेत गरे। यसले उनको राजनीतिक यात्रालाई अझ मजबुत बनायो। जनतामा भरोसा भर्ने काम गर्‍यो। 'स्थानीय चुनावमा अरू उम्मेदवारभन्दा धवलले जित्यो भने नेपालगन्जको विकासमा केही गर्छ भन्ने विश्वास देखियो,' नेपालगन्ज-१८ कारकाँदोका विजय अर्यालले भने, 'उहाँले पनि मतदातामा यो विश्वास भर्न सक्नुभयो।'

करिब एक लाख ५० हजार मानिस बसोबास गर्ने नेपालगन्ज उपमहानगरमा ६२ हजार चार सय मतदाता छन्। चुनावमा दलभन्दा व्यक्ति हेर्ने नेपालगन्जीयाको पुरानै विशेषता हो। यहाँका झण्डै ३० देखि ४० प्रतिशत मतदाता कुनै दलप्रति आवद्ध नभई मौन बस्ने गरेका अनुमान गरिन्छ। हरेक निर्वाचनमा यिनै मतदाताले उम्मेदवारको दल हैन, अनुहार हेर्ने गर्छन्। गएको निर्वाचनमा पनि मौन मतदाता धवलतिर ढल्किए। कतिपय पार्टीकै प्रतिवद्ध सदस्यले पनि अनुहारलाई प्राथमिकता दिए। 'पहिले त मौन मतदातामात्र यताउति ढल्किन्थे भने स्थानीय चुनावमा भने पार्टीकै बफादार साथीहरूले समेत 'रुखभन्दा मुख' हेरेको देखियो,' कांग्रेसका एक जिल्ला नेताले भने, 'नेपालगन्जको राजनीतिक संस्कारै गलत भइदियो, यसले चुनावमार्फत् केही हदसम्म राम्रा नेता छाने पनि दललाई भने दीर्घकालसम्म नोक्सान गर्ने निश्चित छ।'

राप्रपाले हिन्दू राज्यको नारा लगाइरहँदा स्थानीय चुनावमा उनको लागि मुस्लिम भोट प्रतिकूल हुने ठानिएको थियो। धवलले भने सोही समुदायबाट अपेक्षाभन्दा बढी भोट ल्याए। दुईवटा वडामा त राप्रपाका मुस्लिम उम्मेदवारले चुनाव जिते। उनी आफैले पनि धर्म-सम्प्रदायभन्दा माथि उठेर चुनावी अभियान चलाए। 'उहाँले आफ्नो पहिलो कार्यकालमा पनि कसैलाई काखा-पाखा गुर्नभएन, सबै समुदायको मन जित्नुभयो,' देवकोटा भन्छन्, 'अहिले जसले जे भने पनि उहाँप्रतिको पुरानै जनविश्वासले चुनावमा काम गर्‍यो।'

### अब तराजुको भूमिका

सबैले भन्छन्- नेपालगन्जमा धवलशमशेर एक राजनीतिक ब्राण्ड हुन्, चुनाव लड्न उनको लागि आफ्नो नामै काफी छ। दुई दसकअघि स्थापित यो ब्राण्डलाई यसपटकको निर्वाचनले लोकप्रिय भएको प्रमाणित गरेको छ। यसले स्वयम् धवललाई पनि उत्साही बनाएको छ। 'ब्राण्ड ! यो त अरूले भन्ने कुरा हो,' उनले भने, 'मचाहिँ अझ कसरी राम्रो गर्ने भन्नेमा छु।'

स्थानीयवासी पनि धवलबाट दुई दसकअघिको भन्दा अझ परस्कृत 'धवल'को अपेक्षा गरिरहेका छन्। यसको लागि उनले विकासमात्र हैन, चुनावमा विभाजित स्थानीयलाई एउटै तराजुमा राखेर 'नगरपिता'को अभिभावकीय भूमिका निर्वाह गर्नुपर्नेछ।